माननीय मन्त्रीस्तरबाट मिति २०७९/१०/०५ मा स्वीकृत

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आ.व. २०७९/८० मा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, नेपाल सरकार, विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) बमोजिम नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

## परीच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलव्ध गराइने कृषि सामग्री र उपकरण सम्झनुपर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायीहरुलाई सम्झनु पर्छ ।

(ग) "कृषि" शब्दले बाली, बागवानी, व्यवसायिक कीट आदिका उप-क्षेत्रसंग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ ।

(घ) "कृषि सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, विउ, बेर्ना, बिरुवा, विषादी, जैवीक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनुपर्छ ।

(ङ) "सार्वजनिक पूर्वाधार" भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिंचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्वन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

(च) "सामुदायिक पूर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिंचाई पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वधार, कृषि बजार पूर्वाधार लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्वन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

(छ) **"सशर्त कार्यक्रम"** भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश वा स्थानीय तहमा वा दुवैमा गएका कृषि सम्वन्धी कार्यक्रमहरुलाई सम्झनुपर्छ ।

(ज) **"निजी पूर्वाधार"** भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने साना सिंचाई, नर्सरी स्थापना, संरक्षित संरचना जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्वन्धी विभिन्ननिजी प्रयोजनका पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

(झ) **"निर्देशक समिति"** भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि दफा ६ बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) **"समन्वय तथा अनुगमन समिति"** भन्नाले अनुदान प्रवाहकार्यलाई अनुगमन र सञ्चालनन प्रक्रियामा सहजीकरण गर्नका लागि दफा ७ बमोजिमको समिति सम्झनु पर्छ ।

(ट) **"बैङ्क"** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तिमा "घ" बर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ठ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ ।

(ड) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ढ) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ण) **"लक्षित वर्ग"** भन्नाले कृषक, कृषि उद्यमी/उद्योगी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिका सदस्यलाई सम्झनु पर्छ ।

(त) **"सम्बन्धित कार्यालय"** भन्नाले प्रदेश मन्त्रालयको जिल्ला स्थित कृषि हेर्ने कार्यालय र स्थानीय तहलाई सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्देश्यहरु देहाय बमोजिम हुनेछन;

(क) सशर्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरुपता कायम गर्ने ।

(ख) सशर्त कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने ।

(ग) सशर्त कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवं प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने ।

सचिव

## परीच्छेद २

### व्यवस्थापकीय पक्ष

४. **अनुदान उपलब्ध गराउन सक्ने:** प्रदेश मन्त्रालय तथा स्थानीय तहले स्वीकृत सशर्त कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद-३ मा उल्लेखित कार्यक्रमहरुको उद्देश्य, प्रमुख क्रियाकलापहरु र न्यूनतमशर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसार प्रासार सेवा, क्षमता अभिवृद्धि, सीमान्त कृषक सम्वन्धी कार्यक्रम तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ ।

५. **अनुदान रकमको सीमा र प्रतिशतः** प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय र स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालनन गरिने कृषि विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निकायबाट सञ्चालनन गरिने कृषि पूर्वाधार निर्माण (सार्वजनिक कृषि पूर्वाधार) को हकमा अधिकतम १००% हुनेछ।

(ख) कृषक समूह बा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा कृषि उधमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरु (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम ८५% हुनेछ।

(ग) निजी एवं व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरु (निजी कृषि पूर्वाधार) को हकमा अधिकतम ५०% हुनेछ

(घ) प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालनन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ ।

(ङ) दफाको (क), (ख), (ग) मा उल्लेख भएको अनुदानको सिमा भित्र रही सोमा अधिकतम लागत व्यहोर्ने गरी पेश भएका प्रस्तावलाई प्राथमिकता दिनुपर्नेछ ।

६. **निर्देशक समितिः** (१) प्रदेश मन्त्रालय र स्थानीय तह मार्फत सशर्त कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाईसहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :

| | |
|---|---|
| (क)सचिव, मन्त्रालय | संयोजक |
| (ख)सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (ग) सह-सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| (घ) सह-सचिव, योजना तथा बैदेशिक सहायता महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) महानिर्देशक, कृषि विभाग | सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा तीन जना सम्मविषय विज्ञ वा सरोकारवाला निकायका प्रमुख वा प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) सशर्त कार्यक्रमको सम्वन्धमा प्रदेश मन्त्रालय र स्थानीय तहसँग समन्वय गर्ने,

(ग) सशर्त कार्यक्रम कार्यान्वयनको समीक्षा तथा मूल्याङ्कन गर्ने,

(घ) कार्यविधिमा आवश्यक संसोधनका लागि मन्त्रालय समक्ष सिफारिश गर्ने,

(ङ) सशर्त कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरुको सम्वोधन तथा समाधानमा सहजीकरण गर्ने,

(च) यस कार्यविधि अनुसार गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने तथा गराउने ।

(४) निर्देशक समितिको बैठक एक आर्थिक वर्षमा समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा कम्तिमा ३ पटक बस्नेछ ।

(५) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **समन्वय तथा अनुगमन समिति:** (१) प्रदेशले सशर्त कार्यक्रम कार्यान्वियन प्रक्रियामा सहजीकरण, समन्वय र अनुगमनका लागि प्रदेशस्तरमा समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ । तर प्रदेश तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्नेछ ।

(२) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि प्रदेश भित्र रहेका संघीय निकाय, अन्तर्गतका निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहका सशर्त कार्यक्रमको अनुगमनएवं समीक्षा गर्ने,

(ग) कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने,

(घ) यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरु गर्ने तथा गराउने ।

८. **माग सङ्कलन:** (१) यस कार्यविधि बमोजिमका सशर्त कार्यक्रममा सहभागी हुन लक्षित बर्गबाट माग सङ्कलन गर्न सम्वन्धित प्रदेश तथा स्थानीय तहले नियमानुसार समयमै अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) कार्यविधिको परिच्छेद-३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभुत/प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक निवेदकले अनुसूची-२ बमोजिम आवेदन पेश गर्नुपर्नेछ ।

९. **लाभग्राही छनौट:** (१) सशर्त कार्यक्रमहरु अन्तर्गत अनुदान प्रदान गरिने कृयाकलापहरुको लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट कार्यको लागि प्रदेशको जिल्ला स्थित कृषि हेर्ने कार्यालय र स्थानीय तहले एक समिति गठन गर्नेछ । तर प्रदेश र स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्नेछ । तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित कृयाकलापहरु सम्वन्धित कार्यालयले यस कार्यविधिको अधिनमा रहि आवश्यक विधि निर्धारण ग रीसञ्चालन गर्न सक्नेछन् ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) समितिले आवश्यकता अनुरुप विषयसँग सम्बन्धित पदाधिकारी, विज्ञ, संघ एवं प्रदेश सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) दफा ९(१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) यस कार्यविधि बमोजिम मुल्याङ्कन तथा छनौटको आधारहरु तयार गर्ने,

(ख) प्राप्त निवेदनहरुको मुल्याङ्कन र स्थलगत अनुगमन गरी अनुदानग्राही छनौट गर्ने,

(ग) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने,

(घ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने,

(ङ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने,

(च) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने,

(छ) कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण गर्ने ।

(४) स्थानीय तहको हकमा समितिको सचिवालयको कार्य कृषि हेर्ने शाखाले गर्नेछ ।

(५) यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिश, अनुगमन तथा भुक्तानी सिफारिश लगायतको कार्य गरी समितिको काममा सहयोग गर्न समितिले कार्य समूह बनाउन सक्नेछ ।

१०. अनुदान प्रवाहः (१) सशर्त कार्यक्रम अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा अनुदानग्राहिलाई प्रदान गरिनेसेवा सुविधा सम्वन्धी व्यवस्था दफा ५ अनुसार प्रदेश तथा स्थानीय तहले निर्णय गरे बमोजिम हुनेछ ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित कार्यालयले अनुदाग्राहीसँग सम्झौता गर्नेछ ।

(३) अनुसूची-३ अनुसार हुने सम्झौता बमोजिम सम्वन्धित कार्यालयले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

(४) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५)अनुदानलाई कृषक मैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्ति कर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबैभन्दा कम दर रेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ । अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्तामध्ये आफूले चाहेको ब्राण्डको आपूर्ति कर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्ने छ । यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने सम्बन्धित कार्यालयले निर्धारण गरेको भन्दा बढी हुने छैन ।



सचिव

११. **अनुदानको भुक्तानी:** (१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ ।

१२. **कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन:** (१) **विवरण प्रकाशन गर्नुपर्ने:** कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर, छनौट भएको विषय, अनुदानग्राहीसँग भएको सम्झौताको विवरण सम्वन्धित कार्यालयले नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ ।

**(२) प्रगति प्रतिवेदन पठाउनु पर्ने:** (क) सम्वन्धित कार्यालयले त्रैमासिक एवं वार्षिक प्रगति विवरण अनुसूची-५ बमोजिमको ढाँचामा कृषि विभागमा पठाउनु पर्नेछ । यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ ।

(ख) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने तथा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन नगर्ने प्रदेश/स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट प्रस्ताव गरिने छैन ।

**(३) अनुगमन र मूल्याङ्कन:** कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ । यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद ३

## प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरित कार्यक्रमहरु र सञ्चालननका प्राविधिक पक्ष

यस परिच्छेदमा आर्थिक बर्ष २०७९/८० मा स्वीकृत भएका कार्यक्रमहरुको कार्यक्रमगत परिचय, उद्देश्य, कार्यक्रम अन्तगर्त सञ्चालन गर्न सकिने प्रमुख क्रियाकलाप, पालना गर्नुपर्ने न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषयजस्ता प्राविधिक पक्षहरुको बारेमा उल्लेख गरिएको छ ।

### १३. कार्यक्रमको नामः प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम (प्रदेशमा हस्तान्तरित)

**(१) परिचयः** प्राङ्गारिक खेती प्रवर्द्धन गरी स्वच्छ उत्पादन पद्धतिलाई प्रोत्साहन गर्न कृषि विभागबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेशमा सञ्चालन हुने प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुनेछ ।

**(२) उद्देश्यः**

१. रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गरी सुरक्षित एवं स्वस्थकर कृषि उपजको उत्पादन तथा बजारीकरण प्रवर्द्धन गर्दै प्राङ्गारिक खेतितर्फ उन्मुख गराउने ।
२. प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तारका लागि कृषकहरुलाई स्थान विशेष प्रविधिको अवलम्बनमा सहजीकरण गर्दै विषादी रहित कृषि उत्पादन वृद्धि गर्ने ।



सचिव

नेपाल सरकार
... तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. निर्यातमूखी कृषि उपजहरुको प्राङ्गारिक उत्पादन एवं प्रमाणीकरणका लागि सहयोग गरी निर्यात प्रवर्द्धनमा सहयोग गर्ने ।

**(३) लक्षित समूहः**

(क) प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

(ख) शहर आसपास(Peri-Urban Area) तथा संभाव्य अन्य क्षेत्रका व्यवसायिक उत्पादन क्षेत्र, सिंचाइ तथा सडकको सहज पहुँच भएका एवं सघन खेति प्रणाली भएका क्षेत्रमा प्राङ्गारिक खेति गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

(ग) रासायनिक पदार्थ अनुपस्थित क्षेत्रका स्थानीय एवं रैथाने जातका बालीहरु उत्पादन गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार सम्बन्धी सचेतना अभिवृद्धि (Awareness raising programs on Organic Agriculture, Training on production and management technologies related to organic farming system. Demonstration, etc.)

(ख) प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार कार्यमा सहयोगी क्रियाकलापहरु (भकारो सुधार, भर्मिकम्पोष्ट मल, कम्पोष्ट मल, हरियो मल, जैविक मल,वनस्पतिक विषादी, शुक्ष्म जैविक मल उत्पादन आदि)

(ग) प्राङ्गारिक मोडेल कृषि फार्म स्थापना

(घ) रैथाने बाली उत्पादन प्रबर्द्धन गर्ने सहयोगी क्रियाकलापहरु

(ङ) प्राङ्गारिक कृषि उत्पादन विविधिकरण,मूल्य अभिवृद्धि तथा बजारीकरण गर्ने कार्यमा सहयोग

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) रासायनिक मल तथा विषादीको प्रयोग नगरी उत्पादन गरिएका कृषि वस्तुको उत्पादन बढ्न गइ कृषकहरु प्राङ्गारिक उत्पादन तर्फ उन्मुख हुने ।

(ख) प्रमाणित प्राङ्गारिक कृषि वस्तुको उत्पादनमा वृद्धि हुने ।

(ग) प्राङ्गारिक कृषि उपज तथा रैथाने बालीहरुको महत्व सम्बन्धी सचेतना अभिवृद्धि हुने ।

**(६) अनुदान प्रतिशत रअधिकतम सीमाः** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषयः**

**(क) खुल्ला जमीनमा प्राङ्गारिक कृषि उत्पादन (Open field cultivation) कार्यक्रमः**

(अ) खुल्ला जमीनमा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा ५ रोपनी जमिन र सहकारी वा समूह मार्फत कम्तीमा ६० रोपनी जमिनमा खेति गर्नुपर्नेछ ।



सचिव

(आ) एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गरेमा त्यस्ता फर्म, समूह, सहकारीलाई प्राथमिकता दिनुपर्नेछ ।

**(ख) संरक्षित संरचनामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम:** यस अन्तरगत प्राङ्गारिक खेति गर्न बनाइएका पुराना संरचनाहरु सुधार तथा नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराईनेछ । प्राविधिक सेवा टेवा एवं समन्वयात्मक कार्यका लागि नेपाल सरकारले तोकेको न्यूनतम सेवा सुविधा सहित प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले प्राविधिक सहजकर्ता सेवा करारको व्यवस्था गर्न सक्नेछ ।

(अ) उत्पादन सामग्रीहरु जस्तै उपयुक्त जातका बीउ, जैविक विषादी तथा विषादी बनाउने सामग्रीहरुमा अनुदान ।

(आ) उत्पादन स्थल देखि बजारसम्म पुऱ्याउनका लागि ढुवानी अनुदान ।

(इ) कृषक पहिचान चिन्हका लागि अनुदान ।

(ई) प्राङ्गारिक उत्पादन सामग्रीहरु, प्याकेजीङ्ग, ढुवानी गर्ने सामग्रीहरु तथा लेवलिङ्गका लागि आवश्यक पर्ने सामग्रीहरुमा अनुदान ।

(उ) साना पूर्वाधारहरुको विकास (कोल्डरुम, ग्रीन हाउस, प्याकेजिङ्ग हाउस, सङ्कलन केन्द्र, साना सिंचाई निर्माण तथा मर्मत सम्भार)

**(ग) नमूना प्रदर्शन कार्यक्रम:** प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले प्रदर्शन (demonstration) को रुपमा यो कार्यक्रम कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीको साझेदारीमा देहाय बमोजिम सञ्चालन गर्नेछ: -

(अ) स्थानीय तह/क्षेत्र निर्धारण गर्दा ६० रोपनीको एक क्लष्टर हुने गरी निर्णय गर्नु पर्नेछ ।

(आ) एक स्थानीय तहमा ६० रोपनीको एक क्लष्टर नपुगेमा सिमाना जोडिएका दुई स्थानीय तहहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(इ) कार्यक्रममा साझेदारी गर्न ईच्छुक कृषक, कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीले प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयको सहयोगमा उत्पादक कृषकहरु र वजारीकरण गर्ने उद्यमीहरुसँग अग्रिम सम्झौता गरेको हुनुपर्नेछ ।

(ई) छनौट गरीने कृषक समूह वा सहकारीका सदस्यहरुले अनिवार्य रुपमा पशुपालन समेत गरेको हुनुपर्नेछ ।

(उ) उत्पादित वस्तु अन्तिम उपभोक्ता समक्ष पुगुञ्जेलसम्म उत्पादक कृषक एवम् स्थान पहिचान हुने व्यवस्थाका लागी अनूसूची ६ (क) मा तोकिए अनुसारको कृषक पहिचान चिन्ह राख्नुपर्नेछ ।

(ऊ) उत्पादकले अनुसूची ६ (ख) बमोजिमको अभिलेख दुरुस्त राख्नु पर्नेछ र सम्वन्धित प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ए) प्राङ्गारिक उत्पादन एवं बजारीकरणसँग सम्बन्धित आधुनिक, उन्नत एवं दिगो कृषिका प्रविधिहरुको विकास एवं प्रसार सम्वन्धी नमूना प्रदर्शन कार्यक्रम अन्तर्गत देहाय वमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछः-

- प्राविधिक सेवा टेवा एवं समन्वयात्मक कार्यका लागि नेपाल सरकारले तोकेको न्यूनतम सेवा सुविधा सहित प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले प्राविधिक सहजकर्ता सेवा करारको व्यवस्था गर्न सक्नेछ ।
- उत्पादन सामग्रीहरु जस्तै उपयुक्त जातका बीउ, जैविक विषादी तथा विषादी बनाउने सामग्रीहरुमा अनुदान ।
- उत्पादन स्थल देखि बजारसम्म पुऱ्याउनका लागि ढुवानी अनुदान ।
- कृषक पहिचान चिन्हका लागि अनुदान ।
- प्राङ्गारिक उत्पादन सामग्रीहरु, प्याकेजीङ्ग, ढुवानी गर्ने सामग्रीहरु तथा लेवलिङ्गका लागि आवश्यक पर्ने सामग्रीहरुमा अनुदान ।
- साना पूर्वाधारहरुको विकास (साना सिंचाइ, सङ्कलन केन्द्र, प्याकेजिङ्ग हाउस, ग्रिन हाउस, कोल्ड रुम) निर्माण तथा मर्मत सम्भार ।

अन्य न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसूची (६) को (क) देखि (छ) सम्ममा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

## फलफूल विकास कार्यक्रम

**१४. कार्यक्रमको नामः भुईँकटहरको बगैंचा विस्तार, जातीय संरक्षण तथा जातीय अध्ययन परिक्षण (प्रदेशमा हस्तान्तरित)**

**(१) परिचयः** ब्यावसायिक भुइँकटहर खेतीको प्रवर्द्धनका लागि कृषि विभाग/राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश सरकार अन्तरगतको फार्म केन्द्रहरुमा भुइँकटहरको बगैचा विस्तार, जातिय संरक्षण तथा जातिय अध्ययन परिक्षण कार्यक्रमको सञ्चालनन गरिने छ ।

**(२) उद्देश्यः**

(क) भुइँकटहरको जातिय शुद्दता सुनिश्चितता गरी व्यवसायिक भुइँकटहरको बगैंचा विस्तार गर्ने

(ख) भुइँकटहरको जातिय अध्ययन तथा परिक्षण गरि भुइँकटहरको उपयुक्त जातको पहिचान गर्ने ।

(ग) गुणस्तरिय जातिय शुद्दता कायम भएका विरुवाको उपलब्धतामा वृदि गर्ने ।

**(३) लक्षित वर्ग:** प्रदेश सरकार अन्तरगतको फार्म केन्द्रहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**

**(क) फार्म केन्द्रमा भुइँकटहरको बगैचा विस्तार कार्यक्रम**

(अ) जग्गाको सरसफाई, बगैचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने, मल मिसाउने तथा पुर्ने बिरुवा रोप्ने, टेका तथा छापो राख्ने ज्यामी ज्याला,

सचिव

(आ) फार्म केन्द्रमा भएको विरुवाको स्रोतबाट विभिन्न जातको भुइँकटहरको बगैचा विस्तार,

(इ) कृषि औजार/उपकरण,

(ई) सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन ।

(उ) बाली सँरक्षणको कार्यहरु

**(ख) जातिय संरक्षण तथा अध्ययन परिक्षण कार्यक्रम**

(अ) फार्म केन्द्रमा जातिय स्रोत नभएका भुइँकटहरको विभिन्न जातका बिरुवा खरिद तथा संकलन

(आ) नयाँ जातका भुइँकटहरको जातिय परिक्षणका लागि फार्म भित्र फिल्डस्तरमा परिक्षण सञ्चालनन

(इ) मलखाद तथा सुक्ष्म तत्व प्रयोग

(ई) बाली संरक्षण सम्बन्धित सामाग्रीहरु प्रयोग

(उ) जातिय परिक्षणको लागि आवश्यक पर्ने सम्बन्धित अन्य सामाग्रीहरु खरिद

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) फार्म भित्र भुइँकटहर बगैचाको क्षेत्र विस्तारले उत्पादनमा वृद्धि हुनेछ ।

(ख) भुइँकटहरको जातिय शुद्दता कायम भई गुणस्तरिय भुइँकटहरको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** लागत ईष्टिमेट बमोजिम शत प्रतिशत हुनेछ ।

**(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषयः**

(क) सम्बन्धित फार्म केन्द्रले कार्यक्रम सञ्चालनको लागि तोकिएको फलफूल बालीमा मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

(ख) व्यवसायिक खेतीमा प्रयोग हुने विरुवाको न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसूची (१०) को (क) देखि (च) सम्ममा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

## १५. कार्यक्रमको नामः फलफूल बिरुवाको लागि सेड हाउस निर्माण (प्रदेशमा हस्तान्तरित)

**(१) परिचयः** ब्यावसायिक फलफूल खेतीको प्रवर्द्धनका लागि कृषि विभाग/राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश सरकार अन्तरगतको फार्म केन्द्रहरुमा फलफूलको गुणस्तरीय बिरुवा उत्पादन गर्न यो कार्यक्रम सञ्चालनन गरिने छ ।

**(२) उद्देश्यः**

**(क)** फलफूलको गुणस्तरीय बिरुवा उत्पादनमा वृद्धि गर्ने ।

**(३) लक्षित वर्गः** प्रदेश सरकार अन्तरगतको फार्म केन्द्रहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) सुन्तलाजात फलफूल नर्सरीमा सेड हाउस निर्माण कार्य

(ख) सेड हाउस भित्र सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन कार्य

(ग) माउ बोट खरिद तथा संरक्षणको लागि आवश्यक सामग्री खरिद

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) सेड हाउस निर्माण भई फलफूलको गुणस्तरीय फलफूल बिरुवाको आपूर्तिमा बृद्धिहुनेछ ।

(ख) कृषकको माग अनुसारको गुणस्तरीय फलफूल बिरुवा आपूर्ति सहज हुनेछ ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा:** लागत ईष्टिमेट बमोजिम शतप्रतिशत हुनेछ ।

**(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय:**

क) सम्बन्धित फार्म केन्द्रले कार्यक्रम सञ्चालनको लागि तोकिएको फलफूल बालीमा मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

ख) व्यवसायिक खेतीमा प्रयोग हुने विरुवाको न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसूची (१०) को (क) देखि (च) सम्ममा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

**१६. कार्यक्रमको नाम :सुन्तलाजात फलफूल विरुवा उत्पादन लागि जाली घर निर्माण (प्रदेशमा हस्तान्तरित)**

**(१) परिचय:** व्यावसायिक फलफूल खेतीको प्रवर्द्धनका लागि कृषि विभाग/राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश सरकार अन्तरगतको फार्म केन्द्रहरुमा सुन्तलाजात फलफूलको गुणस्तरीय बिरुवा उत्पादन गर्न यो कार्यक्रमको सञ्चालनन गरिने छ ।

(२) उद्देश्य:

(ख) सुन्तलाजात फलफूलको गुणस्तरीय बिरुवा उत्पादनमा वृद्धि गर्ने ।

**(३) लक्षित वर्ग:** प्रदेश सरकार अन्तरगतको फार्म केन्द्रहरु ।

**(४) प्रमुख क्रियाकलापहरु:**

(१) सुन्तलाजात फलफूल नर्सरीमा जाली घर निर्माण कार्य

(२) जाली घरभित्र सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन कार्य

(३) माउ बोट खरिद तथा संरक्षणको लागि आवश्यक सामग्री खरिद ।

(५) अपेक्षित उपलब्धिहरु:

(क) जालीघर निर्माण भई सुन्तलाजात फलफूलको गुणस्तरीय फलफूल बिरुवाको आपूर्तिमा बृद्धि हुनेछ ।

**(ख)** कृषकको माग अनुसारको गुणस्तरीय सुन्तलाजात फलफूल बिरुवा आपूर्ति सहज हुनेछ ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा:** लागत ईष्टिमेट बमोजिम शतप्रतिशत हुनेछ ।

(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय:



सचिव

क) सम्बन्धित फार्म केन्द्रले कार्यक्रम सञ्चालनको लागि तोकिएको फलफूल बालीमा मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

ख) व्यवसायिक खेतीमा प्रयोग हुने विरुवाको न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसूची (१०) को (क) देखि (च) सम्ममा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

**१७. कार्यक्रमको नाम: : सुन्तलाजात फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम (प्रदेशमा हस्तान्तरित)**

**(१) परिचय:**

देशभित्र आधिकारिक निकायमा दर्ता भई उद्यमी/समूह/सहकारी/संस्थाबाट संचालित फलफूल निजी नर्सरीहरुलाई सुदृढीकरण गरी फलफूलको गुणस्तरीय बिरुवा उत्पादन गर्न प्रदेश अन्तर्गतको जिल्लास्थित कृषि हेर्ने कार्यालयहरुको रेखदेखमा नीजिस्तरका सुन्तलाजात फलफूल नर्सरीहरुको सुदृढीकरण गर्न यो कार्यक्रम सञ्चालनन हुनेछ ।

**(२) उद्देश्य:**

(क) हाल सञ्चालनमा रहेका सुन्तलाजात फलफूल नर्सरी सुदृढीकरण गरी गुणस्तरीय बिरुवा उत्पादनमा वृद्धि गर्ने ।

(ख) नर्सरी उद्यमीहरुलाई रोजगारी सिर्जना गरी जीवनस्तर उकास्न सहयोग गर्ने ।

**(३) लक्षित वर्ग:** सरकारी निकायमा दर्ता भएका निजी उद्यमी/समूह/सहकारी/संस्थाबाट संचालित सुन्तलाजात फलफूलका नर्सरी ।

**(४) प्रमुख क्रियाकलापहरु:**

(क) सुन्तलाजात फलफूल नर्सरीमा स्क्रिन हाउस निर्माण कार्य,

(ख) स्क्रिन हाउसभित्र सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन कार्य,

(ग) माउ बोट खरिद तथा संरक्षणको लागि आवश्यक सामग्री खरिद ।

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) पुरानो सुन्तलाजात फलफूल नर्सरी सुदृढीकरण भई गुणस्तरीय फलफूल बिरुवाको आपूर्तिमा बृद्धि हुनेछ ।

(ख) कृषकको माग अनुसारको गुणस्तरिय सुन्तलाजात फलफूल बिरुवा आपूर्ति सहज हुनेछ ।

(ग) स्वरोजगार तथा थप रोजगारीको अवस्था सिर्जना हुनेछ ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा:** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम शर्त/ मापदण्ड /प्रासङ्गिक बिषय:**

(क) सुन्तलाजात फलफूलमा ग्रिनिङ तथा ट्रिस्टेजा भाईरस रोगका कारण बगैचाहरु सखाप भईरहेको र यसको रोकथामको प्रमुख उपाय नै रोगमुक्त बिरुवा रोप्नु पर्ने भएको हुँदा सुन्तलाजात फलफूल खेती भईरहेका

स्थानमा नर्सरी छनौट गर्दा हाल सञ्चालनमा रहेका दर्ता भएका सुन्तलाजात फलफूलका नर्सरीको छनोट गरी जालीघरको निर्माण गर्नु पर्नेछ ।

(ख) छनौट गरिएको सुन्तलाजात फलफूल नर्सरी समुद्री सतहबाट १००० मीटर भन्दा माथि स्थापना भएको हुनु पर्नेछ । कागतीको नर्सरीको हकमा तराई तथा चुरे क्षेत्रमा स्थापना भएका नर्सरीहरु पनि छनौट गर्न सकिनेछ ।तर उक्त नर्सरीहरुमा उत्पादन भएका बिरुवाहरु सोही भौगोलिक क्षेत्रमा मात्रै बिक्री वितरण गर्नु पर्नेछ ।

(ग) सुन्तलाजात फलफूल नर्सरी छनौट गर्दा कम्तिमा १ वटा जालीघर निर्माण गरी जालीघरमा बिरुवा उत्पादन गरिरहेका नर्सरी धनीलाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) छनौट भएका नर्सरीहरुको आवश्यकता अनुसार १–२ वटा जालीघर निर्माण गर्न सकिनेछ ।

(ङ) आफ्नै स्वामित्वको जग्गामा नभई करारमा लिई नर्सरी सञ्चालनन गरेको भएमा कम्तिमा पनि १० बर्षको लागि करार सम्झौता गरेको हुनु पर्नेछ ।

(च) अनुदान प्राप्त नर्सरीले बार्षिक रुपमा सुन्तलाजात फलफूलका कम्तिमा १०००० गुणस्तरीय बिरुवा उत्पादन गर्नु पर्नेछ ।

(छ) नर्सरी व्यवस्थापन तथा फलफूल बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको ब्यक्ति र कृषि विषय अध्ययन गरी नर्सरी सञ्चालनन गरिरहेका नर्सरी धनीलाई प्राथमिकता दिनु पर्नेछ ।

(ज) नर्सरी भएको स्थानमा कुशल श्रमिकहरु सजिलै उपलब्ध हुन सकिने वा तालिम दिएर सीप सिकाउन सकिने जनशक्तिको उपलब्धता र सडकसँग पहुँच भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ ।

अन्य न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय अनुसूची(८),(९),(१०)र (११)मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

**१८. कार्यक्रमको नाम: फलफूल दशक बिरुवा रोपण कार्यक्रम (स्थानीय तहमा हस्तान्तरित)**

**(१) परिचयः** फलफूल दशक कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी फलफूल खेतीको क्षेत्रविस्तार गर्नका लागि कृषि विभाग/ राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत सार्वजनिक जग्गा, सडक आसपास जग्गा, सामुदायिक बन तथा निजी जग्गा आदीमा स्थानीय तहहरु मार्फत फलफूल दशक बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्यः**

(क) सार्वजनिक खाली जग्गाहरुमा फलफूलका बिरुवा रोपण गरी पर्यावरणीय सुधार तथा भू-उपयोगिता बढाई उत्पादनशील बनाउने,

(ख) निजी जग्गामा फलफूल खेतीको विस्तारलाई प्रवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

**(३) लक्षित समुहः** कृषक,कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) सार्वजनिक खाली जग्गामा फलफूल बिरुवा रोपण कार्यक्रम



सचिव

(अ) रोड कोरिडोरहरु, नदी किनार,

(आ) स्कुल कलेजका खाली जग्गाहरु, बन जंगल नभएका सार्वजनिक बाँझो जग्गाहरु/सामुदायिक वन ।

(ख) निजी जग्गामा फलफूल विरुवा रोपण सम्वन्धी कार्यक्रम

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) सार्वजनिक खाली जग्गाहरुमा फलफूलका विरुवा रोपण गरी उत्पादनशील हुने ।

(ख) निजी जग्गामा फलफूल खेतीको क्षेत्र विस्तार हुने ।

(ग) स्थानीय स्तरमा रोजगारी सिर्जना हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा:** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय:**

**(क) सार्वजनिक खाली जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम:**

(अ) सार्वजनिक जग्गाको उपयुक्त खाली क्षेत्रमा फलफूल खेती विस्तारको लागि सम्वन्धित स्थानीय तहले फलफूल विरुवा रोपण गर्न सकिने सम्भाव्य सार्वजनिक जग्गाहरुको पहिचान गरी अभिलेखीकरण गर्नेछ । पहिचान गरिएका उक्त क्षेत्रहरुमा फलफुल खेती गर्न ३ देखि ५ बर्षे योजना बनाई लागु गर्नुपर्नेछ ।

(आ)यसरी वर्गीकरण गरिएका सार्वजनिक जग्गाहरुमा स्थानीय वस्तुस्थीति तथा सम्भावनाका आधारमा तपसिलको तालिकामा उल्लेख भएका फलफूल बालीहरु लगाउन सकिनेछ ।

| क स | जमिनको किसिम | लगाउन सकिने फलफूल बालीहरु |
|---|---|---|
| १ | रोड कोरिडोर | अम्बा,सुपारी, नरिवल,अमला, जामुन, बयर, बेल,रुखकटहर, नास्पति,लप्सी,काफल, कागती, तिदु, कटुस, स्थानीय हलुवाबेद, ओखर,स्थानीय जातका केरा |
| २ | स्कूल, कलेज मन्दिर, नदी किनार लगायतसार्वजनिक अन्य क्षेत्रहरु | आप, केरा, मेवा, लिची,अम्बा, अनार, भुईकटहर, रुखकटहर, कागती, बयर सुन्तलाजात फलफूल, नास्पति, हलुवाबेद,आरु, आरुबखडा, किवी, लप्सी, अंगुर, कफी,कटुस, जापनिज हलुवाबेद स्याउ, ओखर, कागजी बदाम, आरु, आरुबखडा, खुर्पानी, अंगुर, हलुवाबेद |

**(ख) निजी जग्गामा फलफूल बिरुवा रोपण कार्यक्रम:**

(अ) निजी जग्गामा ब्यावसायिक फलफूल खेती विस्तारको लागि पहाडमा २ रोपनी र तराईमा ३ कट्ठा क्षेत्रफलमा बगैचा स्थापना गर्ने कृषकहरुलाई बिरुवा खरिद लगायत बगैचा रेखाङ्कन, खाडल खन्ने, बिरुवा रोप्ने ज्याला, टेका दिने, कृषि औजार/उपकरण, सिचाई लगायतका कार्यहरुमा अनुदान उपलब्ध गराउने ।

(आ) पहाडमा २ रोपनी र तराईमा ३ कट्ठा कम क्षेत्रफलमा बिरुवा लगाउने कृषकलाई बिरुवाको मूल्यमा मात्र अनुदान उपलब्ध गराउने । यस्ता कृषकहरुको माग एकमुष्ट संकलन गरि सम्वन्धित कार्यालय स्वयमले खरिद गरि उपलब्ध गराउन सक्नेछ ।



सचिव

(ङ) ५ रोपनीभन्दा बढी जग्गामा बिरुवा रोपेको अवस्थामा अर्को आर्थिक वर्षदेखि थप ३ वर्षसम्मका लागि वार्षिक रुपमा प्रति बोट रु.१०० का दरले बगैचा व्यवस्थापन खर्च सम्बन्धित बगैचा धनीलाई सम्बन्धित स्थानीय तहबाट बजेट व्यवस्था गरी उपलब्ध गराउन सक्नेछ ।

रोपणमा प्रयोग हुने लागि विरुवाको सम्बन्धि अन्य शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसूची (१०) को (क) देखि (च) मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

**१९. कार्यक्रमको नामः ब्यावसायिक फलफूल (स्याउ/ओखर/कागती/सुन्तला/ आँप/केरा/नास्पती) खेती प्रवर्द्धन (फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम/ व्यावसायिक फलफूल बगैंचा प्रवर्द्धन कार्यक्रम समेत) खेती विस्तार कार्यक्रम (स्थानीय तहमा हस्तान्तरित)**

(१) परिचयः

ब्यावसायिक फलफूल खेतीको प्रवर्द्धनका लागिराष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहहरुबाट स्याउ/ओखर/कागती/सुन्तला/ आँप/केरा/नास्पती) खेती प्रवर्द्धन (फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम/ व्यावसायिक फलफूल बगैचा प्रवर्द्धन कार्यक्रम समेत) जस्ता फलफूलहरुको ब्यावसायिक खेती प्रवर्द्धन कार्यक्रमको सञ्चालनन गरिने छ ।

(२) उद्देश्यः

(क) ब्यवसायिक फलफूल खेती गरी फलफूलको उत्पादन तथा उत्पादकत्व बढाउने ।

(ख) ब्यवसायिक फलफूल खेती विस्तार गरी फलफूलको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने ।

(ग) स्थानीय स्तरमा रोजगारी सिर्जना हुने ।

(३) **लक्षित वर्गः** कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु सहभागी हुन सक्नेछन् ।

(४) **प्रमुख क्रियाकलापहरुः**

(१) नयाँ बगैचा/क्षेत्रफल विस्तार कार्यक्रम

(क) जग्गाको सरसफाई, बगैचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने, मल मिसाउने तथा पुर्ने बिरुवा रोप्ने, टेका तथा छापो राख्ने ज्यामी ज्याला ।

(ख) फलफूल बिरुवा खरिद ।

(ग) कृषि औजार/उपकरण (स्प्रेयर सिकेचर करौती)

(घ) सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन (सिचाई पाईप पोखरी निर्माण (प्लाष्टिक पोखरी समेत)

(२) पुरानो बगैचा व्यवस्थापन कार्यक्रम

(क) काँटछाँट

(ख) रोग किरा नियन्त्रण



सचिव

(ग) सुक्ष्म तत्व प्रयोग

(घ) बोर्डो मिश्रण तथा बोर्डो पेष्ट प्रयोग

(ङ) कृषि औजार/उपकरण (स्प्रेयर सिकेचर करौती)

(च) सिंचाई पूर्वाधार निमार्ण र व्यवस्थापन (सिंचाई पाईप प्लाष्टिक पोखरी निर्माण)

(३) सम्बन्धित फलफूल विशेषका नर्सरी सुदृढीकरण कार्यक्रम

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) ब्यवसायिक फलफूल (स्याउ/ओखर/कागती/सुन्तला/आँप/केरा/नास्पती आदि) खेतीको क्षेत्र विस्तारले उत्पादनमा वृद्धि हुनेछ ।

(ख) स्याउ/ओखर/कागती/सुन्तला/आँप/केरा/नास्पती आदिका पुराना बगैंचा सुदृढिकरण भई उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ ।

(ग) फलफूलको उत्पादन तथा उत्पादकत्वमा सुधार भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोगपुग्नेछ ।

(घ) स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा:** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम शर्त/ मापदण्ड /प्रासङ्गिक बिषय:**

(क) ब्यावसायिक फलफूल खेती विस्तारको लागि पहाडमा कम्तिमा २ रोपनी र तराईमा कम्तिमा ३ कट्ठा क्षेत्रफलमा बगैचा स्थापना गर्ने कृषकहरुलाई मात्र बिरुवा खरिद लगायत बगैचा रेखाङ्कन, खाडल खन्ने, बिरुवा रोप्ने तथा टेका दिने ज्यामी ज्याला, कृषि औजार/उपकरण तथा सिचाई व्यवस्थापनमा अनुदान उपलब्ध गराउने ।

(ख) सम्बन्धित स्थानीय तहमा कार्यक्रम सञ्चालनको लागि तोकिएको फलफूल बालीमा मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

(ग) ५ रोपनीभन्दा बढी जग्गामा बिरुवा रोप्ने कृषकहरुको लागि अर्को आर्थिक वर्षदेखि थप ३ वर्षसम्म वार्षिक रुपमा प्रति बोट रु.१०० का दरले बगैचा ब्यवस्थापन खर्च सम्बन्धित बगैचा धनीलाई सम्बन्धित स्थानीय तहबाट बजेट ब्यवस्था गरी उपलब्ध गराउन सक्नेछ ।

(घ) विनियोजित बजेटको कम्तीमा ७० प्रतिशत रकम सम्बन्धित बालीको नयाँ फलफूल बगैचा स्थापना कार्यका लागि खर्च गर्नु पर्नेछ । बाकि बजेट पुरानो फलफूल बगैचा व्यवस्थापन र नर्सरी सुदृढीकरण कार्यमा खर्च गर्न सकिनेछ ।

(ङ) पुरानो फलफूल बगैचा ब्यवस्थापन कार्यक्रम सञ्चालनको लागि एक क्लष्टरमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनु पर्नेछ भने एक क्लष्टरमा कृषक संख्या एकभन्दा बढी हुन सक्नेछ ।

(च) सम्बन्धित स्थानीय तहको नियमानुसार कुल बजेटबाट कन्टिन्जेन्सी छुट्याई कार्यक्रम ब्यवस्थापन तथा अनुगमन कार्यका लागि खर्च गर्न सकिनेछ ।



सचिव

अन्य न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसूची (१०) को (क) देखि (च) सम्ममा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

## व्यवसायिक किट विकास कार्यक्रम

**२०. कार्यक्रमको नाम: निजीस्तरमा च्याउ बीउ उत्पादन केन्द्र स्थापना (प्रदेश र स्थानीय तहमा हस्तान्तरित)**

**(१) परिचयः** गुणस्तरीय च्याउ बीउ (Spawn) को उपलब्धता वृद्दि गरी च्याउ खेतीको प्रवर्द्वन गर्नका लागि प्रदेश अन्तर्गतको जिल्लास्थित कृषि कार्यालयहरु तथा स्थानीय तहहरुको रेखदेखमा नीजिस्तरमा **च्याउ बीउ उत्पादन केन्द्र स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।**

**(२) उद्देश्यः**

(क) गुणस्तरीय च्याउ बीउ (Spawn) उपलब्धता गराउन श्रोतकेन्द्रको स्थापना गर्ने ।

(ख) च्याउ बीउ उत्पादन तथा वितरणमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गराउने ।

**(३) लक्षित लाभग्राहीः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालननमा आएका च्याउको पकेट/ब्लक लगायत इच्छुक कृषक समूह, कृषि सहकारी, र कम्पनी/फर्महरुले यस कार्यक्रममा सहभागिता जनाइ अनुदान प्राप्त गर्न सक्नेछन् ।आवेदकहरुमध्ये प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालननमा आइसकेको च्याउको ब्लक वा सो नभए पकेटबाट प्राप्त आवेदकलाई नदोहोरिने गरी यस कार्यक्रममा प्राथमिकता दिनुपर्नेछ ।लाभग्राही छनौट सम्बन्धी अन्य आधार एवम् प्रकृया दफा ९ बमोजिम हुनेछ ।

**(४) प्रमुख कृयाकलापहरुः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु सञ्चालनन गर्न सकिनेछ ।

(क) च्याउ बीउ (Spawn) उत्पादन गर्नको लागि आवश्यक प्रयोगशाला भवन/पूर्वाधार निर्माण गर्ने ।

(ख) च्याउ बीउ (Spawn) उत्पादनमा आवश्यक पर्ने मेशीनरी तथा औजार उपकरणहरु खरिद गर्ने ।

(ग) च्याउ बीउ उत्पादनमा आवश्यक पर्ने रसायन तथा ग्लासवेयरहरु खरिद गर्ने ।

**(५) अपेक्षित उपलब्धिहरुः**

क) कृषकहरुलाई स्थानीयस्तरमै गुणस्तरीय च्याउ बीउ (Spawn) उपलब्ध हुने ।

ख) च्याउको बीउको आयात प्रतिस्थापन हुने ।

(ग) च्याउको व्यावसायिक उत्पादन र उत्पादकत्वमा वृद्धि हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूतम मापदण्ड /प्रासङ्गिक बिषयः**

यस कार्यक्रम सञ्चालननको लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पुरा गरेको हुनुपर्दछ ।

**(क) प्रयोगशाला भवनको क्षमता तथा उपलब्धताः**

यस कार्यक्रमको लागि प्रतिदिन कम्तीमा २०० किलो च्याउ बीउ (Spawn) उत्पादन गर्न सक्ने

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

क्षमताको प्रयोगशाला भवन उपलब्ध हुनुपर्नेछ। पूर्ववत्‌रुपमा लाभग्राही समक्ष प्रयोगशालाको लागि आफ्नो स्वामित्वको भवन निरन्तर उपलब्ध हुने भएमा वा प्रयोगशालाको रुपमा प्रयोग गर्नेगरी न्यूनतमा ५ बर्षको लागि अन्य स्वामित्वकर्तासंग घरभाडा लिएको खण्डमा नयाँ निर्माण गर्न अनिवार्य छैन । तर आफ्नो स्वामित्वको जमीनमा बाहेक लाभग्राहीले यस कार्यक्रमबाट अनुदान प्राप्त गरी अन्य व्यक्तिको स्वामित्व रहेको जमीनामा नयाँ प्रयोगाशला भवन निर्माण गर्नुपर्ने अवस्थामा स्वामित्ववालासंग जमिनको कित्ता नं. खुल्ने गरी कम्तीमा पनि १० बर्षको करार सम्झौता गरेको हुनुपर्नेछ । प्रयोगशालाको न्यूनतम मापदण्ड अनुसूची-१४ मा उल्लेख गरिएको छ ।

**(ख) प्रयोगशालाको लागि आवश्यक मेशीनरी, औजार, रसायन तथा ग्लासवेयरः**

प्रयोगशाला भवनमा कम्तीमा पनि अनुसूची-१४ मा उल्लेख गरे बमोजिमको न्यूनतम स्पेशिफिकेशन तथा परिमाणको मेशीनरी, औजार, रसायन तथा ग्लासवेयर उपलब्ध हुनुपर्दछ । पूर्ववत्‌रुपमा लाभग्राही समक्ष यस कार्यक्रम अन्तर्गत स्थापना गरिने प्रयोगशालाको निरन्तर प्रयोजनको लागि अनुसूची-१४ मा उल्लेख गरे बमोजिमको न्यूनतम स्पेशिफिकेशन तथा परिमाणको मेशीनरी, औजार, रसायन तथा ग्लासवेयरहरु मध्ये कुनै मेशीनरी, औजार, रसायन तथा ग्लासवेयरहरुको आंशिक परिमाणमा उपलब्ध भैसकेको अवस्थामा नपुग परिमाणको मेशीनरी, औजार, रसायन तथा ग्लासवेयरहरु खरिदको लागि मात्र समेत यस कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराउन सकिनेछ ।

(ग) प्रयोगशालामा बीउ उत्पादन गरिने च्याउको pure culture र Mother culture नियमित रुपमा संरक्षण गर्न सक्ने क्षमता विकास गरी सो कार्यलाई निरन्तरता दिनुपर्नेछ ।

(घ) प्रयोगशालाको लागि च्याउ बीउ उत्पादन सम्बन्धी तालिम प्राप्त वा अध्ययन गरेको प्राविधिक जनशक्ति व्यवस्था भएको हुनुपर्नेछ ।

(ङ) च्याउ बीउ उत्पादनको लागि अनुदान प्राप्त गरेपश्चात आवेदकले बीउ उत्पादन कार्यलाई निरन्तरता दिनुपर्नेछ ।यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरी खरिद गरेका पूर्वाधार, मेशीनरी तथा औजारहरु एवं सामग्रीहरु अन्य कसैलाई बेचबिखन गर्न पाइनेछैन। आवेदकले यस कुराको लिखित प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

**२१.कार्यक्रमको नामः निजीस्तरमा मौरी श्रोत केन्द्र स्थापना (प्रदेश र स्थानीय तहमा हस्तान्तरित)**

**(१) परिचयः** आधुनिक मौरीपालनका लागि आवश्यक पर्ने मौरी घार, आधार चाका, गुणस्तरीय गोला तथा रानु मौरीको उपलब्धता गराई मौरीपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायिकरण प्रवर्द्धन गर्नप्रदेश अर्न्तगतको जिल्लास्थित कृषि कार्यालयहरु तथा स्थानीय तहहरुकोको रेखदेखमा नीजिस्तरका **मौरी श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गरिने छ ।**

**(२) उद्देश्यः**

(क) आधुनिक मौरी घार, आधार चाका जस्ता उत्पादन सामग्रीहरुको उपलब्धता गराउन श्रोतकेन्द्रको स्थापना गर्ने ।

(ख) मौरीपालक व्यवसायीहरुलाई गुणस्तरीय मौरी गोला उपलब्ध गराउने ।

(ग) मौरीपालक व्यवसायीहरुलाई गुणस्तरीय रानु मौरीको उपलब्ध गराउने ।



सचिव

(३) **लक्षित लाभग्राही:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालननमा आएका च्याउको पकेट/ब्लक/जोन लगायत इच्छुक कृषक समूह, कृषि सहकारी, र कम्पनी/फर्महरुले यस कार्यक्रममा सहभागिता जनाइ अनुदान प्राप्त गर्न सक्नेछन् । आवेदकहरु मध्ये प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालननमा आइसकेको मौरीको जोन वा सो नभए ब्लक वा सो नभए पकेटबाट प्राप्त आवेदकलाई नदोहोरिने गरी यस कार्यक्रममा प्राथमिकता दिनुपर्नेछ । लाभग्राही छनौट सम्बन्धी प्रकृया दफा ९ बमोजिम हुनेछ ।

(४) **प्रमुख कृयाकलापहरुः**

यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु सञ्चालनन गर्न सकिनेछ ।

(क) आधुनिक घार निर्माणको लागि कारखाना टहरा/भवन/पूर्वाधार निर्माण गर्ने ।

(ख) उत्पादित मौरी घारको भण्डारण निर्माण गर्ने ।

(ग) मौरी घार, आधार चाका आदि उत्पादन सामग्रीहरु तथा रानु मौरी उत्पादनमा आवश्यक पर्ने मेशीनरी तथा औजार उपकरणहरु खरिद गर्ने ।

(५) **अपेक्षित उपलब्धिहरुः**

क) आधुनिक मौरी घार तथा अन्य उत्पादन सामग्रीहरुको उपलब्धता हुने ।

(ख) गुणस्तरीय मौरी गोलाको उत्पादन हुने ।

(ग) गुणस्तरीय रानु मौरीको उत्पादन हुने ।

(घ) मह तथा मौरी गोलाको उत्पादकत्व वृद्धि हुने ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमा:** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

(७) न्यूतम मापदण्ड /प्रासङ्गिक बिषयः

यस कार्यक्रम अन्तरगत निम्न बमोजिम दुई किसिमका श्रोतकेन्द्रहरु स्थापना गरिने छ । आवेदकले दुवै किसिमको वा कुनै एक किसिमको श्रोतकेन्द्र मात्र स्थापना गर्न आवेदन गर्न सक्ने छन् ।

अ) **उन्नत मौरी घार श्रोतकेन्द्रः** यस किसिमको श्रोतकेन्द्रको लागि निम्न अनुसारको न्यूनतम मापदण्ड पुरा गर्न पर्नेछ ।

१) उन्नत मौरी घार श्रोतकेन्द्र स्थापना गर्नको लागि अनुसूची १५ को क्र.स.१ देखि २ सम्मका कृयाकलापहरु सम्पन्न गर्नुपर्नेछ ।

२) यस कार्यक्रमको लागि अनुसूची-१५ मा तोकिए बमोजिम भवन/घर/टहरा उपलब्ध हुनुपर्नेछ । पूर्ववत्‌रुपमा लाभग्राही समक्ष मौरी घार श्रोतकेन्द्रको लागि आफ्नो स्वामित्वको भवन निरन्तर उपलब्ध हुने भएमा वा श्रोत केन्द्रको रुपमा प्रयोग गर्नेगरी न्यूनतम ५ बर्षको लागि अन्य स्वामित्वकर्तासँग घरभाडा लिएको खण्डमा नयाँ निर्माण गर्न अनिवार्य छैन । तर आफ्नो स्वामित्वको जमीनमा बाहेक लाभग्राहीले यस कार्यक्रमबाट अनुदान प्राप्त गरी अन्य व्यक्तिको स्वामित्व रहेको जमीनामा नयाँ श्रोतकेन्द्रको भवन निर्माण गर्नुपर्ने अवस्थामा स्वामित्ववालासँग जमिनको कित्ता नं. खुल्ने गरी कम्तीमा पनि १० बर्षको करार सम्झौता गरेको हुनुपर्नेछ ।



सचिव

३) आधुनिक घार निर्माण गर्दा घार र घारसँग सम्बन्धित अन्य उपकरणहरुको नापजाँच सेरेना मौरीको लागि न्यूटन ए, न्यूटन बि (Square Type Bee Hive) र मेलीफेरा मौरीको लागि ल्याङ्स्ट्रोथ (Langstroth Bee Hive) किसिमको घारको अनुसार हुनुपर्नेछ ।

४) आधुनिक घार निर्माण गर्न सक्ने जनशक्ति व्यवस्थापन भएको हुनुपर्नेछ ।

**आ) मौरी गोला श्रोतकेन्द्रः** यस किसिमको श्रोतकेन्द्रको लागि निम्न अनुसारको न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ ।

१) मौरी गोला श्रोतकेन्द्र स्थापनाको लागि अनुसूची १५ को क.सं. ३ देखि ५ सम्मका कृयाकलापहरु सम्पन्न गर्नुपर्नेछ ।

२) यस कार्यक्रमको लागि अनुसूची-१५ मा तोकिए बमोजिम भवन/घर/टहरा उपलब्ध हुनुपर्नेछ । पूर्ववत्रुपमा लाभग्राही समक्ष मौरी गोला श्रोतकेन्द्रको लागि आफ्नो स्वामित्वको भवन निरन्तर उपलब्ध हुने भएमा वा श्रोतकेन्द्रको रुपमा प्रयोग गर्ने गरी न्यूनतमा ५ बर्षको लागि अन्य स्वामित्वकर्तासंग घरभाडा लिएको खण्डमा नयाँ निर्माण गर्न अनिवार्य छैन । तर आफ्नो स्वामित्वको जमीनमा बाहेक लाभग्राहीले यस कार्यक्रमबाट अनुदान प्राप्त गरी अन्य व्यक्तिको स्वामित्व रहेको जमीनामा नयाँ श्रोतकेन्द्रको भवन निर्माण गर्नुपर्ने अवस्थामा स्वामित्ववालासँग जमिनको कित्ता नं. खुल्ने गरी कम्तीमा पनि १० बर्षको करार सम्झौता गरेको हुनुपर्नेछ ।

३) आवेदकसँग कम्तीमा पनि १०० वटा मजबुत मौरी गोला पालन गरिएको हुनुपर्नेछ । सो नभएको खण्डमा यस कार्यक्रम सम्पन्न हुनुपूर्व उक्त संख्या पुर्याउनु पर्नेछ ।

४) श्रोतकेन्द्र स्थापनाको लागि मौरी चरनको प्रशस्त व्यवस्था भएको हुनुपर्नेछ ।

५) मौरी गोला उत्पादन गर्न सक्ने जनशक्ति व्यवस्थापन भएको हुनुपर्नेछ ।

यस कार्यक्रमको लागि अनुदान प्राप्त गरे पश्चात आवेदकले श्रोतकेन्द्रको लक्षित कार्यलाई निरन्तरता दिनुपर्नेछ । यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरी खरिद गरेका पूर्वाधार, मेशीनरी तथा औजारहरु एवम् सामग्रीहरु अन्य कसैलाई बेचबिखन गर्न पाइने छैन । आवेदकले यस कुराको लिखित प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

**२२.कार्यक्रमको नामः रेशम प्रशोधन सहयोग (प्रदेशमा मात्र)**

**(१) परिचयः** कृषकबाट उत्पादित रेशम कोयाको प्रशोधन एवम् मूल्य अभिवृद्धि मार्फत संलग्न कृषक तथा व्यवसायीहरुको समग्र आयआर्जन वृद्धि एवम् थप रोजगारीको अवसर श्रृजना गर्न प्रदेश अन्र्तगतको जिल्लास्थित कृषि कार्यालयहरुको रेखदेखमा **रेशम प्रशोधन सहयोग कार्यक्रम** सञ्चालन गर्नुपर्नेछ ।

**(२) उद्देश्यः**

(क) कृषकबाट उत्पादित रेशम कोयाको प्रशोधन एवम् मूल्य अभिवृद्धि गर्ने ।

(ख) रेशम खेती तथा रेशमजन्य व्यवसायमा संलग्न उद्यमीहरुको थप आयआर्जनको अवसर सृजना गर्ने ।



सचिव

(३) **लक्षित लाभग्राहीः कृषक** समूह, कृषि सहकारी, र कम्पनी/फर्महरुले यस कार्यक्रममा सहभागिता जनाइ अनुदान प्राप्त गर्न सक्नेछन् । आवेदकहरु मध्ये बृहतस्तरमा रेशम खेती गरी रेशम कीरा पालन गर्ने कृषक समूह, कृषि सहकारी, र कम्पनी/फर्म वा सोसंग निकटमा रही रेशम कोया खरिद सम्झौता गरी रेशमको प्रशोधन गर्न इच्छुक कम्पनी/फर्महरुलाई यस कार्यक्रममा प्राथमिकता दिनुपर्नेछ । लाभग्राही छनौट सम्बन्धी प्रकृया दफा ९ बमोजिम हुनेछ ।

(४) **प्रमुख कृयाकलापहरुः**

यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु सञ्चालनन गर्न सकिनेछन् ।

(क) रेशम प्रशोधनको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने ।

(ख) रेशम प्रशोधनको लागि आवश्यक पर्ने मेशीनरी तथा औजार उपकरणहरु खरिद गर्ने ।

(५) **अपेक्षित उपलब्धिहरुः**

(क) रेशम खेती गर्ने कृषकहरुको बजार पहुँच अभिवृद्धि हुने ।

(ख) कृषकबाट उत्पादित रेशम कोयाको मूल्य अभिवृद्धि हुने ।

(ग) रेशम खेती गर्ने र प्रशोधनमा संलग्न व्यवसायीको आयआर्जन वृद्धि हुने ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

(७) **न्यूतम मापदण्ड /प्रासङ्गिक बिषयः** यस कार्यक्रम सञ्चालननको लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पुरा गरेको हुनुपर्दछ ।

**(क) रेशम प्रशोधन भवनको क्षमता तथा यसको उपलब्धता**

यस कार्यक्रमको लागि आवश्यक प्रशोधन भवनको भुँइको क्षेत्रफल न्यूनतम ५०० वर्ग फिट हुनुपर्नेछ । पूर्ववत्रुपमा लाभग्राही समक्ष प्रशोधनको लागि आफ्नो स्वामित्वको भवन निरन्तर उपलब्ध हुने भएमा वा प्रशोधन भवनको रुपमा प्रयोग गर्नेगरी न्यूनतमा ५ बर्षको लागि अन्य स्वामित्वकर्तासंग घरभाडा लिएको खण्डमा नयाँ निर्माण गर्न अनिवार्य छैन । तर आफ्नो स्वामित्वको जमीनमा बाहेक लाभग्राहीले यस कार्यक्रमबाट अनुदान प्राप्त गरी अन्य व्यक्तिको स्वामित्व रहेको जमीनामा नयाँ प्रशोधन भवन निर्माण गर्नुपर्ने अवस्थामा स्वामित्ववालासंग जमिनको कित्ता नं. खुल्ने गरी कम्तीमा पनि १० बर्षको करार सम्झौता गरेको हुनुपर्नेछ ।

**(ख) रेशम प्रशोधनको लागि आवश्यक मेशीनरी तथा औजार**

रेशम कोया उत्पादन पश्चातको प्रशोधन (Silk reeling, Silk winding, Silk doubling, Silk Twisting, Process calculations, Warping, Conceptualization of design, Silk Dyeing and printing, Silk Weaving, Silk finishing, Silk testing and grading, etc.) को लागि आवश्यक पर्न मेशीनरी तथा औजारमा मात्र यस कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराइनेछ ।

(ग) आवेदक आँफैले रेशम कोयाको उत्पादन नगर्ने भएको अवस्थामा रेशम कोयाको निरन्तर प्राप्तिको लागि रेशम कीरा पालन गरी रेशम कोया उत्पादन गर्ने कृषक/उत्पादकसंग लिखित करार सम्झौता गरेको हुनुपर्नेछ ।

(घ) रेशम प्रशोधनको लागि च्याउ बीउ उत्पादन सम्बन्धी तालिम प्राप्त वा अध्ययन गरेको प्राविधिक जनशक्ति व्यवस्था भएको हुनुपर्नेछ ।

(ङ) रेशम प्रशोधनको लागि अनुदान प्राप्त गरेपश्चात आवेदकले प्रशोधन कार्यलाई निरन्तरता दिनुपर्नेछ । यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरी खरिद गरेका पूर्वाधार, मेशीनरी तथा औजारहरु एवम् सामग्रीहरु अन्य कसैलाई बेचविखन गर्न पाइनेछैन । आवेदकले यस कुराको लिखित प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

## आलु, तरकारी तथा मसलाबाली विकास सम्बन्धी कार्यक्रम (स्थानीय तहमा हस्तान्तरित)

**२३.कार्यक्रमको नामः बीउ आलु उत्पादन कार्यक्रम**

**(१) कार्यक्रमको परिचयः** बीउ आलुको उपलब्धता वृद्धि गरी आलु बालीको उत्पादन वृद्धिका लागि कृषि विभाग/राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गत स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरित बीउ आलु उत्पादन कार्यक्रम  सञ्चालन गरिनेछ/हुनेछ ।

**(२) कार्यक्रमको उद्देश्यः**

(क) गुणस्तरीय बीउआलुको प्रयोगबाट आलुको उत्पादन र उत्पादकत्व बढाई आयात प्रतिस्थापन गर्न सहयोग पुरऱ्उने ।

(ख) आलुको पुर्व मूल बीउ, तथा प्रमाणित पुस्ताका बीउहरुकोबासलात तयार गरी माग र आपूर्तिको सहज व्यवस्थापन गर्ने ।

(ग) आलुबालीमा बीउ चक्रको ब्यबस्थापन गरी बीउ आलुको अन्य प्रयोजनमा हुने खपत न्यूनीकरण गर्ने ।

**(३) लक्षित वर्गः** बीउ उत्पादकको इजाजत पत्र भएका कृषक/कृषक समुह/कृषि सहकारी ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(१) पुर्वमूल बीउ, श्रोत बीउ वा प्रमाणित पुस्ताका बीउ, मल, बाली संरक्षण, बाली निरीक्षण, बीउ प्रमाणीकरण,

(२) बीउ प्याकेजीङ्ग,बीउ भण्डारण,

(३) कृषि औजार एबं उपकरण,

(४) साना सिँचाई निर्माण, रस्टीक स्टोर निर्माण

(५) क्षमता अभिबृद्धि तालिम/अभिमुखिकरण ।

**(५) अपेक्षित उपलब्धिहरुः**

क) गुणस्तरीय प्रमाणित/श्रोत बीउ आलु उत्पादन ।



सचिव

ख) बीउ आलुको माग आपूर्ति व्यवस्थापन ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा: कार्यविधिको दफा ५ अनुसार हुनेछ ।**

(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय:

क) बीउ उत्पादन कार्यक्रम बढीमा ३ वटा क्लस्टरमा प्रति क्लस्टर न्यूनतम १ हेक्टर क्षेत्रफलमा सञ्चालनन हुनेछ ।

ख) कुल बजेट मध्ये ५० प्रतिशत रकम अनिवार्य रुपमा बीउ खरिदमा खर्च गर्नुपर्ने छ ।

२४.कार्यक्रमको नाम: खायन आलु उत्पादन कार्यक्रम

**(१) कार्यक्रमको परिचय:** आलु वालीको उत्पादन तथा उत्पादकत्व वृद्वि गरी खायन आलु वालीको उपलब्धता वृद्विका लागि कृषि विभाग/राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गत स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरित **खायन आलु उत्पादन कार्यक्रम** सञ्चालन गरिनेछ/हुनेछ ।

(२) कार्यक्रमको उद्देश्य:

क) आलु वालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी न्युन आय भएका कृषकको आर्थिक स्तरमा सुधार गर्ने,

ख) आलुको आयात प्रतिस्थापन गरी आत्मनिर्भर हुने,

ग) व्यवसायीक खेतिमा कृषकहरुको संलग्नता बढाई स्वोरजगार र आम्दानी वृद्धि गर्ने ।

**(३) लक्षित वर्ग:** आलु उत्पादन गर्ने कृषक/कृषक समुह/कृषि सहकारी ।

**(४) प्रमुख क्रियाकलापहरु:**

(क) उन्नत बीउ, मल, बाली संरक्षण, आलु भण्डारण, कृषि औजार एवं उपकरण,

(ख) सानासिचाई निर्माण, रस्टीक स्टोर निर्माण,

(ग) क्षमता अभिबृद्धि तालिम/अभिमुखिकरण ।

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) उत्पादन तथा उत्पादकत्व वृद्धि ।

(ख) क्षेत्रफल बिस्तार ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा: कार्यविधिको दफा ५ अनुसार हुनेछ ।**

सचिव

(७) **न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषयः**

- न्युनतम ५ हेक्टर (१०० रोपनी/१५० कट्ठा) बराबरका ३ वटा क्लस्टरमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**२५.कार्यक्रमको नामः प्याज उत्पादन कार्यक्रम (स्थानीय तह)**

**(१) कार्यक्रमको परिचयः** प्याज वालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी प्याज वालीको उपलब्धता वृद्धिका लागि कृषि विभाग/राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गत स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरित **खायन आलु उत्पादन कार्यक्रम** सञ्चालन गरिनेछ/हुनेछ ।

**(२) कार्यक्रमको उद्देश्यः**

(क) उन्नत प्याज खेति प्रबिधिको अवलम्बन गरी प्याजको उत्पादन र उत्पादकत्व बढाउने,

(ख) प्याज खेति मार्फत रोजगारी सिर्जना गरि गरिबी न्यूनीकरणमा सहयोग गर्ने,

(ग) राष्ट्रिय ब्यापार सन्तुलनमा प्याज बालीको योगदान बढाउने ।

**(३) लक्षित वर्गः** व्यवसायीक प्याज खेतिगर्ने कृषक/कृषक समुह/कृषि सहकारी, बैदेशिक रोजगारीबाट फर्किएका युवा तथान्यून आय भएका कृषक ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) प्याज बीउ खरिद, नर्सरी स्थापना, बिरुवा रोपण, बाली संरक्षण,

(ख) कृषि औजार एबं उपकरण,

(ग) सानासिचाई, प्याजगानो भण्डारण गृह,

(घ) अभिमुखीकरण, गोष्ठी, तालिम ।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) क्षेत्रफल बिस्तार

(ख) उत्पादन तथा उत्पादकत्व वृद्धि

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः कार्यविधिको दफा ५ अनुसार हुनेछ ।**

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषयः** न्युनतम ५ हेक्टर (१०० रोपनी/१५० कट्ठा) बराबरका २ वटा क्लस्टरमा कार्यक्रम सञ्चालनन गर्नुपर्नेछ ।

**२६.कार्यक्रमको नामः अदुवा खेती/वाली प्रवर्द्धन कार्यक्रम**

**(१) कार्यक्रमको परिचयः** अदुवा वालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी अदुवा वालीको उपलब्धता वृद्धिका लागि कृषि विभाग/राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गत स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरित **अदुवा खेती/वाली प्रवर्द्धन कार्यक्रम** सञ्चालन गरिनेछ/हुनेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) **कार्यक्रमको उद्देश्यः**

(क) अदुवा/बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी न्युन आय भएका कृषकको आर्थिक स्तरमा सुधार गर्ने,

(ख) अदुवा/ बालीको गुणस्तरीय उत्पादन गरी निर्यात प्रवर्धन गर्ने,

(ग) अदुवा/ बालीको व्यवसायीक खेतिमा कृषकहरुको संलग्नता बढाई स्वोरजगार र आम्दानी वृद्धि गर्ने ।

(३) **लक्षित वर्गः** अदुवा/ उत्पादन गर्ने कृषक/कृषक समुह/कृषि सहकारी ।

(४) **प्रमुख क्रियाकलापहरुः**

(क) उन्नत बीउ, मल, बाली संरक्षण, भण्डारण, मुल्यशृंखला अभिबृद्धि, कृषि औजार एवं उपकरण आदी,

(ख) सोलारड्रायरअन्य उपकणहरु,

(ग) अभिमुखीकरण गोष्ठी, तालिम ।

(५) **अपेक्षित उपलब्धिहरुः**

(क) उत्पादन तथा उत्पादकत्व वृद्धि ।

(ख) क्षेत्रफल बिस्तार ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यविधिको दफा ५ अनुसार हुनेछ ।

(७) **न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषयः**

(क)न्युनतम २ हेक्टर प्रति क्लस्टरका दरले (४० रोपनी/६० कट्ठा) ३ वटा क्लस्टरमा कार्यक्रम सञ्चालनन गर्ने ।

२७.कार्यक्रमको नामः **तरकारी बीउ उत्पादन कार्यक्रम /प्याज बीउ उत्पादन कार्यक्रम**

(१) **कार्यक्रमको परिचयः** अदुवा वालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आलु वालीको उपलब्धता वृद्धिका लागि कृषि विभाग/राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गत स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरित **अदुवा खेती/वाली प्रवर्द्धन कार्यक्रम** सञ्चालन हुनेछ ।

(२) **कार्यक्रमको उद्देश्यः**

(क) तरकारी बीउ उत्पादन तथा गुणस्तर वृद्धि गर्ने,

(ख) तरकारी बीउको मुल्य शृंखला अभिवृद्धि गर्ने ।

(३) **लक्षित वर्गः** तरकारी बीउ उत्पादन अनुमति प्राप्त कृषक/कृषक समुह/कृषि सहकारी ।

(४) **प्रमुख क्रियाकलापहरुः**

(क) मूल/प्रमाणित पुस्ताका बीउ, मल, बाली संरक्षण, बाली निरीक्षण, बीउ प्रमाणीकरण,

(ख) बीउ प्याकेजीङ्ग,बीउ भण्डारण,

(ग) कृषि औजार एवं उपकरण (बीउ थ्रेसिंङ्ग)



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(घ) साना सिचाई निर्माण,

(ङ) क्षमता अभिबृद्धि तालिम/अभिमुखिकरण ।

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) तरकारी बीउ उत्पादनतथा गुणस्तर वृद्धि,

(ख) तरकारी बीउको मुल्य शृंखलाअभि वृद्धि ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा:** कार्यविधिको दफा ५ अनुसार हुनेछ ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:**

क)बीउ उत्पादन कार्यक्रम बढीमा ३ वटा क्लस्टरमा प्रति क्लस्टर न्यूनतम ०.५ हेक्टर क्षेत्रफलमा सञ्चालनन गर्नुपर्नेछ । ।

## कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रबर्द्धन सम्बन्धि कार्यक्रम (स्थानीय तह)

### २८.कार्यक्रमको नाम: कृषि बजार पूर्वाधार निर्माण तथा सहयोग

**(१) परिचय:** कृषि विभाग/ कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय तहवाट कार्यान्वयनका लागि विभिन्न कृषि बजार पूर्वाधार निर्माणका कार्यक्रमहरु सञ्चालनार्थ सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा बजेट विनियोजन भएको ।

**(२) उद्देश्य:**

(क) उत्पादन अभिबृद्धि र ब्यावसायिकरण गर्ने ।

(ख) स्थानीय स्तरमा कृषि उपजको बजारीकरणमा सहयोग पुर्याउने ।

(ग) कृषि उपजको सहज बजारीकरणमा सहयोग पुर्याउने ।

**(३) लक्षित समूह:** कृषक समुह कृषि सहकारी तथा उद्यमी /सम्वन्धित स्थानीय तह ।

**(४) प्रमुख क्रियाकलापहरु:**

(क) कृषि पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी

(ख) लागत सहभागितामा कृषि उपज बजार पूर्वाधार निर्माण

(अ) कृषि उपज संकलन तथा विक्री केन्द्र निर्माण

(आ) कृषि बजारको स्तरोन्नती

(इ) कृषि थोक बजार निर्माण

(ई) कृषि खुद्रा बजार निर्माण

(ऊ) हाट बजार निर्माण

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) बजार पूर्वाधार निर्माण/ स्तरोन्नती भएको हुने ।



सचिव

(ख) स्थानीय स्तरमा कृषि उपजको खरिद/विक्री सहज भएको हुने

(६) **अनुदान प्रतिशत र अधिकतम सीमा:** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

(७) **न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय:**

(क) कृषि पूर्वाधार निर्माण मुख्यतया सरकारी/सहकारी/सामुदायिक/सार्वजनिक जग्गामा गरिनुपर्नेछ ।निजी जग्गामा पूर्वाधार विकास गर्दा कम्तीमा २० वर्ष अवधिका लागि सम्वन्धित स्थानीय तहले करार सम्झौता अनुसार लिजमा लिएको हुनुपर्नेछ ।

(ख) कृषि उपज बजारहरु निर्माण गर्दा बजारको प्रकार अनुसार यथासम्भव अनुसूची-११ मा उल्लिखित विभिन्न कृषि उपज बजारहरुको निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारहरुको विवरणअनुसार वा सम्बन्धित स्थानीय तहबाट हुने प्राविधिक एवं स्थलगत निरीक्षणबाट उचित ठहरिए बमोजिम हुनुपर्नेछ ।

(ग) पूर्वाधार निर्माणपूर्व प्राविधिक र इन्जिनियरिङ्ग सम्भाव्यता अध्ययन (आवश्यकतानुसार पुनरावलोकन समेत गरी) भएको हुनुपर्नेछ ।

(घ) सशर्त हस्तान्तरित कार्यक्रममा जुन कृषि पूर्वाधार विकास कार्यक्रम निर्माण गर्ने उल्लेख भएको छ, सोही पूर्वाधार निर्माणमा मात्र हस्तान्तरित रकम खर्च गर्नुपर्नेछ ।

(ङ) कार्यक्रममा नै समुह/सहकारी/उपभोक्ता समितिसंगको साझेदारीमा कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालनन गरिने उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

निर्माण सम्वन्धी अन्य प्राविधिक तथा आर्थिक पक्षहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ । निर्मित बजार पूर्वाधार सञ्चालन सम्वन्धी निर्णय सम्वन्धित स्थानीय तहले गर्नसक्नेछ ।

**२९.कार्यक्रमको नाम: बीउ भण्डारण गृह निर्माण (स्थानीय तहमा हस्तान्तरित)**

(१) **परिचय:** कृषि विभाग/कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय तहबाट कार्यान्वयनका लागि बीउ भण्डारण गृह निर्माण मार्फत स्थानिय कृषकका बीउ संचय र बजारीकरुणमा टेवा पुर्‍याउन यो कार्यक्रम सञ्चालनन हुनेछ ।

(२) **उद्देश्य:**

(क) बीउ विजनको सुरक्षित संचय गर्ने ।

(ख) बीउ विजनको उपलब्धता सहज गराउन सहयोग पुर्याउने ।

(ग) बीउ प्रतिस्थापन दरको लक्ष्य हासिल गर्न सहयोग पुर्याउने ।

(३) **लक्षित समुह:** कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

(४) **प्रमुख क्रियाकलापहरु :**

(क) लागत साझेदारीमा बीउ भण्डार गृह निर्माण सहयोग



सचिव

(अ) खाद्य गोदाम गृह निर्माण सहयोग

(आ) थ्रेसिङ्ग फ्लोर निर्माण

(इ) ढुवानी साधन (Single Cab)

(ई) Weighing bridge, weighing machine and associated Equipments

(उ) बीउ प्रशोधन उद्योग सम्वन्धित अन्य पूर्वाधार

(ख) लागत साझेदारीमा बीउ प्रशोधन कार्य सहयोग

(अ) वीउ प्रशोधन मील स्थापनाका लागी मशीनरी सहयोग

(आ) अन्य पूर्वाधार (Threshing floor weighing bridge and associated equipments)

**(५) अपेक्षित उपलब्धिहरु:**

(क) उत्पादित बीउहरुको संरक्षण भई बीउ प्रतिस्थापन दरमा वृद्धि भएको हुने ।

(ख) कृषकको माग अनुसारको सहज र पायक पर्ने स्थानमा बीउ खरिद बिक्री डिपोको स्थापनाबाट बीउ विजन खरिद बिक्री सहज भएको हुने ।

(ग) स्वरोजगार तथा थप रोजगारीको अवस्था सिर्जना भएको हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमा:** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:**

(क) बीउ बैंकका लागि ३० देखि १०० मे.टन. क्षमताको वीउ भण्डारण घर र यससँगै अन्य आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै ट्रान्जिट सेड, मेशिन सेड, थ्रेसिङ्ग फ्लोरएउटै प्याकेजमा निर्माणका साथै वीउ ड्रायर, वीउ ग्रडिङ्ग मेशिनरी पनि जडान गर्नुपर्नेछ ।

(ख) बीउ भण्डारण घर, गोदाम घर, शीत भण्डारण घर कम्तीमा ३० मे.टन. भण्डारण गर्न सकिने क्षमता भएको हुनुपर्नेछ ।

(ग) कृषि पूर्वाधारको निर्माणका लागि स्थानीय आवश्यकता, उत्पादन, मागर आपुर्ती जस्ता विवरणहरु पनि संलग्न गर्नुपर्नेछ ।

(घ) कृषि मेशिनरी, प्रशोधन प्लाण्ट, चिस्यानकेन्द्र जस्ता मेशिनहरुको हकमा प्राविधिक स्पेशिफिकेशन र तयार गर्नुपर्नेछ । यसरी तयार भएको प्राविधिक स्पेशिफिकेसन कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ ।

(ङ) प्राविधिक तथा आर्थिक पक्षहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

निर्मित संरचनाको सञ्चालन सम्वन्धी निर्णय सम्वन्धित स्थानीय तहले गर्न सक्नेछ ।



सचिव

३०.कार्यक्रमको नाम: सिंचाई संरचना निर्माण (स्थानीय तहमा हस्तान्तरित)

(१) **परिचय:** कृषि विभाग/कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कार्यक्रम कार्यान्वयनका लागि विभिन्न किसिमका सिंचाई संरचना निर्माणका कार्यक्रम सञ्चालनन हुनेछ ।

(२) **कार्यक्रमको उद्देश्य:**

(क) सिंचित क्षेत्रफलमा विस्तार गर्ने ।

(ख) सघन वाली प्रणालीको विकास गर्ने ।

(ग) वालीनालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

(घ) सिंचाईका क्षेत्रमा नविनतम प्रविधि अनुसरणगर्ने ।

(३) **लक्षित समुह:** कृषि उद्यमी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

(४) **प्रमुख क्रियाकलापहरु:**

(क) साना सिंचाई पूर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत सुधार,

(ख) सिंचाई पोखरी, इनार, कुवा, प्लास्टिक पोखरी, सिंचाई पाईप, मोटर,

(ग) स्यालो टयूबवेल बोरिङ्ग लगायतका भूमिगत पूर्वाधारहरु,

(घ) नवीन सिंचाई प्रविधि (थोपा सिंचाई, स्पिङ्गकलर सिंचाई, सौर्य उर्जामा आधारित लिफ्ट सिंचाई आदि) ।

(५) **अपेक्षित उपलब्धिहरु:**

(क) सघन वाली प्रणालीको विकास हुने ।

(ख) वालीहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमा:** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

(७) **न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:**

(क) यस कार्यक्रम अन्तरगत स्थानीय तहहरुमा कृषियोग्य जमिनमा सिंचाईको सुविधा बढाउनको लागि साना सिचाई पूर्वाधार निर्माण/स्तरोन्नतिका कार्यक्रमलाइ प्राथमिकता दिनुपर्नेछ । साना सिंचाई पूर्वाधार निर्माण गर्ने स्थानिय तहले आफै मापदण्ड बनाएर स्थनीय तहमा कुलो, नाला, पोखरी तथा अन्य सिंचाई पूर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत संभार गर्न सक्नेछ ।

(ख) यस कार्यक्रमबाट साना सिँचाईका पूर्वाधार विस्तार/स्तरोन्नति, नयाँ निर्माण तथा मर्मत जस्ता कार्यहरु मात्र गर्न सकिनेछ । सोलारबाट लिफ्ट सिंचाई आयोजना गर्ने स्थानीय तहले आफै मापदण्ड बनाएर लिफ्ट सिंचाईको सम्भाव्यता भएका स्थानमा Inlet Structure निर्माण, सोलार प्यानल तथा पम्प, पानी संकलन पोखरी तथा वितरण गर्ने पाइपहरु सम्वन्धी कार्यहरु गर्नसक्नेछ ।

साना सिँचाई पूर्वाधार निर्माण खरिद सम्वन्धि कार्य सम्वन्धित स्थानीय तहले प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम आफै वा सहकारी/उपभोक्ता समितिमार्फत गराउन सक्नेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## वाली विकास तथा कृषि जैविक विविधता संरक्षण (राष्ट्रिय खाद्य मिसन) कार्यक्रम

**३१.कार्यक्रमको नाम : धानबाली प्रवर्द्धन कार्यक्रम/ मकैबाली प्रवर्द्धन कार्यक्रम/ गहुँबाली प्रवर्द्धन कार्यक्रम**

**(१) परिचय:** पछिल्ला केहि वर्षहरुमा धान, चामल, मकै र गहुँ लगायतका बस्तुको आयात उच्च दरमा बढ्दै जाँदा खाद्य असुरक्षा र परनिर्भरता बढ्दै गएको छ भने वैदेशिक मुद्रा संचितिमा समेत नकरात्मक असर पर्ने गरेको छ । यसर्थ प्रमुख खाद्यान्न बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकास मार्फत देशमा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न र प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्युनीकरण गर्न संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत तोकिएका प्रदेश र स्थानीय तहहरुमा राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत धानबाली प्रवर्द्धन कार्यक्रम/मकैबाली प्रवर्द्धन कार्यक्रम/ गँहुबाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुने छ ।

**(२) उद्देश्य:**

**(क)** देशमा प्रमुख खाद्यान्न बालीहरु धान (मसिनो र मध्यम मसिनो प्रकृतिको धान), मकै र गहुँको स्थानीय स्तरमा उत्पादन वृद्धि गरि खाद्य पोषण सुरक्षामा सुधार गर्ने ।

**(ख)** उपलव्ध उत्पादन सामग्री र स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्न र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्धत पुर्याउने ।

**(ग)** आयात कम गरि प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाउने ।

**(३) लक्षित समुह:** कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु एवं उत्पादन सामग्री आपूर्ति, बाली उत्पादन, प्रशोधन, भण्डारण र बजारिकरणसंग सम्बन्धित नीजि फर्म, उद्योगी तथा व्यवसायीहरु लगायत मूल्य श्रंखलाका अन्य सरोकारवालाहरु ।

**(४) धान बाली प्रवर्द्धन कार्यक्रम (स्थानीय तह)**

**४.१ प्रमुख क्रियाकलापका क्षेत्र र क्रियाकलापहरुको विस्तृत विवरण:**

**(क) मसिना धान र चैते धानको क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग**

- धानबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि चैते र मसिना जातको धानको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- अनुसन्धानबाट सिफारिश एवं नेपालमा विकास भई उन्मोचन गरिएका चैते र मसिना जातको धान एवं नेपाली हाइब्रिड धानको क्षेत्रफल विस्तारका लागि प्रति कृषक १ किलोका दरले उन्नत जातको बीउ किट सत प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ । नेपाली हाइब्रिड धानको हकमा प्रति किट १ किलो बीउको लागि अधिकतम् रु.१०० खर्च गर्न सकिने छ ।
- उच्च उत्पादन दिने नेपालमा विकास भएका मसिनो जात (नेपाली हाइब्रिड समेत) धानको बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि तराईमा कम्तीमा ५ कठ्ठा र पहाडमा ३ रोपनी क्षेत्रफलमा प्रदर्शनका क्रियाकलाप संचालन गर्न सकिनेछ । उक्त क्षेत्रफलमा सञ्चालन गरिने प्रदर्शनमा प्रयोग गरिने बीउ र नेपाल सरकारले वितरण गर्ने अनुदानको डिएपी/यूरिया/म्यूरेट अफ पोटास मल क्रमशः २ किलो, ७ किलो र ३ किलो सत प्रतिशत अनुदानमा एवं प्रदर्शन बोर्डको खर्च उपलव्ध गराउन सकिने छ ।
- कम्तिमा १० हे. मा एकै जातको मसिनो धान वा चैते धानको सामुदायिक खेति (Community Farming) गर्ने कृषक समूह, सहकारीलाई प्रति कट्ठा बढीमा रु.६००/- वा प्रति रोपनी रु.९००/- का



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

- कम्तिमा तिन वर्ष लगातार चैते धान खेति नगरिएको स्थानमा सिफारिश जातको चैते धान खेति गर्ने कृषकलाई प्रति कट्टा बढीमा रु.६००/- वा प्रति रोपनी रु.९००/- का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ भने अन्य नियमित रुपमा चैते धान खेति गर्ने कृषकको पनि प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न प्रति कट्टा बढीमा रु.४००/- वा प्रति रोपनी रु.६००/- का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। चैते धान लगाएको ४५ दिन पश्चात सम्बन्धित स्थानीय तहको कृषि प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।
- धान बाली कटानी पछि खालि हुने स्थानमा छोटो समयमा तयार हुने तेलहन तथा दलहन बाली लगाउन इच्छुक कृषकलाई बढिमा ५ कट्टा वा ३ रोपनी सम्मको लागि तेलहन तथा दलहन बालीको उन्नत बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ ।
- मसिना जातको धान तथा चैते धानको मूल/श्रोत तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्रात उत्पादक कृषक समूह, कम्पनी, सहकारी एवं सामुदायिक बीउ बैंकलाई श्रोत तथा उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान र उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान उपलब्ध गराउन **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ। तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका** २०७८ बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रक्रिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । बीउ उत्पादनमा संलग्न कृषक समूह, कम्पनी, सहकारी तथा सामुदायिक बीउ बैकलाई बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका बीउ उत्पादन र प्रसोधन तथा बजारिकरणमा प्रयोग हुने सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।

### (ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा

- यस अन्तर्गत मसिना धान र चैते धानका नँया उन्मोचित जात वा कृषि अनुसन्धान केन्द्रहरुबाट प्राप्त हुने उन्मोचन क्रममा रहेका उत्कृष्ट जातहरुको कृषक स्तरमा प्रति प्रदर्शन तराईमा कम्तीमा १.५ कट्ठा वा पहाडमा १ रोपनी क्षेत्रफल हुने गरी जातीय प्रदर्शन/परिक्षण संचालन गर्न सकिनेछ। यस्तो प्रदर्शनमा उन्नत बीउ, सिफारिश अनुसारको रासायनिक मलखाद, सुरक्षित विषादि र प्रदर्शन बोर्ड आदिको लागि सत प्रतिशत अनुदान उपलब्ध गराउन सकिने छ ।
- स्थानीय स्तरमा प्रादेशिक माटो परीक्षण प्रयोगशालासंगको समन्वयमा माटो जाँच शिविर संचालन गर्न सकिने छ। माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरुलाई ५० प्रतिशत



सचिव

अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सकिने छ। त्यस्तै ५० प्रतिशत अनुदानमा हरियो मलको लागि ढैंचाको बीउ र सुक्ष्म तत्व (जिङ्क सल्फेट, मोनो हाइड्रेट) लगायत वितरण गर्न सकिने छ ।

- रोग कीरा रोकथाम तथा झारपात नियन्त्रणका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा ५० प्रतिशत अनुदानमा रोग किरा नाशक विषादी र उपकरण वितरण गर्न सकिने छ ।
- तालिम आवश्यकता पहिचानको आधारमा एवं नविनतम् प्रविधिहरुबारे कृषक एवं कृषि उद्यमीहरुको ज्ञान, सिप एवं क्षमता अभिवृद्धि हुने खालका स्थलगत (१ दिने) तालिम स्थानीय तहको प्रचलित नर्मस अनुसार संचालन गर्न सकिनेछ । तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र वा कृषि अनुसन्धान केन्द्रबाट प्रशिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**(ग) कृषि यान्त्रीकरण सहयोग**

- यस अन्तर्गत कृषक समूह र कृषि सहकारीहरुलाई उत्पादन, प्रशोधन र बजारिकरणमा उपयोग हुने साना कृषि मेशिनरी औजार जस्तै: पावर/मिनि टिलर, विडर, मिनि हार्भेष्टर, रिपर, मिनि थ्रेसर, ब्रस कटर, कम्वाइन मिल, स्प्रेयर र सिड ट्रिटमेन्ट ड्रम लगायतका मेशिन/सामग्रीहरु सामुहिक प्रयोजनको लागि ५० प्रतिसत अनुदानमा वितरण गर्न सकिनेछ ।
- स्थानीय तहभित्रका व्यक्तिगत फर्म, सामुदायिक संस्था, कृषि समूह वा सहकारीसंग लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि साना तथा मझौला कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । सो का लागि कृषि शाखाले कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक अध्ययन गरेका प्राविधिकले तयार गरेको स्पेशिफिकेशन र लागत अनुमानका आधारमा मूल्याङ्कनको आधार बनाइ लाभग्राहीको छनौट गर्न सक्ने छ । मेशिनरी खरिदको लागि प्रचलित आर्थिक नियम बमोजिम सम्झौता गरि एवं पेश्की उपलब्ध गराइ मेशिन खरिद गरि कष्टम हायरिङ्ग सेन्टर स्थापना गरेपछि कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी दिनु पर्नेछ। यसरी स्थापना हुने कष्टम हायरिङ्ग सेन्टरहरुले स्थानीय कृषकहरुलाई प्रचलित बजार मूल्य भन्दा कम दरमा भाडामा कृषि यन्त्र तथा उपकरण उपलब्ध गराउनु पर्नेछ ।
- सामुदायिक वा व्यक्तिगत रुपमा स्थानीय तहमा स्थापना भएका कष्टम हायरिङ्ग सेन्टरहरुबाट कृषकहरुले कृषि यन्त्र तथा मेशिनरी भाडामा लिई प्रयोग गर्न सक्नेछन् । यसरी मेशिन भाडामा प्रयोग गर्दा मेशिन भाडा वापत लाग्ने कुल खर्चमा कृषकहरुलाई ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ।
- चक्लाबन्दी गरि उत्पादन लागत घटाउन कम्तिमा १० हेक्टरमा चक्लाबन्दी गर्न जमीन सम्याउन तथा ग्रहा सुधारको लागि प्रोत्साहन सहयोग स्वरुप प्रति हेक्टर बढिमा रु. १००००/- उपलब्ध गराउन सकिने छ ।

**(घ) साना सिंचाई सहयोग**

- यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा अनुदान उपलव्ध गराउन सकिने छ । सार्वजनिक/सामुदायिक साना सिँचाईमा बढिमा ८५ प्रतिशत अनुदान र व्यक्तिगत साना सिँचाई स्किमको लागि बढिमा ५० प्रतिशत अनुदान उपलव्धगराउन सकिने छ । कृषकहरुको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिंचाई स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्न सकिनेछ। कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना



सचिव

बढीमा रु. ७५०००/- र स्यालो ट्युबवेल जडानको हकमा प्रति स्किम बढीमा रु. ५०,०००/- अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा भने एक वटा स्किमको लागि मात्र बढिमा रु.१५००००/-सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

(ङ) **धान बिक्रीमा आधारित नगद प्रोत्साहन अनुदान**

- सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका धान चामल मिलहरुसंग स्थानीय तहमा उत्पादित मसिना जातको धान खरिदको लागि मिलको छनौट गरी आपूर्ति परिमाण, खरिदका शर्त एवं नेपाल सरकारले मध्यम मसिनो जातको धानको लागि तोक्ने न्यूनतम समर्थन मूल्यमा खरिद बिक्रि गर्ने गरि समझदारी गर्न सकिने छ । यसरी छनौट गरिएको मिललाई मसिना जातका धान उत्पादन गरी बिक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी बढिमा रु.५(पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ ।यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

(च) स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु

- यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको धान बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिने छन् भने अन्य सहयोगको हकमा अनुदान सिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

(छ) कार्यक्रम व्यवस्थापन

- यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, र बैठक लगायतका क्रियाकलापहरुमा नियमानुसार खर्च गर्न सकिनेछ ।
- बाली कटानी सम्बन्धी तथ्याङ्क संकलन *(५x२ वर्गमिटर बाट १ नमूनाको दरले ५ वटा Randomized (फरक फरक) नमूना लिई बाली कटानी गरि प्रति हेक्टर उत्पादनको हिसाव निकाल्ने)*, बाली उत्पादनको लाभ-लागत तथ्याङ्क संकलन र कार्यक्रम र कृषकहरुसंग सम्बन्धित अन्य विवरण र तथ्याङ्क प्रचलित स्थानीय दररेट अनुसार लागत अनुमानको आधारमा संचालन गर्न सकिनेछ । बाली कटानी तथ्याङ्क संकलनका लागि कटानी भएको बाली परिमाणको स्थानीय दररेट अनुसार सम्बन्धित कृषकलाई क्षतिपूर्ति दिन सकिनेछ । यसरी संकलित विवरण माथिल्लो निकायमा समयमै प्रेषित गर्नुपर्नेछ ।

**(५) धान बाली प्रवर्द्धन कार्यक्रम (प्रदेश)**

**५.१ प्रमुख क्रियाकलापका क्षेत्र र क्रियाकलापहरुको विस्तृत विवरण:**

**(क) मसिनो जात र चैते धानको क्षेत्र विस्तार र बीउ श्रोत केन्द्र विकास**

- धानबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि चैते र मसिना जातको धानको उन्नत बीउ ५० प्रतिशत सम्म अनुदानमा वितरण गर्न सकिनेछ ।
- प्रदेश अन्तर्गतको कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि कार्यालय (यस पछि निकाय भनिने) मार्फत उच्च उत्पादन दिने मसिनो जातको (नेपाली हाइब्रिड समेत) धानको बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि कम्तीमा तराईमा १० कट्ठा र पहाडमा ५ रोपनी क्षेत्रफलमा प्रदर्शनका

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

क्रियाकलापहरु संचालन गर्न सकिनेछ । उक्त क्षेत्रफलमा सञ्चालन गरिने प्रदर्शनमा प्रयोग गरिने बीउ र नेपाल सरकारले वितरण गर्ने अनुदानको डिएपी/यूरिया/म्यूरेट अफ पोटास मल क्रमशः ४ किलो, १४ किलो र ६ किलो सत प्रतिशत अनुदानमा एवं प्रदर्शन बोर्डको खर्च उपलव्ध गराउन सकिने छ ।

- कम्तिमा १० हे. मा एकै जातको मसिना जातको धान वा चैते धानको सामुदायिक खेति (Community Farming) गर्ने कृषक समूह, सहकारीलाई प्रति कट्ठा बढीमा रु. ६००। वा प्रति रोपनी रु. ९००। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। त्यसै गरि कम्तिमा तिन वर्ष लगातार चैते धान खेति नगरिएको स्थानमा सिफारिश जातको चैते धान खेति गर्ने कृषकलाई प्रति कट्ठा बढीमा रु. ६००। वा प्रति रोपनी रु. ९००। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। अन्य नियमित रुपमा चैते धान खेति गर्ने कृषकको पनि प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न प्रति कट्ठा बढीमा रु. ४००। वा प्रति रोपनी रु. ६००। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। धान रोपेको ४५ दिन पश्चात सम्बन्धित निकायबाट स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।
- मसिना जातको धान तथा चैते धानको मूल/श्रोत तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्राप्त उत्पादक कृषक समूह, कम्पनी, सहकारी एवं सामुदायिक बीउ बैंकलाई श्रोत तथा उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान र उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान उपलब्ध गराउन **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ। तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रक्रिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । बीउ उत्पादनमा संलग्न कृषक समूह, कम्पनी, सहकारी तथा सामुदायिक बीउ बैंकलाई बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका बीउ उत्पादन र प्रसोधन तथा बजारिकरणमा प्रयोग हुने सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- बजेटको उपलब्धताको आधारमा बीउ स्रोत केन्द्र विकासका लागि बीउ भण्डारण कक्ष, थ्रेसिङ्ग फ्लोर निर्माण तथा मर्मत सुधार आदिको लागि ५० सम्म प्रतिशत अनुदान उपलब्ध गराउन सकिने छ ।

**(ख) प्रविधि परिक्षण र स्थानीय तहलाई प्राविधिक सहयोग र पृष्ठपोषण**

- नेपाल कृषि अनुसन्धान परिषद् सँगको समन्वयमा उत्पादन लागत घटाउने र उत्पादन बढाउनमा सहयोग पुर्याउने एवं जलवायु परिवर्तन अनुकूलनका असल अभ्यास एवं प्रविधिहरु जस्तै: precision rice farming, site specific nutrient management, best management practice लगायतका विषयमा तालीम तथा प्रदर्शन सञ्चालन गर्न सकिने छ ।
- त्यसै गरि छरुवा धान खेती प्रविधि (DSR), एस.आर.आई.(SRI) प्रविधि, चैते धानमा प्लाष्टिक गुमोजमा बेर्ना उमार्ने प्रविधि (Hot bed method), आई.पि.एम. प्रविधिको अनुशरण, रासायनिक मलको सन्तुलित प्रयोग, Alternate Wetting and Drying, जलवायु अनुकुलित धानको खेती प्रदर्शन, रोगकिराको जैविक विधिद्धारा व्यवस्थापन तथा Bio Control Agent लाई लक्षित गरी IDPM (Integrated Disease and



सचिव

Pest Management), बोरो धानको व्लकमा परीक्षण तथा भ्यालिडेसन, विषादी वा विडरको प्रयोगबाट झारपात व्यवस्थापन, बायोफर्टिलाइजरको प्रयोग, सुक्ष्म तत्व र जिकं सल्फेटको प्रयोग, हरियो मलको प्रयोग, पोष्ट हार्भेष्ट क्षति न्यूनीकरणका लागि उपयुक्त प्रविधिको प्रदर्शन लगायतका सिफारिश प्रविधिहरुमा आधारित प्रदर्शन क्रियाकलाप संचालन गर्न सकिनेछ ।

- परिक्षणको लागि आवश्यक बीउ र अन्य उपयुक्त सामग्रीहरु सत प्रतिशत अनुदानमा उपलव्ध गराउन सकिने छ।परिक्षण तथा प्रदर्शनहरुको नतिजामा आधारित रहि स्थानीय तहका प्राविधिकहरुलाई लक्षित गरि तालिमहरु सञ्चालन गर्न सकिने छ । त्यसै गरि अन्य समस्याहरुमा आधारित वा नविनतम् विषयहरुमा पनि स्थानीय तहका प्राविधिकहरुलाई तालिम वा अन्य क्षमता विकासका कृयाकलापहरु सञ्चालन गर्न सकिने छ ।
- सञ्चालित प्रदर्शनहरुको नतिजा बारे स्थलगत रुपमा जानकारी गराउन कृषक दिवस तथा नविनतम् प्रविधिहरुबारे प्राविधिक एवं कृषकहरुलाई जानकारी दिन तथा समसामयिक विषयमा छलफल गर्न अन्तरकृया कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

**(ग) कृषि यान्त्रिकरण सहयोग**

**(१) कष्टम हायरिङ्ग तथा कष्टोमाइज्ड सेवा केन्द्र स्थापना**

- जिल्ला भित्र व्यवसायिक रुपमा धान उत्पादन हुने क्षेत्रलई लक्षित गरि सेवा शुल्क लिई बाली उत्पादन, भण्डारण तथा प्रशोधनसँग सम्बन्धित मेशिनरी तथा वस्तु र सेवा उपलब्ध गराउन केहि सिमित स्थानमा नमुनाको रुपमा कष्टम हायरिङ्ग तथा कष्टोमाइज्ड सेवा दिने सेवा केन्द्र स्थापना र संचालन गर्न सकिने छ ।

- सेवा केन्द्र संचालकले भाडामा मेशिनरीको अलावा उल्लेखित कृषि सामाग्री र सेवाहरु मध्ये कुनै एक वा सो भन्दा बढि सामग्री वा सेवा उपलव्ध गराउन सक्ने छ। संचालकले एकल तथा विभिन्न वस्तु/सेवाहरुको समिश्रण (combination of goods/services) को प्रति इकाई मूल्य प्रचलित बजार मूल्य भन्दा कम मूल्य कायम हुने गरि मूल्य सूची प्रकाशित गर्नु पर्ने छ । यस्तो कष्टम हायरिङ्ग तथा कष्टोमाइज्ड सेवा केन्द्र स्थापनाको लागि कृषि मेशिनरी तथा उपकरण खरिदमा ५० सम्म प्रतिशत अनुदान उपलव्ध गराउन सकिनेछ ।

**(२) ५० प्रतिशत अनुदानमा कृषि मेशिनरी तथा उपकरण वितरण**

- कष्टम हायरिङ्ग तथा कष्टोमाइज्ड सेवा केन्द्र स्थापनाको लागि माग नआएमा वा सम्भाव्यता नदेखिएमा कृषक समूह, सहकारी तथा अन्य सामुदायिक संस्थाहरुलाई सामुहिक प्रयोजनको लागि कृषि मेशिनरी तथा उपकरण खरिदमा ५० सम्म प्रतिशत अनुदान उपलव्ध गराउन सकिनेछ ।

**(घ) प्रशोधन तथा बजारिकरण सहयोग**

**(१) धान, चामल मिलको स्तरोन्नती सहयोग**

- सरकारले तोकेको न्यूनतम समर्थन मूल्य पर्ने गरी कृषकले उत्पादन गरेको मसिना जातको धान खरिद गर्न इच्छुक धान चामल मिलहरुको स्तरोन्नतिको लागि पूर्वाधार विकास तथा मेशिनरी खरिदमा अनुदान उपलव्ध गराउन सकिने छ । उपलव्ध बजेट, मिलको संख्यात्मक उपस्थिति, खरिद गरिने धानको परिमाण, मसिना जातको धानको उत्पादनको अवस्था लगायतको आधारमा यस्तो मिल एक वा सो भन्दा बढि हुन सक्ने छ । यसरी छनौट भएका मिलहरुसंग सकभर उत्पादन पकेट वा स्थानीय तहमा उत्पादन हुने धानको परिमाण र मिलको क्षमता समेतको

आधारमा मिलहरुबाट खरिद हुने धानको परिमाण तोकि सम्झौता गर्न सकिनेछ। सम्झौतामा अन्य कुराको अलावा यस कार्यक्रम अन्तर्गत मिलले पुरा गर्नु पर्ने शर्तहरु र सो बापत मिलले पाउने सुविधाहरु बारे प्रष्ट उल्लेख गरिनु पर्ने छ। प्रचलित आर्थिक ऐन नियम बमोजिम सम्झौताको ढाँचा सम्बन्धित निकायले तयार गर्न सक्नेछ। छनौट भएको मिललाई देहाय बमोजिम कार्यहरुको लागि ५० सम्म प्रतिशत अनुदान उपलव्ध गराइने छ ।

क. मिलको स्तरोन्नतिको लागि मेशिन तथा थप पार्टपूर्जा,
ख. अल्पकालिन धान भण्डारण गर्न सेड निर्माण/मर्मत,
ग. धान सुकाउने खलो निर्माण/मर्मत ।

(२) प्रतिफलमा आधारित अनुदान

यस अन्तर्गत मसिना धानको विक्रि गर्ने कृषक र मिल स्तरोन्नतिको लागि अनुदान पाएको मिल बाहेकका मसिना धान खरिद गर्ने अन्य धान मिलहरुलाई प्रोत्साहन स्वरुप खरिद वा विक्रि परिमाणको आधारमा अनुदान उपलव्ध गराउन सकिने छ । यसरी छनौट गरिएको मिललाई मसिना जातका धान उत्पादन गरी विक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी बढिमा रु.५ (पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ। यसरी प्रोत्साहन अनुदान वितरण गर्दा सोही कार्यका लागि स्थानीय तहले वितरण गर्ने प्रोत्साहन अनुदानसंग दोहोरो नपर्ने गरी गर्नुपर्ने छ ।

कार्यक्रमको पहिलो वर्ष आ. व. २०७९/८० को हकमा सम्भाव्यताको आधारमा सम्बन्धित निकायको अग्रसरतामा उत्पादन पकेटका कृषक र मसिना धान खरिद गर्न इच्छुक धान मिलहरु विच धान कटानी गर्नु भन्दा कम्तिमा एक महिना अघि छलफल कार्यक्रम आयोजना गरि खरिद गरिने धानको परिमाण, धानको गुणस्तर, ढुवानीको माध्यम, रकम भुक्तानी विधि आदि बारे विस्तृत छलफल गरि कृषक समुदाय र मिल सञ्चालक विच लिखित/मौखिक सहमतिमा मसिना धान खरिद एवं विक्रि गर्न सकिने छ । धान रोपाईं र बाली कटानी दुई आर्थिक वर्षमा विभाजित हुने भएकोले यस कार्यक्रम अन्तर्गत कृषक र मिल सञ्चालक विच धान खरिद बारे आपसी सहमति यसै कार्यविधि वमोजिम धान रोप्नु अघि नै गर्ने र आगामी आ. व. मा बजेट व्यवस्था भएमा बाली कटानी भइ सके पछि सहमति बमोजिम खरिद विक्रि परिमाणको आधारमा प्रतिफलमा आधारित अनुदान उपलव्ध गराउन सकिने छ ।

(घ) चामलको ब्राण्डिङ्ग तथा बजारिकरण

यस कार्यक्रम अन्तर्गत धान मिलहरुले उत्पादन गर्ने मसिना चामलको आफ्नै ब्राण्ड बनाइ बजारिकरण गर्न सक्ने छन् र सो का लागि आवश्यक ब्राण्डिङ्ग तथा बजारिकरण सहयोगसंग सम्बन्धित क्रियाकलापहरुमा ५० प्रतिसत सम्म अनुदानमा उपलव्ध गराउन सकिने छ ।

(ङ) स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु

- यस कार्यविधिमा नसमेटिएका तर जिल्ला स्तरमा तोकिएको धान बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिने छन् भने अन्य सहयोगको हकमा अनुदान सिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।



सचिव

(च) कार्यक्रम व्यवस्थापन

- यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, अध्ययन, तथ्याङ्क संकलन, प्रगति प्रतिवेदन तयारी, कार्यक्रम समिक्षा र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछ ।

(६) मकै बाली प्रवर्द्धन कार्यक्रम (स्थानीय तह)

**६.१ प्रमुख क्रियाकलापका क्षेत्र र क्रियाकलापहरुको विस्तृत विवरण:**

**(क) हाइब्रिड तथा कम्पोजिट मकै क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग**

- मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि नेपाली हाइब्रिड तथा खुला सेचित मकैको उन्नत बीउ ५० प्रतिशत सम्म अनुदानमा वितरण गर्न सकिनेछ ।
- यस अन्तर्गत तराई मधेशका स्थानीय तहहरुमा हिउँदे र बसन्ते मकैको क्षेत्र विस्तारको लागि नेपाली हाइब्रिड मकैको बीउ किट (१ किलो बीउको लागि बढिमा रु १००।का दरले हुने गरी) उपलव्ध गराउन सकिने छ ।पहाडी जिल्लाका स्थानीय तहहरुको हकमा नेपाली खुला सेचित जातको मकैको बीउ प्रति किट १ किलो सत प्रतिशत अनुदानमा उपलव्ध गराउन सकिने छ।त्यसै गरि पहाडी क्षेत्रको लागि सिफारिश नेपाली हाइब्रिड मकैको लागि मात्र १ किलो बीउको लागि बढिमा रु १००।दरले हुने गरी बीउ कीट उपलव्ध गराउन सकिने छ।
- पहाडी क्षेत्रमा खाद्य सुरक्षाको दृष्टिले महत्वपूर्ण कम्पोजिट जातको मकैको खेति गर्ने कृषकलाई प्रति रोपनी रु. ५००। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। मकै लगाएको ४५ दिन पश्चात सम्बन्धित प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।
- सूचित जातको मकैको श्रोत तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्रात उत्पादक कृषक समूह, सहकारी एवं सामुदायिक बीउ बैंकलाई **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ।तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रक्रिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- बीउ उत्पादनमा संलग्न कृषक समूह, सहकारीलाई श्रोत बीउ, बीउ ग्रेडर, प्याकेजिङ मेसिन, सीड ट्रिटर, लेभलिङ मेसिन बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, त्रिपाल लगायतका सामग्रीहरु आवश्यकताका आधारमा ५० सम्म प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।

**(ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा**

- यस अन्तर्गत मकैका नँया उन्मोचित जात वा उन्मोचन क्रममा रहेका उत्कृष्ट जातहरुको कृषक स्तरमा जातीय प्रदर्शन/परिक्षण क्रियाकलाप संचालन गर्न सकिनेछ ।सो का लागि प्रति प्रदर्शन तराईमा कम्तीमा १.५ कठ्ठा वा पहाडमा १ रोपनी क्षेत्रफल हुने गरी प्रदर्शन संचालन गर्न सकिनेछ



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

। यस्तो प्रदर्शनमा उन्नत बीउ, सिफारिश अनुसारको रासायनिक मलखाद, सुरक्षित विषादि र प्रदर्शन बोर्ड आदिको लागि सत प्रतिशत अनुदान उपलव्ध गराउन सकिने छ ।

- स्थानीय स्तरमा प्रादेशिक कृषि प्रयोगशालासंगको समन्वयमा माटो जाँच शिविर संचालन गर्न सकिने छ। माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरुलाई बढिमा ५० प्रतिशत अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सकिने छ ।
- रोग कीरा रोकथाम तथा झारपात नियन्त्रणका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा ५० प्रतिशत सम्म अनुदानमा रोग किरा नाशक विषादी र उपकरण वितरण गर्न सकिने छ ।
- आई.पि.एम. प्रविधिको अनुशरण, विषादी वा विडरको प्रयोगबाट झारपात व्यवस्थापन, बायोफर्टिलाइजरको प्रयोग आदि विषयमा तालिम तथा प्रदर्शन सञ्चालन गर्न सकिने छ ।
- भकारो सुधार, गोठेमल तथा कम्पोष्ट मल तयारी, भर्मि कम्पोष्ट तयारी आदि कृयाकलापहरुको लागि सामग्री खरिदमा ५० सम्म प्रतिशत अनुदान उपलव्ध गराउन सकिने छ।
- तालिम आवश्यकता पहिचानको आधारमा एवं नविनतम् प्रविधिहरुबारे कृषक एवं कृषि उद्यमीहरुको ज्ञान, सिप एवं क्षमता अभिवृद्धि हुने खालका स्थलगत (१ दिने) तालिम स्थानीय तहको प्रचलित नर्मस अनुसार संचालन गर्न सकिनेछ । तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र वा कृषि अनुसन्धान केन्द्रबाट प्रशिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।
- मकैमा कोशे बाली र अन्य बालीहरु समावेश गरि अन्तरबाली व्यवस्थापन, मलखादको सन्तुलित प्रयोग, रोगकिराको जैविक विधिद्धारा व्यवस्थापन, पोष्ट हार्भेष्ट क्षती न्यूनीकरणका लागि उपयुक्त प्रविधि आदिको प्रदर्शन कार्यक्रम सत प्रतिशत अनुदानमा सञ्चालन गर्न सकिने छ।
- बालीचक्रको आधारमा छोटो अवधिमा पाक्ने कोशेबाली लगायतका बालीको निशुल्क उन्नत बीउ किट वितरण गर्न सकिने छ ।

**(ग) कृषि यान्त्रीकरण सहयोग :**

- स्थानीय तहभित्रका व्यक्तिगत फर्म, सामुदायिक संस्था, कृषि समूह वा सहकारीसंग लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि साना तथा मझौला कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि ५० सम्म प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । सो का लागि कृषि शाखाले कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक अध्ययन गरेका प्राविधिकले तयार गरेको स्पेशिफिकेशन र लागत अनुमानका आधारमा मूल्याङ्कनको आधार बनाइ लाभग्राहीको छनौट गर्न सक्ने छ । मेशिनरी खरिदको लागि प्रचलित आर्थिक नियम बमोजिम सम्झौता गरि एवं पेश्कि उपलब्ध गराइ मेशिन खरिद गरि कष्टम हायरिङ्ग सेन्टर स्थापना गरेपछि कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी दिइने छ । यसरी स्थापना हुने कष्टम हायरिङ्ग सेन्टरहरुले स्थानीय कृषकहरुलाई प्रचलित बजार मूल्य भन्दा कम दरमा भाडामा कृषि यन्त्र तथा उपकरण उपलब्ध गराउनु पर्नेछ । यस्तो कष्टम हायरिङ्ग सेन्टरहरुमा लेजर ल्याण्ड लेभलर, ट्याक्टर, ड्रायर, मल्टि क्रप प्लान्टरको अलावा ज्याब प्लान्टर, डिब्लर, विडर, मेज पिलर, कर्न सेलर, च्याफ कटर, आदि र अन्य साना, मझौला तथा ठूला मेशिनरीहरु राख्न सकिने छ । सामुदायिक वा व्यक्तिगत रुपमा स्थानीय तहमा स्थापना भएका कष्टम हायरिङ्ग सेन्टरहरुबाट कृषकहरुले कृषि यन्त्र तथा मेशिनरी भाडामा लिई प्रयोग गर्न सक्नेछन् । यसरी मेशिन भाडामा प्रयोग गर्दा मेशिन भाडा वापत लाग्ने कुल खर्चमा कृषकहरुलाई ५० % अनुदान दिन सकिनेछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) साना सिंचाई सहयोग

➢यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान  र सोलार पम्प जडानमा अनुदान उपलव्ध गराउन सकिने छ । सार्वजनिक/सामुदायिक साना सिँचाईमा बढिमा ८५ प्रतिशत अनुदान र व्यक्तिगत साना सिँचाई स्किमको लागि ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराइने छ । कृषकहरुको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिंचाई स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्न सकिनेछ । कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना  बढीमा रु. ७५०००।– र स्यालो टयुववेल जडानको हकमा प्रति स्किम बढीमा रु. ५०,०००। अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा भने एक वटा स्किमको लागि मात्र बढिमा रु.१५००००।-सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

(ङ) उत्पादन र विक्रीमा आधारित नगद प्रोत्साहन अनुदान

➢ सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका दाना उद्योगहरुसंग स्थानीय तहमा उत्पादित हाइब्रिड मकै खरिदको लागि सूचना आव्हान गरि प्रचलित मूल्यमा खरिद विक्रि गर्ने गरि मकै उत्पादन क्षेत्रका कृषक समूह तथा सहकारी र दाना उद्योग विच समझदारी गर्न सकिने छ । समझदारी अनुरुप हाइब्रिड मकै विक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी रु.५ (पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ ।यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

(च) स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु

➢ यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको मकै बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिने छन् भने अन्य सहयोगको हकमा अनुदान  ५० प्रतिशत सम्म हुनेछ । भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

(छ) कार्यक्रम व्यवस्थापन

➢ यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

➢ यस्तै बाली कटानी सम्बन्धी तथ्याङ्क संकलन *(५x२ वर्गमिटर बाट १ नमूनाको दरले ५ वटा Randomized (फरक फरक) नमूना लिई बाली कटानी गरि प्रति हेक्टर उत्पादनको हिसाव निकाल्ने),* बाली उत्पादनको लाभ-लागत तथ्याङ्क संकलन र कार्यक्रम र कृषकहरुसंग सम्बन्धित अन्य विवरण र तथ्याङ्क प्रचलित स्थानीय दररेट अनुसार लागत अनुमानको आधारमा संचालन गर्न सकिनेछ । बाली कटानी तथ्याङ्क संकलनका लागि कटानी भएको बाली परिमाणको स्थानीय दररेट अनुसार सम्बन्धित कृषकलाई क्षतिपूर्ति दिन सकिनेछ । यसरी संकलित विवरण माथिल्लो निकायमा समयमै प्रेषित गर्नुपर्नेछ ।

(७) मकै बाली प्रवर्द्धन कार्यक्रम (प्रदेश)

७.१ प्रमुख क्रियाकलापका क्षेत्र, क्रियाकलापहरुको विस्तृत विवरण:



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

### (क) मकै बीउ श्रोत केन्द्र विकास

- यस कार्यक्रम अन्तर्गत पहाडी क्षेत्रमा नेपाली कम्पोजिट र नेपाली हाइब्रिड जातको मकैको बीउ उत्पादनको लागि मकै श्रोत केन्द्र विकास क्रियाकलाप सञ्चालन गरिने छ। सूचित जातको मकैको श्रोत तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्रात उत्पादक कृषक समूह, सहकारी एवं सामुदायिक बीउ बैंकलाई **बीउ उत्पादन, आपूर्ति** तथा व्यवस्थापन निर्देशिका २०७८ बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ। तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रक्रिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । बीउ उत्पादनमा संलग्न कृषक समूह, कम्पनी, सहकारी तथा सामुदायिक बीउ बैकलाई बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका बीउ उत्पादन र प्रसोधन तथा बजारिकरणमा प्रयोग हुने सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- बजेटको उपलव्धताको आधारमा बीउ स्रोत केन्द्रको लागि बीउ भण्डारण कक्ष, थ्रेसिङ्ग फ्लोर निर्माण तथा मर्मत सुधार आदिको लागि ५० सम्म प्रतिशत अनुदान उपलब्ध गराउन सकिने छ ।

### (ख) प्रविधि परिक्षण र स्थानीय तहलाई प्राविधिक सहयोग र पृष्ठपोषण

- नेपाल कृषि अनुसन्धान परिषद् सँगको समन्वयमा उत्पादन लागत घटाउने र उत्पादन बढाउनमा सहयोग पुर्याउने एवं जलवायु परिवर्तन अनुकूलनका असल अभ्यास एवं प्रविधिहरु जस्तै; precision farming, site specific nutrient management, best management practice लगायतका विषयमा तालीम तथा प्रदर्शन सञ्चालन गर्न सकिने छ ।
- आई.पि.एम. प्रविधिको अनुशरण, रासायनिक मलको सन्तुलित प्रयोग, रोगकिराको जैविक विधिद्धारा व्यवस्थापन तथा Bio Control Agent लाई लक्षित गरी IDPM (Integrated Disease and Pest Management), विषादी वा विडरको प्रयोगबाट झारपात व्यवस्थापन, बायोफर्टिलाइजरको प्रयोग, सुक्ष्म तत्व प्रयोग, पोष्ट हार्भेष्ट क्षती न्यूनीकरणका लागि उपयुक्त प्रविधिको प्रदर्शन लगायतका सिफारिश प्रविधिहरुमा आधारित प्रदर्शन संचालन गर्न सकिनेछ ।
- परिक्षण तथा प्रदर्शनहरुको नतिजामा आधारित रहि स्थानीय तहका प्राविधिकहरुलाई लक्षित गरि तालिमहरु सञ्चालन गर्न सकिने छ । त्यसै गरि अन्य समस्याहरुमा आधारित वा नविनतम् विषयहरुमा पनि स्थानीय तहका प्राविधिकहरुलाई तालिम वा अन्य क्षमता विकासका कृयाकलापहरु सञ्चालन गर्न सकिने छ ।
- सञ्चालित प्रदर्शनहरुको नतिजा बारे स्थलगत रुपमा जानकारी गराउन कृषक दिवस तथा नविनतम् प्रविधिहरुबारे प्राविधिक एवं कृषकहरुलाई जानकारी दिन तथा समसामयिक विषयमा छलफल गर्न अन्तरकृया कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) कृषि यान्त्रिकरण सहयोग

➢ कृषक समूह, सहकारी तथा अन्य सामुदायिक संस्थाहरुलाई सामुहिक प्रयोजनको लागि कृषि मेशिनरी तथा उपकरण खरिदमा ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।स्थानीय आवश्यकताको समेतको आधारमा मकै सुकाउने ड्रायरको उपयोगलाई बढावा दिन ड्रायरको खरिदलाई प्राथमिकता दिनु पर्ने छ । कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापना गर्न चाहने नीजि फर्म एवं कृषक समूह, सहकारी तथा अन्य सामुदायिक संस्थाहरुलाई पनि मेशिनरी तथा उपकरण खरिदमा ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

(घ) प्रशोधन तथा बजारिकरण सहयोग

(१) प्रतिफलमा आधारित अनुदान

➢ यस कार्यक्रम अन्तर्गत हाइब्रिड मकै बिक्रि गर्ने कृषक र खरिद गर्ने दाना उद्योगहरुलाई प्रोत्साहन स्वरुप खरिद वा बिक्रि परिमाणको आधारमा अनुदान उपलव्ध गराइने छ । खरिद गर्ने दाना उद्योगहरुलाई हाइब्रिड मकै बिक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी बढिमा रु.५ (पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ । यसरी प्रोत्साहन अनुदान वितरण गर्दा सोही कार्यका लागि स्थानीय तहले वितरण गर्ने प्रोत्साहन अनुदानसंग दोहोरो नपर्ने गरी गर्नुपर्ने छ ।

(२) मकै परिकारको ब्राण्डिङ्ग तथा बजारिकरण

➢ यस कार्यक्रम अन्तर्गत मकै कच्चा पदार्थ प्रयोग गरि स्वदेशमा उत्पदित तयारी खाद्य वस्तुको उत्पादन गर्ने उद्योगहरुलाई ब्राण्ड बनाइ बजारिकरण गर्न आवश्यक सहजिकरण गरिनुका साथै आवश्यक सामग्री खरिदमा ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिने छ ।

(ङ) स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु

➢ यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको मकै बाली प्रबर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिने छन् भने अन्य सहयोगको हकमा अनुदान सिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

(च) कार्यक्रम व्यवस्थापन

➢ यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, अध्ययन, तथ्याङ्क संकलन, प्रगति प्रतिवेदन तयारी, कार्यक्रम समिक्षा र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछ ।

सचिव

(८) गहुँ बाली प्रवर्द्धन कार्यक्रम (स्थानीय तह)

८.१ प्रमुख क्रियाकलापका क्षेत्र, क्रियाकलापहरुको विस्तृत विवरण:

(क) गहुँ बालीको क्षेत्र विस्तार र बीउ उत्पादनमा सहयोग

- गँहुबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि नेपालमा उन्मोचित भएका गँहुको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- यस अन्तर्गत नेपालमा जातीय विकास भएका गँहुबालीका उन्नत जातहरु (Hard Wheat or bread wheat, पोषण सुधारका लागि Zn, Fe, Bo fortified तथा Durum wheat आदि) तथा नव उन्मोचित र उच्च उत्पादन दिने लोकप्रिय गहुँबालीका जातहरुको क्षेत्र विस्तारको लागि प्रति २ किलोको लागि बढिमा रु १००।का दरले हुने गरी नेपाली गहुँको बीउ किट अनुदानमा उपलब्ध गराउन सकिने छ ।
- गहुँ खेति विस्तार गर्न बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि तराईमा कम्तीमा ५ कठ्ठा र पहाडमा ३ रोपनी क्षेत्रफलमा प्रदर्शनका क्रियाकलाप संचालन गर्न सकिनेछ । उक्त क्षेत्रफलमा सञ्चालन गरिने प्रदर्शनमा प्रयोग गरिने बीउ र नेपाल सरकारले वितरण गर्ने अनुदानको डिएपी/यूरिया/म्यूरेट अफ पोटास मल क्रमशः ४ किलो, ६ किलो र २ किलो सत प्रतिशत अनुदानमा एवं प्रदर्शन बोर्डको खर्च उपलब्ध गराउन सकिने छ ।
- कम्तिमा तिन वर्ष लगातार धान खेति कटानी पछि खाली रहेको जग्गामा सिफारिश जातको गहुँ खेति गर्ने कृषकलाई सम्वन्धित स्थानीय तहले फिल्ड भेरिफिकेशन गरि प्रति कठ्ठा बढीमा रु. ६००। दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। गहुँ लगाएको ४५ दिन पश्चात सम्बन्धित स्थानीय तहको प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।
- Durum wheat लगायतका सूचित जातको गहुँको श्रोत तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्रात उत्पादक कृषक समूह, सहकारी एवं सामुदायिक बीउ बैंकलाई **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ।तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रक्रिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्रास गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।बीउ उत्पादनमा संलग्न कृषक समूह, कम्पनी, सहकारी तथा सामुदायिक बीउ बैकलाई बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका बीउ उत्पादन र प्रसोधन तथा बजारिकरणमा प्रयोग हुने सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- बीउ उत्पादनमा संलग्न कृषक समूह, सहकारीलाई श्रोत बीउ, बीउ ग्रेडर, प्याकेजिङ मेसिन, सीड ट्रिटर, लेभलिङ मेसिन बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, त्रिपाल लगायतका सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत सम्म अनुदानमा वितरण गर्न सकिनेछ । स्थानीय



सचिव

तहको कृषि शाखाले प्रादेशिक बीउ विजन प्रयोगशालासंग समन्वय गरी बीउ नमूना संकलन तथा परिक्षण कार्यमा सहजीकरण गर्नु पर्नेछ ।

(ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा

- यस अन्तर्गत गहुँका नँया उन्मोचित जात वा उन्मोचन क्रममा रहेका Durum wheat र Bio-fortified wheat को अलावा अन्य उत्कृष्ट जातहरुको कृषक स्तरमा जातीय प्रदर्शन/परिक्षण क्रियाकलाप संचालन गर्न सकिनेछ । सो का लागि प्रति प्रदर्शन कम्तीमा तराईमा १.५ कठ्ठा र पहाडमा १ रोपनी क्षेत्रफल हुने गरी प्रदर्शन क्रियाकलाप संचालन गर्न सकिनेछ । यस्तो प्रदर्शनमा उन्नत बीउ, सिफारिश अनुसारको रासायनिक मलखाद, सुरक्षित विषादि र प्रदर्शन बोर्ड आदिको लागि सत प्रतिशत अनुदान उपलब्ध गराउन सकिने छ ।
- स्थानीय स्तरमा प्रादेशिक कृषि प्रयोगशालासंगको समन्वयमा माटो जाँच शिविर संचालन गर्न सकिने छ । माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरुलाई बढिमा ५० प्रतिशत अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सकिने छ ।
- रोग कीरा रोकथाम तथा झारपात नियन्त्रणका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा बढिमा ५० प्रतिशत अनुदानमा रोग किरा नाशक विषादी र उपकरण वितरण गर्न सकिने छ ।
- आई.पि.एम. प्रविधिको अनुशरण, विषादी वा विडरको प्रयोगबाट झारपात व्यवस्थापन, बायोफर्टिलाइजरको प्रयोग आदि विषयमा तालिम तथा प्रदर्शन सञ्चालन गर्न सकिने छ ।
- भकारो सुधार, गोठेमल तथा कम्पोष्ट मल तयारी, भर्मि कम्पोष्ट तयारी आदि कृयाकलापहरुको लागि सामग्री खरिदमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिने छ।
- तालिम आवश्यकता पहिचानको आधारमा एवं नविनतम् प्रविधिहरुबारे कृषक एवं कृषि उद्यमीहरुको ज्ञान, सिप एवं क्षमता अभिवृद्धि हुने खालका स्थलगत (१ दिने) तालिम स्थानीय तहको प्रचलित नर्मस अनुसार संचालन गर्न सकिनेछ । तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र वा कृषि अनुसन्धान केन्द्र र अन्य सम्बन्धित निकायबाट प्रशिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) कृषि यान्त्रीकरण सहयोग

- स्थानीय तहभित्रका व्यक्तिगत फर्म, सामुदायिक संस्था, कृषि समूह वा सहकारीसंग लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि साना तथा मझौला कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । सो का लागि कृषि शाखाले कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक अध्ययन गरेका प्राविधिकले तयार गरेको स्पेशिफिकेशन र लागत अनुमानका आधारमा मूल्याङ्कनको आधार बनाइ लाभग्राहीको छनौट गर्न सक्ने छ । मेशिनरी खरिदको लागि प्रचलित आर्थिक नियम बमोजिम सम्झौता गरि एवं पेश्कि उपलब्ध गराइ मेशिन खरिद गरि कष्टम हायरिङ्ग सेन्टर स्थापना गरेपछि कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी दिइने छ ।यसरी स्थापना हुने कष्टम हायरिङ्ग सेन्टरहरुले स्थानीय कृषकहरुलाई प्रचलित बजार मूल्य भन्दा कम दरमा भाडामा कृषि यन्त्र तथा उपकरण उपलब्ध गराउनु पर्नेछ । यस्तो कष्टम हायरिङ्ग सेन्टरहरुमा लेजर ल्याण्ड लेभलर, ट्याक्टर, ड्रायर, जिरो टिलेज सिड कम फर्टिलाइजर ड्रिल, ह्यापी सिडरको अलावा रिपर, मिनि हार्भेस्टर र थ्रेसर र अन्य साना, मझौला तथा ठूला मेशिनरीहरु राख्न सकिने छ ।

➢सामुदायिक वा व्यक्तिगत रुपमा स्थानीय तहमा स्थापना भएका कष्टम हायरिङ्ग सेन्टरहरुबाट कृषकहरुले कृषि यन्त्र तथा मेशिनरी भाडामा लिई प्रयोग गर्न सक्नेछन् । यसरी मेशिन भाडामा प्रयोग गर्दा मेशिन भाडा वापत लाग्ने कुल खर्चमा कृषकहरुलाई बढिमा ५० % अनुदान दिन सकिनेछ।

**(घ) साना सिंचाई सहयोग**

➢यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा अनुदान उपलव्ध गराउन सकिने छ । सार्वजनिक/सामुदायिक साना सिँचाईमा बढिमा ८५ प्रतिशत अनुदान र व्यक्तिगत साना सिँचाई स्किमको लागि बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ । कृषकहरुको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिंचाई आयोजनाको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्न सकिनेछ । कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना बढीमा रु. ७५०००।– र स्यालो ट्युववेल जडानको हकमा प्रति स्किम बढीमा रु. ५०,०००। अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा भने एक वटा स्किमको लागि मात्र बढिमा रु.१५००००।-सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

**(ङ) उत्पादन र विक्रीमा आधारित नगद प्रोत्साहन अनुदान**

➢ सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका गहुँमा आधारित उद्योगहरुसंग स्थानीय तहमा उत्पादित गहुँ खरिदको लागि सूचना आव्हान गरि प्रचलित मूल्यमा खरिद बिक्रि गर्ने गरि गहुँ उत्पादन क्षेत्रका कृषक समूह तथा सहकारी र गहुँमा आधारित उद्योग बिच समझदारी गर्न सकिने छ । समझदारी अनुरुप गहुँ बिक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी रु.५ (पाँच) नगद प्रोत्साहन अनुदान दिन सकिनेछ ।यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

**(च) स्थानीय आवश्यकता र मागमा आधारित कियाकलापहरु**

➢ यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको गहुँ बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिने छन् भने अन्य सहयोगको हकमा अनुदान सिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

**(छ) कार्यक्रम व्यवस्थापन:**

➢ यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

➢ यस्तै बाली कटानी सम्बन्धी तथ्याङ्क संकलन *(५x२ वर्गमिटर बाट १ नमूनाको दरले ५ वटा Randomized (फरक फरक) नमूना लिई बाली कटानी गरि प्रति हेक्टर उत्पादनको हिसाव निकाल्ने)*, बाली उत्पादनको लाभ-लागत तथ्याङ्क संकलन र कार्यक्रम र कृषकहरुसंग सम्बन्धित अन्य विवरण र तथ्याङ्क प्रचलित स्थानीय दररेट अनुसार लागत अनुमानको आधारमा संचालन गर्न सकिनेछ । बाली कटानी तथ्याङ्क संकलनका लागि कटानी भएको बाली परिमाणको स्थानीय दररेट अनुसार सम्बन्धित



सचिव

कृषकलाई क्षतिपूर्ति दिन सकिनेछ । यसरी संकलित विवरण माथिल्लो निकायमा समयमै प्रेषित गर्नुपर्नेछ ।

(१०) अपेक्षित उपलब्धिहरुः

(क) प्रमुख खाद्यान्न बालीहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई देश खाद्यान्न उपलब्धतामा क्रमशः आत्मनिर्भरतातर्फ उन्नमुख हुने ।

(ख) धान/ चामल, मकै र गँहुको समग्र मूल्य श्रृखंला विकासमा योगदान दिई बढ्दो आयातलाई न्यूनीकरण गर्नमा सहयोग पुग्ने ।

(ग) उपलब्ध श्रोत साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्युनीकरण र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुने ।

(घ) बीउ प्रतिस्थापन दरमा वृद्धि भई प्रमुख खाद्यान्नबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने ।

(११) कार्यक्रम संचालन विधि/क्रियाकलापहरु/न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषयः

- धानबाली प्रवर्द्धन कार्यक्रम/मकैबाली प्रवर्द्धन कार्यक्रम/गँहुबाली प्रवर्द्धन कार्यक्रमका लागि सर्शत बजेट हस्तान्तरण भएका तोकिएका स्थानीय तहहरुले तोकिएका कार्यक्रमहरु उत्पादन ब्लकमा (एक स्थानीय तहमा बढीमा ५ वटा ब्लक) संचालन गर्नुपर्नेछ । यसरी उत्पादन ब्लक छनौट गर्दा भवन, बाटो वा कूलोले ओगटेको क्षेत्र बाहेक यथासम्भव भएसम्म एकआपसमा जोडिएका जग्गाका प्लटहरुबाट बनेको हुनु पर्नेछ । प्रत्येक ब्लकको क्षेत्रफल/ साइज निम्नानुसार हुनु पर्नेछः

| बाली | पहाड (हे.) | तराई (हे.) |
|---|---|---|
| धान | १० | २० |
| मकै | ५ | १० |
| गहुँ | ५ | १० |

- उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु सार्वजनिक सुचना आवहान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्नुपर्नेछ भने त्यस्ता क्रियाकलापका लागि आवश्यक सहयोगी क्रियाकलापहरु कृषि शाखाले नियमानुसार आफैले संचालन गर्न सक्नेछ ।
- स्थानीय तहले तोकिएको बालीमा मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ भने कुनै स्थानीय तहमा एकभन्दा बढी बालीको लागि सर्शत बजेट हस्तान्तरण भएको भए प्रत्येक बालीको लागि छुट्टाछुट्टै कार्यक्रम विस्तृतिकरण गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- प्रदेश तहबाट सञ्चालन गरिने कृयाकलापको हकमा प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयले प्रदेश स्थित धानबाली/मकैबाली/गँहुबाली प्रवर्द्धन कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयमा सशर्त अनुदान बजेट पठाउनु पर्ने छ । प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले अत्यावश्यक भएको अवस्थामा अनुगमन लगायतको प्रयोजनको लागि विनियोजित बजेटको बढिमा ५ प्रतिसत राखि बाँकि बजेट छनौट गरिएका प्रादेशिक कृषि इकाईहरुमा पठाइदिनु पर्ने छ ।
- जिल्लास्थित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयले समन्वय गरि स्थानीय तहले सञ्चालन गर्ने कृयाकलापलाई सहयोग पुग्ने गरि क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने छ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- संघीय सशर्त बजेटको आकारको आधारमा स्थानीय तहमा धानबाली/मकैबाली/गँहुबाली प्रवर्द्धन कार्यक्रम लागू नभएका जिल्लाहरुमा आवश्यकता अनुसार यस कार्यविधि बमोजिम कृयाकलाप सञ्चालन गर्न सकिने छ ।
- जिल्लास्थित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयले धानबाली/मकैबाली/गँहुबाली प्रवर्द्धन कार्यक्रम लागू भएका स्थानीय तहहरुसंग नियमित सम्पर्कमा रहि कार्यक्रम सञ्चालनको लागि आवश्यक मार्गदर्शन र प्राविधिक तथा व्यवस्थापकिय सहयोग गरिदिनु पर्ने छ ।
- जिल्लास्थित कृषि इकाईहरुले सहयोग र अन्य अनुदान कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय तह बाट संचालित कार्यक्रमसँग दोहोरो नपर्ने गरि संचालन गर्नु पर्ने छ ।
- यस कार्यविधिमा कुनै कृयाकलाप सञ्चालन गर्दा खर्च गर्न सकिने बजेट र अनुदानको सीमा लगायतका विषय उल्लेख नभएको अवस्थामा बजेटको उपलव्धता र आवश्यकताको आधारमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि लागत अनुमान तयारी तथा बजेट बाँडफाँड गरि कृयाकलाप सञ्चालन गर्न सकिने छ ।

## ३२.कार्यक्रमको नाम: रैथाने बाली प्रवर्द्धन कार्यक्रम

**(१)परिचयः** स्थानीय खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार गर्न तथा प्रमुख खाद्यान्नको तिव्र दरमा भई रहेको आयात न्यूनिकरण गरी प्रमुख खाद्यान्नमा आत्मनिर्भता तर्फ अघि बढ्न रैथाने खाद्यान्न बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृँखला विकासमा सहयोग पुर्याउन संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत सातै प्रदेश र तोकिएका स्थानीय तहहरु मार्फत राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुनेछ ।रैथाने बाली अन्तर्गत कोदो, कागुनो, चिनो, उवा लगायतका बालीहरुलाई प्राथमिकतामा राखि यो कार्यक्रम सञ्चालन गरिने छ । तथा स्थान विशेषको सम्भाव्यता र विद्यमान लोकप्रियताको आधारमा अन्य रैथाने बाली एवं जातहरुका लागि पनि यो कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**(२) उद्देश्यः**

- स्थानीय खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने।
- रैथाने बालीको उत्पादन वृद्धि तथा बजार प्रवर्द्धन गरि कृषकहरुको आयस्तरमा वृद्धि गराउने ।
- रैथाने बालीहरुको संरक्षण संरक्षण मार्फत जातिय विकास र जैविक विविधता संरक्षणमा टेवा पुर्याउने ।

**(३) लक्षित समुहः** कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, होमस्टे संचालक, रैथाने बालीको परिकार विविधिकरण तथा कच्चा पदार्थको उत्पादन र वजारिकरणमा संलग्न व्यक्ति, फर्म तथा सामुदायिक संस्थाहरु लगायत मूल्य श्रंखलाका अन्य सरोकारवालाहरु।

**(४) संचालन गरिने प्रमुख क्रियाकलापहरु (स्थानीय तह):**

**४.१ क्रियाकलापहरुको विस्तृतीकरण**

**(क) रैथाने बाली क्षेत्र विस्तार सहयोग तथा प्रोत्साहन अनुदान**

**(१) बीउ किट वितरणः** रैथाने बालीको उन्नत एवं सूचिकृत रैथाने जात र स्थानीय स्तरमा लोकप्रिय जातको बीउ वितरण गर्न सकिनेछ ।सो का लागि प्रति किट बढिमा रु १००। का दरले निशुल्क वितरण गर्न सकिनेछ ।



सचिव

(२) **क्षेत्र विस्तार प्रोत्साहन अनुदान:**आफ्नो वा लिजमा लिएको कम्तिमा पछिल्लो तिन वर्ष खेति नगरि बाँझो रहेको जमिन खनजोत गरि स्थानीय तहले तोकेका रैथाने बाली वा रैथाने जातको खेति गर्ने कृषकलाई प्रोत्साहन अनुदान उपलव्ध गराउन सकिनेछ ।सो का लागि प्रति कट्ठा बढिमा रु ६००।वा प्रति रोपनी बढिमा रु ९००। का दरले खर्च गर्न सकिनेछ। त्यसै गरि १ हेक्टरमा रैथाने बाली खेति गर्ने कृषकलाई पनि प्रति कट्ठा बढिमा रु ६००।वा प्रति रोपनी बढिमा रु ९००। का दरले प्रोत्साहन अनुदान दिन सकिने छ।बाली लगाएको ४५ दिन पछि प्राविधिकले स्थलगत अनुगमन गरि बाली लगाएको क्षेत्रफल एकिन गरि अनुदानको लागि सिफारिश गर्नु पर्ने छ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनु पर्नेछ ।

(३) **रैथाने बालीको उत्पादनमा प्रोत्साहन अनुदान:**
रैथाने बालीको प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादन लागत कम गरि खेति विस्तार गर्न सहयोग पुर्याउन रैथाने बालीको खेति गर्ने कृषकलाई उत्पादनको आधारमा प्रति किलो उत्पादनको लागि बढिमा रु १०। प्रोत्साहन बापत उपलव्ध गराउन सकिने छ । यसको लागि स्थानीय तहले रैथाने बाली एवं जात तोकि सूचना मार्फत आव्हान गरि खेति गरेको जग्गा र बालीको उत्पादनको आवश्यक फिल्ड भेरिफिकेशन गरि अनुदान रकम सम्वन्धित कृषकको खातामा हालिदिनु पर्ने छ । रैथाने बाली क्षेत्र विस्तार सहयोग तथा प्रोत्साहन अनुदानको माग बढि भइ छुट्याएको रकम अपुग हुने भएमा प्रोत्साहन अनुदान कम गर्न वा क्राइटेरिया बनाइ लाभग्राही छनौट गर्न सकिने छ ।

(ख) **रैथाने बालीको महत्वबारे सचेतना एवं प्रचार प्रसार**

(१) **जानकारीमूलक सन्देश प्रसारण:** कृषि शाखा मार्फत स्थानीय एफ.एम./रेडियो तथा अन्य माध्यमसंग सम्झौता गरि रैथाने बालीको महत्व बारेमा निरन्तर प्रसारण तथा प्रकाशन सम्बन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(२) **सचित्र होडिङ बोर्ड राख्ने:** रैथाने बालीको महत्वबारे जानकारी तथा प्रचार प्रसारको लागि धेरै मानिसले देख्ने स्थानमा सचित्र होडिङ बोर्ड राख्न सकिनेछ ।

(३) **सचेतना तालिम:** खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी महिला स्वास्थ्य स्वंयम सेवीका, सामाजिक कार्यकर्ता, गैर सरकारी संस्थाका समुदायस्तरमा कार्यरत कर्मचारी र विद्यालयका शिक्षकका लागि सचेतना तालिम दिन सकिनेछ ।सो का लागि स्थानीय तहका शिक्षा र स्वास्थ इकाईहरुसंगको समन्वयमा सहभागी छनौट गरी एक दिने तालिमको विषयवस्तु तयार गरि २० जना सहभागीलाई तालिम दिन सकिनेछ ।

(४) **औपचारिक कार्यक्रमहरुमा रैथाने खाद्यान्नमा आधारित परिकार उपभोग अभियान सञ्चालन गर्ने:** रैथाने बालीको महत्व पौष्टिक र अन्य महत्व बारे सचेतना एवं प्रचार प्रसार गरि मूल्य श्रंखला विकासमा टेवा पुर्याउन स्थानीय तह अन्तर्गत आयोजना हुने सार्वजनिक सभा, समारोह, भेला, गोष्ठी, तालिम, बैठक आदिमा सर्भ गरिने खाजा स्थानीय स्तरमा नै उपलव्ध रैथाने खाद्यान्नमा आधारित बनाउने बारे स्थानीय तहको कार्यपालिकाबाट निर्णय गराइ लागू गर्न सकिने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**(ग) रैथाने बाली प्रवर्द्धनमा स्थानीय विद्यालयसंग सहकार्यः**

**(१) रैथाने बालीको स्थानीय पाठ्यक्रम लागू गर्नेः** स्थानीय तहले रैथाने बालीको महत्व र खेति प्रविधि एवं परिकार विविधिकरण तथा मूल्य अभिवृद्धि सम्वन्धि विषयहरु समेटी स्थानीय स्तरमा बढि पाइने र उपयोगी रैथाने बालीमा आधारित विद्यालय स्तरको निम्न माध्यमिक/माध्यमिक शिक्षाको स्थानीय पाठ्यक्रम तथा कोर्स बुक तयार गरि लागू गर्न सक्ने छन् । पाठ्यक्रम तथा कोर्स बुक तयार गर्न लाग्ने खर्च यस कार्यक्रमबाट गर्न सकिने छ ।

**(२) रैथाने खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रम लागू गर्नेः** रैथाने बालीको महत्व र परिकारबारे विद्यार्थीहरुलाई जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउनको लागि विद्यालय छनौट एवं मोडालिटी तयार गरि सम्झौता गरि आर्थिक तथा प्राविधिक सहयोग गर्ने गरी क्रियाकलाप संचालन गर्न सकिनेछ।

**(३) विद्यालय फिल्ड जिन बैंक स्थापनाः** रैथाने बाली र अन्य आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधता संरक्षण एवं विद्यार्थीको सिकाई प्रक्रियालाई मद्दत पुर्याउन विद्यालय परिसरमा फिल्ड जिन बैंक स्थापना गर्न सकिने छ ।

**(घ) माटो स्वास्थ्य सुधार, प्रविधि प्रसार एवं प्राविधिक सेवा टेवा**

**(१) नमूना भकारो सुधार अभियान/सुधारिएको गोठेमलः** कृषि शाखाले कम्तिमा १० घरको क्लस्टरमा कार्यक्रम सञ्चालन हुने गरी लाभग्राहीसंगको सम्झौता गरी क्रियाकलाप संचालन गर्नुपर्नेछ । सो का लागि कृषि शाखाले कार्यक्रमको लागत अनुमान तयार गरिदिनु पर्नेछ । यस अन्तर्गत आवश्यक सामाग्रीमा ५० प्रतिसत सम्म अनुदान वा प्रति परिवार बढिमा रु ७०००। का दरले अनुदान दिन सकिनेछ ।

**(२) कम्पोष्ट मल तयारी**

गड्यौंले मल उत्पादन तथा स्थानीय बायोगाराको प्रयोग गरि कम्पोष्ट मल तयारी गर्ने कृषकलाई सामग्रिमा ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिने छ ।

**(३) कोशेबालीको उन्नत बीउ वितरणः** माटोको उर्वराशक्ति सुधारको लागि पाखो बारीमा कोशेबालीको उन्नत बीउ किट सत प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ ।

**(४) रैथाने बाली सम्वन्धि तालिमः** कृषि शाखाले रैथाने बालीको महत्व, खेति प्रविधि र संरक्षणबारे स्थानीय कृषक, महिला स्वास्थ्य स्वयंसेवक, शिक्षक, सामाजिक कार्यकर्ता, गैससका कर्मचारी आदिलाई एक दिने तालिम आयोजना गर्ने सकिनेछ ।

**(ङ) प्रसोधन, मूल्य अभिवृद्धि एवं परिकार विविधिकरण तथा बजारीकरण सहयोग**

**(१) मेशिनरी तथा उपकरण सहयोग :** सामुहिक वा नीजि रैथाने बालीको प्रशोधन केन्द्र स्थापनाको लागि चुट्ने मेशिन, फल्ने (dehulling/dehusking) मेशिन, भण्डारण व्याग वा बिन, कुट्ने तथा पिस्ने मिल आदि लाभग्राहीसंगको सम्झौता वा मागको आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ। रैथाने बालीमा आधारित परिकार बिक्रि गर्ने सामुहिक वा नीजि रेष्टुरेन्टको लागि ओभन, मिक्चर, ट्रे, रेफ्रिजेरेटर, डिजिटल ब्यालेन्स आदि खरिदमा लाभग्राहीसंगको सम्झौताको आधारमा खरिद र जडान गरे पछि बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराउन सकिनेछ।



सचिव

(२) **रैथाने बाली परिकार विविधिकरण तालिम तथा प्रदर्शनी**: रैथाने बालीको परिकार तयारीबारे दुई दिने तालिम आयोजना गरि तालिम सम्पन्न भए पश्चात सहभागीहरुबाट तयार गरिएको र अन्य रैथाने खाद्य एवं परिकारको सार्वजनिक स्थानमा प्रदर्शनी गर्ने गरी क्रियाकलाप संचालन गर्न सकिनेछ ।

(३) **कोशेली घर संचालन सहयोग**: स्थानीय स्तरमा रैथाने बालीका उपज तथा खाद्य परिकार विक्रि स्टल वा कोशेली घर संचालनका लागि आवश्यक र्याक/सो केश लगायतका सामग्रीहरु खरिद गर्नका लागि बढिमा ५० प्रतिशत अनुदानमा वा बढीमा रु ३०,०००। सम्म खर्च गर्न सकिनेछ ।

(४) **खाद्य परिकार मेला आयोजनाः** स्थानीय तहको केन्द्र वा उपयुक्त बजार केन्द्रमा सम्भव भए सम्म साझेदारीमा खाद्य परिकार मेला तथा प्रदर्शनी आयोजना गर्न सकिने छ ।

(५) **मेला/महोत्सवमा सहभागी हुनेः** जिल्ला सदरमुकाम वा जिल्ला बाहिर सञ्चालन हुने रैथाने बाली सम्बन्धि मेला/प्रदर्शनी वा महोत्सवमा सहभागी हुनका आवश्यकता अनुसार उपज ढुवानी, कृषक/व्यवसायीको लागि नियमानुसारको दैनिक तथा भ्रमण भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

(६) **होमस्टे मार्फत रैथाने बाली एवं परिकार प्रवर्द्धन**: रैथाने खाद्य पदार्थ एवं परिकार सर्भ गर्ने नीजि तथा सामुदायिक होमस्टेलाई स्थानीय रैथाने बालीका उत्पादक कृषक, कृषक समुदाय, सामुदायिक बीउ बैंक आदिसंग सम्पर्क स्थापित गर्नमा सहजिकरण गरिने छ । साथै होमस्टे मार्फत रैथाने कृषि उपज तथा परिकार तयारी र विक्रि वितरणको लागि आवश्यक सामग्री एवं प्रशोधन उपकरण खरिदको लागि ५० प्रतिशत सम्म अनुदानमा अधिकतम रु ५०,०००।सम्म खर्च गर्न सकिनेछ ।

(७) **ब्राण्डिङ्ग सहयोग**: रैथाने बालीमा आधारित उत्पादनको प्याकेजिङ्ग र ब्राण्डिङ्गमा प्रयोग हुने सामग्रीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

(च) रैथाने बाली तथा कन्दमूल बाली संरक्षण

(१) **सामुदायिक बीउ बैंक स्थापना/सुदृढिकरण**: यस अन्तर्गत रैथाने बाली संरक्षणका कृयाकलापहरु सञ्चालनको लागि कृयाशिल वा नयाँ सामुदायिक बीउ बैंकहरु छनौट गरी सम्झौता पश्चात कार्यक्रम संचालन गर्न सकिनेछ।सो का लागि Diversity block स्थापना तथा व्यवस्थापन, बीउ राखे भाँडो, दराज/न्याक आदि निर्माण/खरिद र बीउपूँजी कोष स्थापना सहयोग, लोपोन्मुख रैथाने जातको राष्ट्रिय जिन बैंकमा संरक्षण गर्नको लागि passport data फारम भरि विवरण राष्ट्रिय जिन बैंकमा पठाउने आदि कृयाकलापहरु सञ्चालन गर्न सकिने छ।

(२) **रैथाने बाली एवं जातको बीउ उत्पादनः** रैथाने बाली एवं जातको संरक्षण र उपयोगलाई बढावा दिन स्थानीय स्तरमा कृयाशिल सामुदायिक बीउ बैंक, बीउ उत्पादक कृषक समूह तथा सहकारीले सूचिकृत रैथाने बाली एवं जातको बीउ बजारिकरणको लागि सहजिकरण गरिदिनु पर्नेछ । साथै सम्बन्धित स्थानीय तहले रैथाने बालीको बीउ किट वितरणमा यसरी उत्पादित बीउ खरिद गर्न सक्नेछ ।बीउ उत्पादन, प्रशोधन, भण्डारण तथा गुणस्तर नियन्त्रण तालिम र मेशिनरी उपकरण एवं सामग्री ५० सम्म प्रतिशत सहयोग उपलब्ध गराउन सकिने छ ।

(३) **सम्मान र पुरस्कारः** रैथानेबाली उत्पादन, प्रवर्द्धन र संरक्षणमा उत्कृष्ट कार्य गर्ने कृषक/कृषि उद्यमी/कृषकसमूह/सामुदायिक बीउ बैंक आदिलाई समितिको निर्णयले छनौट गरि सार्वजनिक कार्यक्रम आयोजना गरि वा आयोजित अन्य कृषि कार्यक्रममा पुरस्कार सहित सम्मान गर्न सकिनेछ ।सोका लागि पुरस्कार र कार्यक्रमको आयोजना समेत गरि अधिकतम रु.४०, ०००। सम्म खर्च गर्न सकिनेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

**(४) कन्दमूल बाली तथा जंगली प्रजातिको संरक्षण र उपयोग**

स्थानीय स्तरमा प्रचलित कन्दमूल बाली तथा खान योग्य जंगली प्रजातिको संरक्षण र उपयोगको लागि व्यक्तिगत रैथाने बाली एवं कृषि जैविक विविधता संरक्षणमा कृयाशिल कृषक, कृषक समूह, सहकारी तथा सामुदायिक बीउ बैंकबाट संरक्षण तथा उपयोग प्रस्ताव माग गरि बीउ तथा प्रसारण सामग्रीमा सत प्रतिशत अनुदान र अन्य सहयोगमा बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराउन सकिने छ ।

**(छ) मागमा आधारित क्रियाकलापहरु:**

यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम, गोष्ठी, भ्रमण लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिनेछन् भने अन्यको हकमा अनुदान सिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

**(ज) कार्यक्रम व्यवस्थापन:** यस अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यान्वयन गर्न आवश्यक गोष्ठी र बैठक सञ्चालन, कार्यक्रम अनुगमन र निरिक्षण, कार्यक्रमको प्रचार प्रसार, कार्यक्रम सञ्चालन सम्वन्धि सूचनाहरुको प्रकाशन एवं प्रसारण, लाभग्राही छनौटको लागि स्थलगत मूल्याङ्कन भ्रमण आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

**(५) रैथाने बाली प्रवर्द्धन कार्यक्रम (प्रदेश)**

**५.१ प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापहरुको विस्तृतीकरण**

प्रदेश अन्तर्गतको कृषि ज्ञान केन्द्र वा जिल्लास्थित कृषि कार्यालय (यस पछि निकाय भनिने) ले रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालित स्थानीय तहहरुको क्षमता विकास तथा प्राविधिक सहयोग गर्दै सोहि कार्यक्रमलाई परिपुरक हुने गरि स्थानीय तहको रैथाने बालीहरुको उत्पादनलाई विविधिकरण र बजार प्रवर्द्धन गर्ने तथा उत्पादन लागत घटाउन तथा मूल्य अभिवृद्धिका लागि आवश्यक मेशिन उपकरण, पूर्वाधार र प्रविधिहरुमा सहयोग जस्ता कार्यक्रम निम्न बमोजिमको क्रियाकलापहरुमा केन्द्रित रहि संचालन गर्न सक्ने छ ।

**(क) सचेतना अभिवृद्धि:** यस अन्तर्गत देहाय अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिने छः-

(अ) महिला स्वास्थ्य स्वयंसेविका, आइ पि एम सहजकर्ताहरु, सामाजिक परिचालक, गैर सरकारी संस्थाका फिल्डस्तरका कर्मचारी, शिक्षक आदिलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी तालिम ।

(आ) प्रादेशिक तथा राष्ट्रिय स्तरका विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ एम बाट जानकारी मूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होर्डिङ्ग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, सडक नाटक आदि) ।

(इ) ख्याती प्राप्त कलाकार/राष्ट्रिय व्यक्तित्वसँगको सहयोगमा सूचना तथा सन्देश उत्पादन प्रशोधन र प्रसारण ।



सचिव

(ई) रैथाने बालीको सचेतना र प्रचार प्रसार बढाउन सरोकारवाला निकायहरुको अन्तरकृया कार्यक्रम

(ख) **प्राविधिक सेवा टेवा:** यस अन्तरगत जिल्लास्थित रैथाने बाली उत्पादन क्षेत्रका कृषक समूह/सहकारी/ सामुदायिक बीउ बैंकमा आवद्ध कृषकलाई लक्षित गरि यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गर्न सकिने छः-

(अ) रैथाने बाली उन्नत खेती प्रविधि सम्बन्धी तालिम

(अ) तालिम श्रोत सामग्री तयारी, प्रकाशन तथा वितरण

(आ) प्रदर्शन तथा सहभागितात्मक जातीय छनौटका क्रियाकलाप संचालन

(इ) प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar संचालन

(ई) क्लस्टरमा भकारो सुधार तथा कम्पोष्टिङ्ग

(ग) **परिकार विविधकरण तथा मूल्य अभिवृद्धि:** रैथाने बालीको प्रवर्द्धन तथा संरक्षणमा संलग्न रहेका कृषक समूह, सहकारी निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समिति यस अन्तर्गत समावेश हुन सक्नेछन् । यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गर्न सकिने छ

(अ) होटल व्यवसायी, होमस्टे संचालक, उद्यमी, सामुदायिक बीउ बैंकका सदस्य, कृषक समूह तथा सहकारीका सदस्यहरुलाई परिकार विविधिकरण सम्बन्धी तालिम संचालन ।

(आ) परिकार विविधिकरण तालिम लिने सहभागीलाई बढिमा ५० प्रतिशत अनुदानमा परिकार विविधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका मेशिनरी तथा उपकरण र वस्तुगत सहयोग ।

(इ) रैथाने बालीको प्याकेजिङ्ग र लेवलिङ्गमा अनुदान सहयोग ।

(ई) बाली चुट्ने तथा फल्ने मेशिन तथा उपकरण

(घ) **रैथाने बालीको उत्पादनमा प्रोत्साहन अनुदानः** रैथाने बालीको प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादन लागत कम गरि खेति विस्तार गर्न सहयोग पुर्याउन कम्तिमा १० हेक्टरमा क्लस्टरमा रैथाने बालीको खेति गर्ने कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक र नीजि उद्यमीलाई उत्पादनको आधारमा प्रति किलो उत्पादनको लागि बढिमा रु १०। प्रोत्साहन बापत उपलव्ध गराउन सकिने छ । यसको लागि निकायले रैथाने बाली एवं जात तोकि सूचना मार्फत आव्हान गरि खेति गरेको जग्गा र बालीको उत्पादनको आवश्यक फिल्ड भेरिफिकेशन गरि अनुदान रकम सम्वन्धित कृषकको खातामा हालिदिनु पर्ने छ ।

(ङ) **बजारीकरण सहयोग:** रैथाने बालीका उत्पादनलाई वजारसम्म लैजान सहयोग पुग्ने गरी निम्नानुसारका क्रियाकलापहरु संचालन गर्न सकिने छ गरिनेछः-

(अ) सिलिङ मेशिनमा अनुदान सहयोग ।

(आ) उत्पादित रैथाने उपजको प्याकिङ्ग तथा लेवलिङ्गका लागि सामाग्रीमा अनुदान ।

५१

सचिव

(इ) रैथाने बालीका उत्पादनहरुको सहज आपूर्तिका लागि जिल्लाको सदरमुकाम वा मुख्य शहरहरुमा आधिकारिक बिक्री केन्द्र निर्माणमा सहयोग ।

(ई) खाद्य मेला, प्राङ्गारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम ।

(उ) क्रेता र बिक्रेता बीच सञ्जाल निर्माण।

(ऊ) रैथाने बालीका उत्पादन शहर बजारमा बिक्रि गर्नको लागि ढुवानी अनुदान ।

**(च) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण:** यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गर्न सकिने छ गरिनेछ:-

(अ) सामुदायिक बीउ बैकको स्थापना ।

(आ) रैथाने बालीको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन (प्रदेश तथा जिल्लास्तरमा) ।

(इ) रैथाने बाली प्रवर्द्धन तथा अभिलेखिकरण प्रदेश/जिल्ला स्तरको गोष्ठी सञ्चालन ।

(ई) रैथाने बाली जातीय दर्ता प्रक्रियामा सहजीकरण ।

(उ) Image Bank को स्थापना: विभिन्न रैथाने बालीहरुको संरक्षण गर्न कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरुमा रहेका रैथाने बालीहरुका डिजिटल तस्वीरहरु कृषि ज्ञान केन्द्रहरु मार्फत सङ्कलन गरी संरक्षण गरिनेछ । इमेज बैंक तयार गर्दा रैथाने बालीको नाम, वैज्ञानिक नाम, फैलावट, मूख्य बानस्पतिक विवरण आदि अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(ऊ) Diversity Block स्थापना: विभिन्न रैथाने बालीहरुको संकलन गरी संरक्षण गर्ने ।

**(छ) कार्यक्रम व्यवस्थापन:** यस अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यान्वयन गर्न आवश्यक बैठक सञ्चालन, कार्यक्रम अनुगमन र निरिक्षण, कार्यक्रमको प्रचार प्रसार, कार्यक्रम सञ्चालन सम्वन्धि सूचनाहरुको प्रकाशन एवं प्रसारण, लाभग्राही छनौटको लागि स्थलगत मूल्याङ्कन भ्रमण आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

**(६) अपेक्षित उपलब्धिहरु:**

- उपलब्ध श्रोत साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्युनीकरण र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुने ।
- ग्रामिणस्तरमा रैथाने बालीहरुको संरक्षण, उत्पादन तथा बजार प्रवर्द्धन भई कृषकहरुको आयस्तरमा वृद्धि भएको हुने एवं स्थानीय खाद्य तथा पोषण सुरक्षामा समेत टेवा पुगेको हुने ।

**(७) कार्यक्रम संचालन विधि/ न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:**

- स्थानीय तहमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम उत्पादन ब्लकमा (एक स्थानीय तहमा बढीमा ५ वटा ब्लक) संचालन गर्नुपर्नेछ । यसरी उत्पादन ब्लक छनौट गर्दा भवन, बाटो वा कूलोले


सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

ओगटेको क्षेत्र बाहेक यथासम्भव भएसम्म एकआपसमा जोडिएका जग्गाका प्लटहरुबाट बनेको हुनु पर्नेछ । प्रत्येक ब्लकको क्षेत्रफल/ साइज कम्तीमा ५ हेक्टरको हुनु पर्नेछ ।

- उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु सार्वजनिक सुचना आवहान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्नुपर्नेछ भने त्यस्ता क्रियाकलापका लागि आवश्यक सहयोगी क्रियाकलापहरु कृषि शाखाले नियमानुसार आफैले संचालन गर्न सक्नेछ ।
- प्रदेश तहबाट सञ्चालन गरिने कृयाकलापको हकमा प्रदेशस्थित कृषि मन्त्रालयले उक्त प्रदेश स्थित रैथाने बाली प्रवर्द्धन कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय (निकाय) मा सशर्त अनुदान बजेट पठाउनु पर्ने छ । प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले अत्यावश्यक भएको अवस्थामा गोष्ठी, अनुगमन लगायतको प्रयोजनको लागि न्यूनतम बजेट राखि बाँकि बजेट छनौट गरिएका निकायहरुमा पठाइदिनु पर्ने छ ।
- प्रदेशमार्फत रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालनका गर्दा स्थानीय तहमार्फत संचालित कार्यक्रमलाई पुरक हुने गरि संचालन गर्नुपर्नेछ स्थानीय तहको प्राविधिक क्षमता अभिवृद्धिमा प्राथमिकता दिनु पर्नेछ ।
- निकायहरुले मूलतः जिल्लास्थित कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । जिल्लामा कुनै स्थानीय तहमा यो कार्यक्रमको लागि संघीय सशर्त अनुदान नगएको अवस्थामा स्थानीय आवश्यकता अनुसार यस कार्यविधि अनुसार ।तर क्षेत्रफल विस्तार, उत्पादनमा प्रोत्साहन, बजारिकरणमा सहयोग लगायतका सहयोग र अन्य अनुदान कार्यक्रमहरु स्थानीय तह बाट संचालित कार्यक्रमसँग नदोहोरिने गरि संचालन गर्न सकिने छ ।
- कार्यक्रम र बजेटमा उल्लेख भएका कृयाकलापहरुको निकायहरुले स्थानीय तहहरुको अनुरोध बमोजिम प्रदर्शन कार्यक्रम सञ्चालन, तालिम सञ्चालन लगायतका अन्य कृयाकलाप सञ्चालनमा प्राविधिक सहयोग गर्न सक्ने छन्।
- यस कार्यविधिमा कुनै कृयाकलाप सञ्चालन गर्दा खर्च गर्न सकिने बजेट र अनुदानको सीमा लगायतका विषय उल्लेख नभएको अवस्थामा बजेटको उपलव्धता र आवश्यकताको आधारमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि लागत अनुमान तयारी तथा बजेट बाँडफाँड गरि कृयाकलाप सञ्चालन गर्न सकिने छ ।

**३३.कार्यक्रमको नाम: दलहन बाली प्रवर्द्धन कार्यक्रम (राष्ट्रिय खाद्य सुरक्षा मिसन)**

(१) **परिचय:** नेपालीहरुको दैनिक खानपानको अभिन्न भागका रुपमा रहेको दाल एवं देशको खाद्य सुरक्षामा महत्वपूर्ण योगदान दिने दलहन बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृँखला विकासमा सहयोग मार्फत देशमा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न, दलहन जन्य उपजहरुको आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्युनीकरण गर्नका लागि संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत तोकिएका प्रदेशहरु र स्थानीय तहहरुमा राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत दलहन बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनमा हुने छ । यस कार्यक्रम अन्तर्गत स्थानीय सम्भाव्यताको आधारमा मसुरो, मास, रहर, मुँग, चना लगायतका दलहन बालीहरुलाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरिने छ ।



सचिव

(२) उद्देश्यः

- देशमा दलहन बालीहरुको स्थानीय स्तरमा उत्पादन वृद्धि गरि खाद्य पोषण सुरक्षामा सुधार गर्ने ।
- उपलव्ध उत्पादन सामग्री र स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्न र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्धत पुर्याउने ।
- आयात कम गरि दलहन बाली एवं दालजन्य उपजहरुमा क्रमशः आत्मनिर्भरता बढाउने ।

(३) **लक्षित समुहः** व्यक्तिगत कृषक, कृषक समूह, कृषि सहकारी, दाल मिल लगायत मूल्य श्रंखलाका अन्य सरोकारवालाहरु ।

(४) **प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापहरुको विस्तृत विवरण (स्थानीय तह):**

(क) **क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग**

- दलहन बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि नेपालमा उन्मोचित भएका दलहन बालीको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- दलहन बालीको क्षेत्रफल विस्तारका लागि अनुसन्धानबाट सिफारिश उन्नत जात (खजुरा मुसुरो ३ लगायत) को बीउ किट प्रति १ किलो सत प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ ।
- दलहन बालीको क्षेत्र विस्तारमा सघाउ पुर्याउन दलहन बाली पछि मकै खेति गर्न इच्छुक कृषकलाई मकैको उन्नत बीउ बढिमा ५० प्रतिशत अनुदानमा (प्रति कृषक बीउमा अनुदान उपलव्ध गराउन सकिने अधिकतम् र न्यूनतम क्षेत्रफल) स्थानीय तह आफैंले तोकी उपलव्ध गराउन सकिने छ।
- दलहन बालीका नयाँ उन्मोचित वा दर्ता भएको जातहरुको बृहत क्षेत्र प्रदर्शन (Large plot demonstration) का लागि कम्तीमा ५ कठ्ठामा प्रदर्शनका क्रियाकलाप संचालन गर्न सकिनेछ । यस्तो प्रदर्शनमा उन्नत बीउको साथै राइजोवियम शुक्ष्म तत्व, विषादि र प्रदर्शन बोर्ड आदिको लागि सत प्रतिशत अनुदान उपलव्ध गराउन सकिने छ ।
- स्थानीय तहको कृषि शाखाले दलहन बालीको क्षेत्रफल विस्तारका लागि बाँझो जमिनमा दलहन बाली खेती गर्ने वा अन्य बालीको सट्टा दलहन बाली खेती गरेका लाभग्राहीहरुलाई प्रति कट्ठा बढीमा रु. ६००। का दरले नगद प्रोत्साहन अनुदान उपलव्ध गराउन सक्नेछ। सो क्रियाकलापका लागि बाली लगाएको ४५ दिन पश्चात स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।
- गहुँ बली कटानी पछि खाली हुने जग्गामा मुँग लगाउन कृषकलाई प्रेरित गर्न बाली लगाएको ४५ दिन पश्चात स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउने गरि प्रति कट्ठा बढीमा रु. ६००। का दरले नगद प्रोत्साहन अनुदान उपलव्ध गराउन सकिनेछ ।
- कृषक समूह, सहकारी मार्फत दलहन बालीको श्रोत तथा उन्नत बीउ उत्पादनका लागि श्रोत बीउ वितरण क्रियाकलाप संचालनका लागि ५० प्रतिशत अनुदानमा बीउ वितरण गर्न सकिनेछ।
- बीउ उत्पादनमा संलग्न कृषक समूह, सहकारीलाई बीउ उत्पादन तथा बजारीकरणमा सहयोग पुग्ने गरी बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- स्थानीय तहको कृषि शाखाले बीउ विजन प्रयोगशालासंग समन्वय गरी बीउ नमूना संकलन तथा परिक्षण कार्यमा सहजीकरण गर्नु पर्नेछ ।

(ख) **प्रविधि प्रसार र प्राविधिक सेवा टेवा**

- यस अन्तर्गत दलहन बालीका क्षेत्रमा विकास भएका नँया उन्मोचित जात वा उन्मोचन क्रममा रहेका उत्कृष्ट जातहरुको कृषक स्तरमा जातीय प्रदर्शन क्रियाकलाप संचालन गर्न सकिनेछ । सोका लागि प्रति प्रदर्शन कम्तीमा १.५ कठ्ठा क्षेत्रफल हुने गरी संचालन गर्न सकिनेछ ।
- उत्पादन लागत घटाउने र उत्पादन बढाउनमा सहयोग पुर्याउने खालका राइजोवियम इनोकुलेसन प्रदर्शन, पानी जम्ने स्थानमा Raised bed मा खेति प्रदर्शन लगायतका विभिन्न सिफारिश प्रविधिहरुमा आधारित प्रदर्शन संचालन गर्न सकिनेछ । यस्ता प्रदर्शनहरु कम्तीमा ३ कठ्ठा वा २ रोपनीमा संचालन गर्नु पर्ने छ ।
- स्थानीय स्तरमा दलहन खेती हुने ब्लकहरुमा कृषि शाखाले माटो जाँच शिविर संचालन गर्न सक्नेछ । माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सक्नेछ ।
- दलहन बालीमा लाग्ने रोग कीरा रोकथाम तथा झारपात नियन्त्रणका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा कृषि शाखाले ५० प्रतिशत अनुदानमा रोगकिरा नाशक विषादी र उपकरण वितरण गर्न सक्नेछ ।
- यस्तै तोकिएको बाली/वस्तुको प्रवर्द्धनमा सहयोग पुग्ने गरी कृषक एवं उद्यमीहरुको प्राविधिक क्षमता, ज्ञान र सिपमा अभिवृद्धि हुने खालका स्थलगत (१ दिने) तालिम संचालन गर्न सकिनेछ । तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र वा कृषि अनुसन्धान केन्द्रबाट प्रशिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) **साना सिंचाई तथा कृषि यान्त्रीकरण सहयोग**

- यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा अनुदान उपलव्ध गराउन सकिने छ । सार्वजनिक/सामुदायिक साना सिँचाईमा बढिमा ८५ प्रतिशत अनुदान र व्यक्तिगत साना सिँचाई स्किमको लागि बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ । कृषकहरुको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिंचाई स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्न सकिनेछ । कुलो निर्माण तथा मर्मतको लागि प्रति स्किम बढीमा रु. ७५०००।– र स्यालो ट्युववेल जडानको हकमा प्रति आयोजना बढीमा रु. ५०,०००। अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा भने एक वटा आयोजनाकोको लागि मात्र बढिमा रु.१५००००।-सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।
- कृषि यान्त्रीकरण सहयोग अन्तर्गत दलहन उत्पादन तथा प्रशोधनमा उपयोग हुने साना कृषि मेशिनरी औजार तथा मिनि थ्रेसर लगायतका मेशिनरी एवं सामग्री बढिमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- स्थानीय तहभित्रका व्यक्तिगत फर्म, सामुदायिक संस्था, कृषि समूह वा सहकारीसंग लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि साना तथा मझौला कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । सो का लागि कृषि शाखाले कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक अध्ययन गरेका प्राविधिकले तयार गरेको स्पेशिफिकेशन र लागत अनुमानका आधारमा मूल्याङ्कनको आधार बनाइ लाभग्राहीको छनौट गर्न सक्ने छ । मेशिनरी खरिदको लागि प्रचलित आर्थिक नियम बमोजिम सम्झौता गरि एवं पेश्कि उपलब्ध गराइ मेशिन खरिद गरि कष्टम हायरिङ्ग सेन्टर स्थापना गरेपछि कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी



सचिव

दिइने छ । यसरी स्थापना हुने कष्टम हायरिङ्ग सेन्टरहरुले स्थानीय कृषकहरुलाई प्रचलित बजार मूल्य भन्दा कम दरमा भाडामा कृषि यन्त्र तथा उपकरण उपलब्ध गराउनु पर्नेछ । यस्तो कष्टम हायरिङ्ग सेन्टरहरुमा माथि उल्लेखित मेशिनरीहरुको अलावा लेजर ल्याण्ड लेभलर, ट्याक्टर, ड्रायर, जिरो टिलेज सिड कम फर्टिलाइजर ड्रिल जस्ता मझौला तथा ठूला कृषि यन्त्र/मेशिनहरुलाई राख्न सकिने छ ।

➢ सामुदायिक वा व्यक्तिगत रुपमा स्थानीय तहमा स्थापना भएका कष्टम हायरिङ्ग सेन्टरहरुबाट कृषकहरुले कृषि यन्त्र तथा मेशिनरी भाडामा लिई प्रयोग गर्न सक्नेछन् । यसरी मेशिन भाडामा प्रयोग गर्दा मेशिन भाडा वापत लाग्ने कुल खर्चमा बढिमा ५० प्रतिशत अनुदान दिन सकिनेछ।

**(घ) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान**

➢ यस्तै कृषि शाखाले दलहन बालीको बजारीकरण र आपूर्तिमा सहयोग पुग्ने गरी सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका दाल उत्पादक उद्योगहरुसंग स्थानीय तहमा उत्पादित दलहन उपजको खरिद सम्बन्धमा आवश्यक छलफल गरी उद्योगको छनौट गरी आपूर्ति परिमाण, खरिदका शर्त तथा मूल्यहरुका सम्बन्धमा खरिद बिक्रि समझदारी गर्न सक्नेछ । प्रोत्साहन स्वरुप यसरी छनौट गरिएको दाल उद्योगमा स्थानीय तहमा उत्पादन भएको दलहन उपज बिक्रि गर्ने कृषकलाई प्रति केजी बढिमा रु.५ (पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

**(ङ) स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु**

➢ यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको दलहन बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिनेछन् भने अन्य सहयोगको हकमा अनुदान सिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

**(च) कार्यक्रम व्यवस्थापन**

➢ यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, प्रचार-प्रसार र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

➢ यस्तै बाली कटानी सम्बन्धी तथ्याङ्क संकलन, बाली उत्पादनको लाभ-लागत तथ्याङ्क संकलन र कार्यक्रम र कृषकहरुसंग सम्बन्धित अन्य विवरण र तथ्याङ्क प्रचलित स्थानीय दररेट अनुसार लागत अनुमानको आधारमा संचालन गर्न सकिनेछ । बाली कटानी तथ्याङ्क संकलनका लागि कटानी भएको बाली परिमाणको स्थानीय दररेट अनुसार सम्बन्धित कृषकलाई क्षतिपूर्ति दिन सकिनेछ । यसरी संकलित विवरण माथिल्लो निकायमा समयमै प्रेषित गर्नुपर्नेछ ।

**(५) प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापको विस्तृत विवरण (प्रदेश):**

**(क) क्षेत्र विस्तार, प्रविधि प्रसार र प्राविधिक सेवा टेवा**

➢ दलहन बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि नेपालमा उन्मोचित भएका दलहन बालीको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।

➢ जिल्लास्थित कृषि इकाई (यस पछि निकाय भनिने) कृषि अनुसन्धान केन्द्रहरुसंगको समन्वयमा नव उन्मोचित वा उन्मोचनको क्रममा रहेको साथै राष्ट्रिय बीउ बिजन समितिमा दर्ता भएका बिदेशि खुला



सचिव

सिंचित तथा हाइब्रिड जातको मिनिकिट प्रदर्शन तथा उच्च उत्पादन दिने लोकप्रिय जातको बृहत क्षेत्र प्रदर्शन (१० कठ्ठा वा ६ रोपनी क्षेत्रफलमा) को लागि सत प्रतिशत अनुदानमा बीउ उपलव्ध गराउन सकिने छ ।

- यस अन्तर्गत स्थानीय तहको सामान्यतयाः क्षमता नपुग्ने प्रकृतिका प्रविधि प्रसार र तालिम सम्वन्धि गतिविधि सञ्चालन गर्न सकिने छ ।सम्बन्धित निकायले दलहन बालीको उन्नत खेति प्रविधि, बीउ उत्पादन तथा गुणस्तर नियन्त्रण, विकसित नविनतम् प्रविधिहरु बारे कृषि अनुसन्धान केन्द्र, कृषि विश्वविद्यालय तथा कलेज, दलहन सम्वन्धि प्रधानमन्त्री आधुनिकिकरण परियोजना लगायतका नजिकका इकाईहरुसंग सम्पर्क र समन्वय गरि प्रविधि प्रसार तथा अनुसरण गोष्ठी वा आवश्यकता अनुसार बढिमा दुई दिने तालिम आयोजना गर्न सकिने छ ।
- यसै गरि बैज्ञानिक र विज्ञ सहितको टोलिले कार्यक्रम लागू भएको स्थानीय तहको भ्रमण गरि प्रविधि हस्तान्तरणको लागि स्थलगत तालिम तथा छलफल/अन्तरकृया आयोजना गर्न सकिन्छ ।
- प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले दलहन बालीको मूल्य श्रंखला विकासमा रहेका बाधा पहिचान गरि नीतिगत पृष्ठपोषणको लागि मूल्य श्रंखलामा पात्रहरुको एक दिने कार्यशाला आयोजना गर्न सक्ने छन् ।
- प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले प्रादेशिक कृषि प्रयोगशालालाई राइजोवियम उत्पादन गर्न सक्षम बनाउन आवश्यक कार्यक्रम र बजेट यस कार्यक्रमबाट छुट्याउन सक्ने छन् ।
- माथि उल्लेखित तालिम, गोष्ठी तथा प्रदर्शनको खर्च प्रचलित नर्मस वा स्थानीय दर भाउको आधारमा गर्न सकिने छ ।

(ख) प्रशोधन, ब्राण्डिङ्ग तथा बजारिकरण सहयोग

- जिल्लामा सञ्चालित दाल मिल तथा दालजन्य प्रशोधित खाद्य पदार्थ उत्पादन गर्ने उद्योगहरुको स्तरोन्ति गर्न बढिमा ५० प्रतिशत अनुदानमा दलहन प्रशोधनको लागि मिनिप्लान्ट सहयोग, प्याकेजिङ्ग तथा लेवलिङ्ग सामग्री सहयोग गर्न सकिने छ।साथै नयाँ कृषक समूह एवं सहकारीले दाल मिल स्थापना गर्न चाहेमा मिनिप्लान्ट खरिदमा बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराउन सकिने छ ।

(ग) उत्पादन तथा बिक्रिमा आधारित नगद प्रोत्साहन अनुदान

- दलहन उत्पादक कृषकहरु र दाल मिलहरुको उत्पादनको प्रतिस्पर्धात्मक क्षमता बढाउन स्थानीय दलहन उत्पादक कृषकहरुलाई र दाल मिलहरुलाई दलहन उत्पादन एवं खरिद सम्झौता तथा वास्तविक खरिद बिक्री परिमाणको आधारमा दलहन उपज बिक्रि गर्ने कृषकलाई प्रति केजी बढिमा रु.५ (पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ । यसरी दलहन उत्पादक कृषकहरु र दाल मिलहरुलाई दिइने नगद प्रोत्साहन अनुदानको अनुपात सम्बन्धित निकायले तय गर्नुपर्नेछ र सो प्रोत्साहन अनुदान वितरण गर्दा सोही कार्यका लागि स्थानीय तहले वितरण गर्ने प्रोत्साहन अनुदानसंग दोहोरो नपर्ने गरी गर्नुपर्ने छ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

(घ) स्थानीय आवश्यकतामा आधारित कार्यक्रमहरु

- यस कार्यविधिमा नसमेटिएका तर जिल्ला स्तरमा दलहन बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु कृषक र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर प्रादेशिक इकाईबाट सोझै संचालन गर्न सकिनेछ ।



सचिव

(ङ) कार्यक्रम व्यवस्थापन

- यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, प्रगति प्रतिवेदन, प्रचार-प्रसार र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

(६) अपेक्षित उपलब्धिहरु:

- दलहन बालीहरुको क्षेत्रफल विस्तार, उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई दाल जन्य उपजहरुमा आत्मनिर्भरता बढ्ने ।
- दलहन बालीको समग्र मूल्य श्रृखंला विकासमा सहयोग पुगी बढ्दो आयातलाई न्यूनीकरण गर्न सहयोग पुग्ने ।
- उपलब्ध श्रोत-साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्युनीकरणमा सहयोग पुग्ने र प्रतिस्पर्धात्मक क्षमता विकास हुने ।
- बीउ प्रतिस्थापन दरमा वृद्धि भई दलहन बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि हुने ।

(७) कार्यक्रम संचालन विधि/क्रियाकलापहरु/न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:

(क) स्थानीय तहले दलहन बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन लक्षित कार्यहरु उत्पादन ब्लकमा संचालन गर्नु पर्नेछ । यस्तो ब्लक एक स्थानीय तहमा बढीमा ५ वटा सम्म हुन सक्ने छन् । ब्लक छनौट गर्दा भवन, बाटो वा कूलोले ओगटेको क्षेत्र बाहेक यथासम्भव एकआपसमा जोडिएका जग्गाका प्लटहरुबाट बनेको हुनु पर्नेछ । प्रत्येक ब्लकको क्षेत्रफल/ साइज कम्तीमा ५ हेक्टरको हुनु पर्नेछ ।

(ख) उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु सार्वजनिक सुचना आवहान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्नुपर्नेछ भने त्यस्ता क्रियाकलापका लागि आवश्यक सहयोगी क्रियाकलापहरु कृषि शाखाले नियमानुसार आफैले संचालन गर्न सक्नेछ ।

(ग) बाँके र बर्दिया जिल्ला अन्तर्गतका स्थानीय तहहरुले दलहन बालीको जातिय एवं अन्य प्रविधि प्रदर्शन, बीउ उत्पादन र तालिम लगायतका विषयहरुमा राष्ट्रिय कोशे बाली अनुसन्धान केन्द्र, खजुरासंग समन्वय र सहकार्यमा गर्नु उपयुक्त हुने छ । अन्य जिल्लाको हकमा पनि यथासम्भव नजिकको अनुसन्धान केन्द्रसंग सम्पर्क र समन्वयमा कार्यक्रम सञ्चालन गर्नु वाञ्छनिय हुने छ ।

(घ) निकाय द्वारा सञ्चालन गरिने कृयाकलापहरुको हकमा प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयबाट यस दलहन बाली प्रवर्द्धन कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि तत् तत् निकायहरुमा संघीय सशर्त बजेट पठाउनु पर्ने छ । यसको अलावा दलहन बाली उत्पादनको विद्यमान अवस्था र सम्भाव्यताको आधारमा थप जिल्ला छनौट गरि कार्यान्वयनको लागि प्रादेशिक कृषि इकाईहरुमा बजेट पठाइनु पर्ने छ ।

(ङ) प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले अत्यावश्यक भएको अवस्थामा अनुगमन लगायतको प्रयोजनको लागि न्यूनतम बजेट राखि बाँकि बजेट छनौट गरिएका निकायहरुमा पठाइदिनु पर्ने छ ।

(च) निकायहरुले मूलतः जिल्लास्थित कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । जिल्लामा कुनै स्थानीय तहमा यो कार्यक्रमको लागि संघीय सशर्त अनुदान नगएको अवस्थामा स्थानीय आवश्यकता अनुसार यस कार्यविधि अनुसार कृयाकलापहरु सञ्चालन गर्न सकिने छ ।

(छ) जिल्लास्थित कृषि इकाईहरुले सहयोग र अन्य अनुदान कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय तह बाट संचालित कार्यक्रमसँग दोहोरो नपर्ने गरि संचालन गर्नु पर्ने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ज) कार्यक्रम र बजेटमा उल्लेख भएका कृयाकलापहरुको अतिरिक्त निकायहरुले स्थानीय तहहरुको अनुरोध बमोजिम प्रदर्शन कार्यक्रम सञ्चालन, तालिम सञ्चालन लगायतका अन्य कृयाकलाप सञ्चालनमा प्राविधिक सहयोग गर्नु वाञ्छनिय हुने छ।

(झ) यस कार्यविधिमा कुनै कृयाकलाप सञ्चालन गर्दा खर्च गर्न सकिने बजेट र अनुदानको सीमा लगायतका विषय उल्लेख नभएको अवस्थामा बजेटको उपलव्धता र आवश्यकताको आधारमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि लागत अनुमान तयारी तथा बजेट बाँडफाँड गरि कृयाकलाप सञ्चालन गर्न सकिने छ ।

## ३४.कार्यक्रमको नाम: तेलहन बाली प्रवर्द्धन कार्यक्रम (राष्ट्रिय खाद्य सुरक्षा मिसन)

(१) **परिचय:** नेपालीहरुको दैनिक खानपानको अभिन्न भागका रुपमा रहेको खाने तेलको श्रोतको रुपमा रहेको तेलहन बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृँखला विकासमा सहयोग मार्फत देशमा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न, तेलहन जन्य उपजहरुको आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्युनीकरण गर्नमा सहयोग पुर्याउन संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तोकिएका प्रदेशहरु र स्थानीय तहहरु मार्फत कार्यान्वयन गर्ने गरि राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत तेलहन बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुने छ । ।यो कार्यक्रम मूलतः तोरी बाली सहित  स्थानीय सम्भाव्यताको आधारमा सर्स्यूं, रायो, सूर्यमुखी, बदाम लगायतका बालीहरुमा समेत सञ्चालन गर्न सकिने छ ।

(२) उद्देश्य

- तेलहनको आन्तरिक माग पुरा गर्न स्थानीय स्तरमा तेलहन बालीहरुको उत्पादन वृद्धि गर्ने ।
- उपलव्ध उत्पादन सामग्री र स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्न र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्धत पुर्याउने ।
- आयात कम गरि तेलहन बाली एवं तेलजन्य उपजहरुमा क्रमशः आत्मनिर्भरता बढाउने ।

(३) **लक्षित समुह:** कृषक, कृषक समूह, कृषि सहकारी, उत्पादन, प्रशोधन, भण्डारण र बजारिकरणसंग सम्वन्धित नीजि फर्म, उधोगी तथा व्यवसायीहरु लगायत मूल्य श्रंखलाका अन्य सरोकारवालाहरु ।

**(४) स्थानीय तहले सञ्चालन गर्ने प्रमुख क्रियाकलापका क्षेत्रहरु, र क्रियाकलापको विस्तृत विवरण**

**(क) क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग**

- तेलहन बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि नेपालमा उन्मोचित भएका तेलहन बालीको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- तेलहन बालीको क्षेत्रफल विस्तारका लागि स्थानीय तहभित्र प्रचलित वा बढि उत्पादन दिने उन्नत जातको बीउ किट प्रति कृषक ५०० ग्राम का दरले सत प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ ।
- तेलहन बालीको क्षेत्र विस्तारमा सघाउ पुर्याउन तोरी वा अन्य तेलहन बाली पछि मकै खेति गर्न इच्छुक कृषकलाई मकैको उन्नत बीउ बढिमा ५० प्रतिशत अनुदानमा (प्रति कृषक बीउमा अनुदान उपलव्ध गराउन सकिने अधिकतम् र न्यूनतम क्षेत्रफल) स्थानीय तह आफैंले तोकी उपलव्ध गराउन सकिने छ।
- तेलहन बालीका नयाँ उन्मोचित वा दर्ता भएको जातहरुको बृहत क्षेत्र प्रदर्शन (Large plot demonstration) का लागि कम्तीमा ५ कठ्ठामा प्रदर्शनका क्रियाकलाप संचालन गर्न सकिनेछ । यस्तो प्रदर्शनमा उन्नत बीउको अतिरिक्त सल्फर तथा बोरन तत्व, विषादि र प्रदर्शन बोर्ड आदिको लागि सत प्रतिशत अनुदान उपलव्ध गराउन सकिने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- स्थानीय तहको कृषि शाखाले तेलहन बालीको क्षेत्रफल विस्तारका लागि बाँझो जमिनमा तेलहन बाली खेती गर्ने वा अन्य बालीको सट्टा तेलहन बाली खेती गरेका लाभग्राहीहरुलाई प्रति कट्ठा बढीमा रु. ६००। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ। सो क्रियाकलापका लागि स्थानीय तहको कृषि प्राविधिकले बाली लगाएको ४५ दिन पश्चात स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।
- कृषक समूह, सहकारी मार्फत तेलहन बालीको श्रोत तथा उन्नत बीउ उत्पादनका लागि श्रोत बीउ वितरण क्रियाकलाप संचालनका लागि बढिमा ५० प्रतिशत अनुदानमा बीउ वितरण गर्न सकिनेछ।
- बीउ उत्पादनमा संलग्न कृषक समूह, सहकारीलाई बीउ उत्पादन तथा बजारीकरणमा सहयोग पुग्ने गरी बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका सामग्रीहरु आवश्यकताका आधारमा बढिमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- स्थानीय तहको कृषि शाखाले प्रादेशिक बीउ बिजन प्रयोगशालासंग समन्वय गरी बीउ नमूना संकलन तथा परिक्षण कार्यमा सहजीकरण गर्नु पर्नेछ ।

### (ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा

- यस अन्तर्गत तेलहन बालीका क्षेत्रमा विकास भएका नँया उन्मोचित जात वा उन्मोचन क्रममा रहेका उत्कृष्ट जातहरुको कृषक स्तरमा जातीय प्रदर्शन क्रियाकलाप संचालन गर्न सकिनेछ । सोका लागि प्रति प्रदर्शन कम्तीमा १.५ कट्ठा क्षेत्रफल हुने गरी प्रदर्शनका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।
- विभिन्न सिफारिश प्रविधिहरु जस्तै; सिड ड्रिल वा मल्ट क्रप प्लान्टर बाट बीउ रोप्ने, आई.पि.एम. प्रविधिको अनुशरण, विषादी वा विडरको प्रयोगबाट झारपात व्यवस्थापन, सल्फर (सल्फेक्स १५ केजी/हेक्टर *(८० प्रतिशत ग्रेनुलर सल्फर)*), जिङ्क सल्फेट तथा शुक्ष्म तत्व र बायोफर्टिलाइजरको प्रयोग आदि जस्ता विषयमा प्रदर्शन संचालन गर्न सकिनेछ ।
- स्थानीय स्तरमा तेलहन खेती हुने ब्लकहरुमा कृषि शाखाले माटो जाँच शिविर संचालन गर्न सक्नेछ । माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरुलाई बढिमा ५० प्रतिशत अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सक्नेछ ।यस्तै तेलहन बाली खेतीमा महत्वपूर्ण मानिएको बोरोन र सल्फरको परिपूर्तिका लागि बोरेक्स र अमोनियमन सल्फेट बढिमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- तेलहन बालीमा लाग्ने रोग कीरा रोकथामका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा कृषि शाखाले बढिमा ५० प्रतिशत अनुदानमा रोगकिरा नाशक बिषादी र उपकरण वितरण गर्न सक्नेछ ।
- यस्तै तोकिएको बाली/वस्तुको प्रवर्द्धनमा सहयोग पुग्ने गरी कृषक एवं उद्यमीहरुको प्राविधिक क्षमता, ज्ञान र सिपमा अभिवृद्धि हुने खालका स्थलगत (१ दिने) तालिम स्थानीय तहको प्रचलित नर्मस अनुसार संचालन गर्न सकिनेछ । तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र वा कृषि अनुसन्धान केन्द्रबाट प्रशिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।
- तेलहन उत्पादन ब्लकमा परागसेचन बढाउन मौरी चरनको क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । यसको लागि मौरी घार ढुवानीमा प्रति ब्लक बढिमा १०,०००। खर्च गर्न सकिने छ ।

### (ग) साना सिंचाई तथा कृषि यान्त्रीकरण सहयोग

- यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा अनुदान उपलब्ध गराउन सकिने छ ।



सचिव

सार्वजनिक/सामुदायिक साना सिँचाईमा बढिमा ८५ प्रतिशत अनुदान र व्यक्तिगत साना सिँचाई स्किमको लागि बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ । कृषकहरुको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिंचाई स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्न सकिनेछ । कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना बढीमा रु. ७५०००।– र स्यालो ट्युववेल जडानको हकमा प्रति आयोजना बढीमा रु. ५०,०००। अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा भने एक वटा आयोजनाको को लागि मात्र बढिमा रु.१५००००।-सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

- कृषि यान्त्रीकरण सहयोग अन्तर्गत तेलहन उत्पादन तथा प्रशोधनमा उपयोग हुने साना कृषि मेशिनरी औजार जस्तै: खनजोतको लागि पावर/मिनि टिलर, विडर, मिनि हार्भेष्टर, मिनि थ्रेसर, तेल पेल्ने मेशिन लगायतका मेशिनरी तथा सामग्री बढिमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- वा स्थानीय तहभित्रका व्यक्तिगत फर्म, सामुदायिक संस्था, कृषि समूह वा सहकारीसंग लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि साना तथा मझौला कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । सो का लागि कृषि शाखाले कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक अध्ययन गरेका प्राविधिकले तयार गरेको स्पेशिफिकेशन र लागत अनुमानका आधारमा मूल्याङ्कनको आधार बनाइ लाभग्राहीको छनौट गर्न सक्ने छ । मेशिनरी खरिदको लागि प्रचलित आर्थिक नियम बमोजिम सम्झौता गरि एवं पेश्कि उपलव्ध गराइ मेशिन खरिद गरि कष्टम हायरिङ्ग सेन्टर स्थापना गरेपछि कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी दिइने छ ।यसरी स्थापना हुने कष्टम हायरिङ्ग सेन्टरहरुले स्थानीय कृषकहरुलाई प्रचलित बजार मूल्य भन्दा कम दरमा भाडामा कृषि यन्त्र तथा उपकरण उपलब्ध गराउनु पर्नेछ ।यस्तो कष्टम हायरिङ्ग सेन्टरहरुमा माथि उल्लेखित मेशिनरीहरुको अलावा लेजर ल्याण्ड लेभलर, ट्याक्टर, ड्रायर, जिरो टिलेज सिड कम फर्टिलाइजर ड्रिल जस्ता मझौला तथा ठूला कृषि यन्त्र/मेशिनहरुलाई राख्न सकिने छ ।
- सामुदायिक वा व्यक्तिगत रुपमा स्थानीय तहमा स्थापना भएका कष्टम हायरिङ्ग सेन्टरहरुबाट कृषकहरुले कृषि यन्त्र तथा मेशिनरी भाडामा लिई प्रयोग गर्न सक्नेछन् । यसरी मेशिन भाडामा प्रयोग गर्दा मेशिन भाडा वापत लाग्ने कुल खर्चमा बढिमा ५० प्रतिशत अनुदान दिन सकिनेछ।

### (घ) प्रतिफलमा आधारित नगद प्रोत्साहन अनुदान

- कृषकलाई तेलहन खेति तर्फ आकर्षित गर्न तथा स्थानीय तेल मिलहरुको लागि कच्चा पदार्थ स्थानीय स्तरमा नै उपलव्ध गराउन सहयोग पुर्याउनको लागि स्थानीय तेल उद्योगलाई स्थानीय तहमा उत्पादित तेलहन उपज बिक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप बढिमा प्रति केजी रु. ५। का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ ।यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

### (ङ) प्याकेजिङ्ग, ब्राण्डिङ्ग तथा बजारिकरण सहयोग

- प्याकेजिङ्ग, ब्राण्डिङ्ग तथा बजारिकरण सहयोग आवश्यकता र सम्भाव्यताको आधारमा कृषि ज्ञान केन्द्र वा प्रदेश अन्तर्गत जिल्लास्थित कार्यालयबाट सञ्चालन गरिने भएता पनि स्थानीय तेल मिलबाट उत्पादित तेलको बजारिकरणमा टेवा पुर्याउन आवश्यक देखिएमा लेवलिङ्ग, प्याकेजिङ्ग र प्रसार प्रसार एवं प्रवर्द्धनको लागि ५० प्रतिसत अनुदानमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

### (च) मागमा आधारित क्रियाकलापहरु

- यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको तेलहन बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम, गोष्ठी, भ्रमण लगायतका क्रियाकलापहरु बढिमा १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिनेछन् भने अन्य सहयोगको हकमा अनुदान सिमा बढिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

### (छ) कार्यक्रम व्यवस्थापन

- यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्यांक संकलन, प्रचार-प्रसार र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।
  यस्तै बाली कटानी सम्बन्धी तथ्यांक संकलन *(५x२ वर्गमिटर बाट १ नमूनाको दरले ५ वटा Randomized (फरक फरक) नमूना लिई बाली कटानी गरि प्रति हेक्टर उत्पादनको हिसाब निकाल्ने)*, बाली उत्पादनको लाभ-लागत तथ्यांक संकलन र कार्यकम र कृषकहरुसंग सम्बन्धित अन्य विवरण र तथ्यांक प्रचलित स्थानीय दररेट अनुसार लागत अनुमानको आधारमा संचालन गर्न सकिनेछ । बाली कटानी तथ्यांक संकलनका लागि कटानी भएको बाली परिमाणको स्थानीय दररेट अनुसार सम्बन्धित कृषकलाई क्षतिपूर्ति दिन सकिनेछ । यसरी संकलित विवरण माथिल्लो निकायमा समयमै प्रेषित गर्नुपर्नेछ ।

## (५) प्रदेश अन्तर्गतका निकायहरुले सञ्चालन गर्ने प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापको विस्तृत विवरण:

### (क) क्षेत्र विस्तार, प्रविधि परिक्षण तथा प्रदर्शन र प्राविधिक सेवा टेवा

- तेलहन बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि नेपालमा उन्मोचित भएका तेलहन बालीको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- यस अन्तर्गत स्थानीय तहको सामान्यतया: क्षमता नपुग्ने प्रकृतिका प्रविधि परिक्षण तथा प्रदर्शन र तालिम सम्वन्धि गतिविधि सञ्चालन गर्न सकिने छ । कृषि ज्ञान केन्द्र वा जिल्लास्थित कृषि कार्यालय (यस पछि निकाय भनिने) ले तेलहन बालीको उन्नत खेति प्रविधि, बीउ उत्पादन तथा गुणस्तर नियन्त्रण, विकसित नविनतम् प्रविधिहरु बारे कृषि अनुसन्धान केन्द्र, कृषि विश्वविद्यालय तथा अध्ययन संस्थान, तेलहन सम्बन्धि प्रधानमन्त्री आधुनिकिकरण परियोजना लगायतका नजिकका इकाईहरुसंग सम्पर्क र समन्वय गरि प्रविधि प्रसार तथा अनुसरण गोष्ठी वा आवश्यकता अनुसार बढिमा दुई दिने तालिम आयोजना गर्न सकिने छ ।
- यसै गरि विज्ञ सहित टोलिले कार्यक्रम लागू भएको स्थानीय तहको भ्रमण गरि प्रविधि हस्तान्तरणको लागि स्थलगत तालिम तथा छलफल/अन्तरकृया आयोजना गर्न सकिन्छ ।
- कृषि अनुसन्धान केन्द्रहरुसंगको समन्वयमा नव उन्मोचित वा उन्मोचनको क्रममा रहेको साथै राष्ट्रिय बीउ विजन समितिमा दर्ता भएका विदेशि खुला सेंचित तथा हाइब्रिड जातको मिनिकिट प्रदर्शन तथा उच्च उत्पादन दिने लोकप्रिय जातको वृहत क्षेत्र प्रदर्शन (१० कठ्ठा वा ६ रोपनी क्षेत्रफलमा) को लागि सत प्रतिशत अनुदानमा बीउ उपलव्ध गराउन सकिने छ ।
- माथि उल्लेखित तालिम, गोष्ठी तथा प्रदर्शन निकायको प्रचलित नर्मस अनुसार खर्च गर्न सकिने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) प्रशोधन, ब्राण्डिङ्ग तथा बजारिकरण सहयोग

- जिल्लामा सञ्चालित तेल मिलहरुको स्तरोन्ति गर्न बढिमा ५० प्रतिशत अनुदानमा मेशिनरी उपकरण सहयोग, प्याकेजिङ्ग तथा लेबलिङ्ग सामग्री सहयोग गर्न सकिने छ । साथै नयाँ कृषक समूह एवं सहकारीले तेल मिल स्थापना गर्न चाहेमा प्रशोधन मेशिन खरिदमा बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ ।

(ग) प्रतिफलमा आधारित नगद प्रोत्साहन अनुदान

कृषकलाई तेलहन खेति तर्फ आकर्षित गर्न तथा स्थानीय तेल मिलहरुको लागि कच्चा पदार्थ स्थानीय स्तरमा नै उपलव्ध गराउन सहयोग पुर्याउनको लागि जिल्लास्थित तेल उद्योगलाई स्थानीय स्तरमा उत्पादित तेलहन उपज विक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप बढिमा प्रति केजी रु. ५। का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ ।यसरी प्रोत्साहन अनुदान वितरण गर्दा सोही कार्यका लागि स्थानीय तहले वितरण गर्ने प्रोत्साहन अनुदानसंग दोहोरो नपर्ने गरी गर्नुपर्ने छ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

(घ) स्थानीय आवश्यकतामा आधारित कार्यक्रमहरु

- यस कार्यविधिमा नसमेटिएका तर जिल्ला स्तरमा तेलहन बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका कियाकलापहरु कृषक र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर प्रादेशिक इकाईबाट सोझै संचालन गर्न सकिनेछ ।

(ङ) कार्यक्रम व्यवस्थापन

- यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याकं संकलन, प्रगति प्रतिवेदन, प्रचार-प्रसार र बैठक लगायतका कियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

(६) अपेक्षित उपलब्धिहरु:

- तेलहन बालीहरुको क्षेत्रफल विस्तार, उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई तेल जन्य उपजहरुमा आत्मनिर्भरता बढ्ने ।
- तेलहन बालीको समग्र मूल्य श्रृखंला विकासमा सहयोग पुगी बढ्दो आयातलाई न्यूनीकरण गर्न सहयोग पुग्ने ।
- उपलब्ध श्रोत-साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्युनीकरणमा सहयोग पुग्ने र प्रतिस्पर्धात्मक क्षमता विकास हुने ।
- बीउ प्रतिस्थापन दरमा वृद्धि भई तेलहन बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि हुने ।

(७) कार्यक्रम संचालन विधि/कियाकलापहरु/न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:

- स्थानीय तहले तेलहन बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन लक्षित कार्यहरु उत्पादन ब्लकमा गर्नु पर्ने छ । यस्तो ब्लक एक स्थानीय तहमा बढीमा ५ वटा सम्म हुन सक्ने छन् । ब्लक छनौट गर्दा भवन, बाटो वा कूलोले ओगटेको क्षेत्र बाहेक यथासम्भव एकआपसमा जोडिएका जग्गाका प्लटहरुबाट बनेको हुनु पर्नेछ । प्रत्येक ब्लकको क्षेत्रफल/ साइज कम्तीमा ५ हेक्टरको हुनु पर्नेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु सार्वजनिक सुचना आह्वान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्नुपर्नेछ भने त्यस्ता क्रियाकलापका लागि आवश्यक सहयोगी क्रियाकलापहरु कृषि शाखाले नियमानुसार आफैले संचालन गर्न सक्नेछ ।
- प्रदेश अन्तर्गतको जिल्लास्थित कृषि इकाईद्धारा सञ्चालन गरिने कृयाकलापको हकमा प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयबाट यस तेलहन बाली प्रवर्द्धन कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि तत् तत् जिल्लास्थित कृषि इकाईहरुमा संघीय सशर्त बजेट पठाउनु पर्ने छ । यसको अलावा तेलहन बाली उत्पादनको विद्यमान अवस्था र सम्भाव्यताको आधारमा थप जिल्ला छनौट गरि कार्यान्वयनको लागि जिल्लास्थित कृषि इकाईहरुमा बजेट पठाइनु पर्ने छ ।
- प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले अत्यावश्यक भएको अवस्थामा अनुगमन लगायतको प्रयोजनको लागि न्यूनतम बजेट राखि बाँकि बजेट छनौट गरिएका जिल्लास्थित कृषि इकाईहरुमा पठाइदिनु पर्ने छ ।
- जिल्लास्थित कृषि इकाईहरुले मूलतः जिल्लास्थित कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । जिल्लामा कुनै स्थानीय तहमा यो कार्यक्रमको लागि संघीय सशर्त अनुदान नगएको अवस्थामा स्थानीय आवश्यकता अनुसार यस कार्यविधि अनुसार कृयाकलापहरु सञ्चालन गर्न सकिने छ ।
- जिल्लास्थित कृषि इकाईहरुले सहयोग र अन्य अनुदान कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय तह बाट संचालित कार्यक्रमसँग दोहोरो नपर्ने गरि संचालन गर्नु पर्ने छ ।
- यस कार्यविधिमा कुनै कृयाकलाप सञ्चालन गर्दा खर्च गर्न सकिने बजेट र अनुदानको सीमा लगायतका विषय उल्लेख नभएको अवस्थामा बजेटको उपलव्धता र आवश्यकताको आधारमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि लागत अनुमान तयारी तथा बजेट बाँडफाँड गरि कृयाकलाप सञ्चालन गर्न सकिने छ ।

**३५.कार्यक्रमको नाम : मध्य पहाडमा मकै बीउ श्रोत केन्द्र स्थापना तथा सुदृढिकरण सहयोग कार्यक्रम**

**(१) परिचयः** नेपालमा उत्पादन र क्षेत्रफलको हिसाबले मकै दोस्रो स्थानमा रहेको भएता पनि प्रायः गुणस्तरिय बीउको अभाव रहने गरेको छ । नेपालको कुल भुभागको ४२% पहाडी क्षेत्रले ओगटेको र उक्त स्थानमा प्रायः मकै खेती हुने गरेको तर उन्नत बिउको अभावले आशातित उत्पादन लिन नसकिएको र गुणस्तर ऐकिन गर्न नसकिने विदेशी हाइब्रिडको प्रयोगले स्वदेशी जात नै लोप हुने खतरा बढेकोले स्वदेशमै मकै बीउको व्यवस्थापन गरी बीउ आयात कम गरि आत्मनिर्भर बन्ने दिशामा अघि बढ्न र समयमा नै गुणस्तरिय बीउ कृषकलाई उपलव्ध गराउन सहयोग पुर्याउनका लागि मध्य पहाडी क्षेत्रहरुमा मकै बीउ श्रोत केन्द्रको विकास एवं सुदृढीकरण अपरिहार्य देखिएकोले प्रदेश तहबाट संचालन हुने गरी यो कार्यक्रम कार्यान्वयनमा गरिने छ।

**(२) उद्देश्यः**

- मकैको गुणस्तरिय बीउ स्थानीय स्तरमा नै उपलव्ध गराउने ।
- स्वदेशी जातको प्रयोग बढाइ बीउ आयात कम गरि मकैको बीउमा आत्मनिर्भरता बढाउने ।
- बीउ प्रतिस्थापन दर बृद्धि मार्फत मकैको उत्पादन र उत्पादकत्व बढाउने ।



सचिव

**(३) लक्षित समुहः** कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु एवं अन्य सरोकारवालाहरु ।

**(४) प्रमुख क्रियाकलापका क्षेत्रहरु, बजेट सीमा र कृयाकलापको विस्तृत विवरणः**

यो कार्यक्रम प्रदेश अन्तर्गत जिल्लास्थित कृषि इकाई (यस पछि निकाय भनिने) बाट सञ्चालन गरिने छ । उल्लेखित कार्यक्रम प्रधानमन्त्री कृषि आधनिकीकरण परियोजना अन्तर्गत मकै जोन/सुपरजोन लागु नभएका तर मकै खेती हुने वा संभावित क्षेत्रलाई लक्षित गरी संचालन गर्नु पर्नेछ ।

**(क) उत्पादन सामाग्री (श्रोत बीउ, प्रांगारिक/जैविक/ भर्मीकम्पोष्ट मल, विषादि) र प्रोत्साहन अनुदान सहयोगः**

- जिल्ला भित्र मकैको बीउ श्रोत केन्द्र स्थापना तथा सुदृढिकरणको लागि बीउ उत्पादक कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंकलाई श्रोत बीउ, प्रांगारिक/जैविक/ भर्मीकम्पोष्ट मल तथा सुरक्षित विषादि आदि बढिमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ। सम्भाव्यताको आधारमा नेपालमा विकास भएको मकैको हाइब्रिड बीउ उत्पादनको लागि समेत यो सुविधा उपलव्ध हुने छ ।
- यस कार्यक्रमको सहयोगमा उत्पादित श्रोत बीउ तथा उन्नत बीउको विक्रि वितरणमा सहजिकरण गरिने छ । यस अन्तर्गत श्रोत बीउ तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्रात उत्पादक कृषक समूह, सहकारी एवं सामुदायिक बीउ बैंकलाई **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ। तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रक्रिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**(ख) पूर्वाधार निर्माण/सवलिकरण तथा यान्त्रिकिकरण सहयोगः**

- यस अन्तर्गत बीउ उत्पादक कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक आदिको बीउ उत्पादनको लागि भौतिक र प्राविधिक सहयोग उपलव्ध गराइने छ । यसमा बीउ उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग आदि कार्यमा प्रयोग हुने मेशिनरी उपकरण तथा सामग्री ५० प्रतिशत अनुदानमा उपलव्ध गराइने छ । सामान्यतयाः देहाय बमोजिमको सामग्री एवं सुविधा उपलव्ध गराउन सकिने छ ।

  १. मकै रोप्ने मेशिन
  २. मकै गोड्ने मेशिन
  ३. दाना छोडाउने मेशिन
  ४. बीउ प्रशोधन कक्ष/गृह/मर्मत
  ५. बीउ प्रशोधन मेशिन
  ६. थ्रेसिङ्ग फ्लोर निर्माण
  ७. बीउ सुकाउन त्रिपाल
  ८. बीउ जोख्ने तराजु कम्तिमा १०० के.जी क्षमता

९. बीउको चिस्यान मापन गर्ने यन्त्र
१०. बीउ प्याकिङ्ग गर्ने बोरा
११. बोरा सिलाउने मेशिन
१२. सिड ट्रिटर
१३. विषादी छर्ने मेशिन
१४. बीउ भण्डारणको लागि मेटल बीन/हर्मिटिक ब्याग
१५.बीउ ढुवानीमा सहयोग

**(ग) प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण:**

यस अन्तर्गत मूलतः बीउ उत्पादन एवं गुणस्तर नियन्त्रण सम्वन्धमा बीउ उत्पादक कृषकको क्षमता विकासका गतिविधिहरु सञ्चालन गरिने छन् । त्यस्ता तालिमहरुमा श्रोत/उन्नत (हाइब्रिड समेत) बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, खडा बाली निरिक्षण, गुणस्तर नियन्त्रण, ट्यागिङ्ग, लेबलिङ्ग, बजारिकरण सम्बन्धि तालिम हुन सक्छन् । साथै प्रादेशिक बीउ विजन प्रयोगशाला र बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रसंगको सम्पर्क र समन्वयमा बीउ उत्पादक संस्थाको सदस्यलाई बीउ विजन कारोबारको लागि योग्य बनाउन सो सम्वन्धि तालिम दिलाउन सकिने छ ।

**(घ)स्थानीय आवश्यकतामा आधारित कार्यक्रम :**

यस अन्तर्गत माथि उल्लेखित कृयाकलापले नसमेटेका तर बीउ स्रोत केन्द्र विकासको लागि आवश्यक वा उपयोगी स्थानीय आवश्यकतामा आधारित कृयाकलापहरु समेट्न सकिन्छ ।

**(ङ)कार्यक्रम व्यवस्थापन**

यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याकं संकलन, प्रगति प्रतिवेदन, प्रचार-प्रसार र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

**(५) अपेक्षित उपलब्धिहरु:**

- मकैको बीउ उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई मकै बीउको उपलब्धतामा सुधार हुने ।
- मकै मूल्य श्रृखंला विकासमा योगदान दिई बढ्दो आयातलाई न्यूनीकरण गर्नमा सहयोग पुग्ने ।
- उपलब्ध श्रोत साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्युनीकरण र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुने ।
- बीउ प्रतिस्थापन दरमा वृद्धि भई मकैको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने ।

**(६) कार्यक्रम संचालन विधि/क्रियाकलापहरु/न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:**

१. यो कार्यक्रम कार्यान्वयनको लागि प्रादेशिक कृषि मन्त्रालय/ कृषि विकास निर्देशनालयबाट मकै बीउ स्रोत केन्द्रको विद्यमान अवस्था र आवश्यकताको आधारमा जिल्ला छनौट गरि कार्यान्वयनको लागि मध्य पहाडी जिल्लास्थित निकाय (कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि कार्यालय) मा कार्यक्रम र बजेट पठाउनु पर्ने छ ।



सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

२. प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले अत्यावश्यक भएको अवस्थामा अनुगमन लगायतको प्रयोजनको लागि बढिमा ५ प्रतिसत बजेट राखि बाँकि छनौट गरिएका निकायहरुलाई पठाइदिनु पर्ने छ ।

३. मकैको श्रोत बीउ केन्द्र विकासको लागि सम्भव भए सम्म विगत देखि नै कृयाशिल बीउ उत्पादक समूह/सहकारी/सामुदायिक बीउ बैंक छनौट गर्नु पर्दछ । जिल्लाको पायक पर्ने स्थानमा त्यस्तो बीउ उत्पादक समूह/सहकारी/सामुदायिक बीउ बैंकको उपस्थिति नरहेमा नयाँ स्थापना पनि गर्न सकिन्छ ।

४. सम्बन्धित निकायले बजेटको परिधि एवं आवश्यकता र सम्भाव्यता लगायतको आधारमा एक वा सो भन्दा बढि बीउ स्रोत केन्द्र विकास एवं सुदृढिकरण गर्न सक्ने छ ।

५. मकै बीउ स्रोत केन्द्र विकास तथा सुदृढिकरणको लागि उपयुक्त प्राविधिक र अन्य पूर्वाधारको उपलव्धताको आधारमा सम्भावित क्षेत्र तोकि निकायले सार्वजनिक सूचना मार्फत् इच्छुक समूह/सहकारी/सामुदायिक बीउ बैंकबाट प्रस्ताव आह्वान गरि प्रतिस्पर्धात्मक रुपमा छनौट र सम्झौता गर्नेछ । प्रस्तावको ढाँचा, पेश गर्नु पर्ने कागजातहरु, मूल्याङ्कनका आधारहरु लगायतका विषय माथि उल्लेखित निकायहरुले तोके बमोजिम हुनेछ।

६. सम्बन्धित निकायले सहयोग र अन्य अनुदान कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय तह बाट संचालित कार्यक्रमसँग दोहोरो नपर्ने गरि संचालन गर्नु पर्ने छ ।

७. यस कार्यविधिमा कुनै कृयाकलाप सञ्चालन गर्दा खर्च गर्न सकिने बजेट र अनुदानको सीमा लगायतका विषय उल्लेख नभएको अवस्थामा बजेटको उपलव्धता र आवश्यकताको आधारमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि लागत अनुमान तयारी तथा बजेट बाँडफाँड गरि कृयाकलाप सञ्चालन गर्न सकिने छ ।

## ३६.कार्यक्रमको नाम : कृषि जैविक विविधता संरक्षण कार्यक्रम

(१) **परिचयः** खाद्य तथा पोषण सुरक्षा र गरिव तथा सिमान्तकृत समुदायको जिविकोपार्जनको प्रमुख आधारको रुपमा रहेको जैविक विविधतामा नेपाल धनि भएता पनि पछिल्लो समय जलवायु परिवर्तन तथा आधुनिक खेति प्रणालीका कतिपय नकारात्मक प्रभावका कारण समग्र जैविक विविधता सहित कृषि जैविक विविधताको ह्रासलाई तिव्र बनाएको छ । ह्रासोन्मुख अवस्थामा रहेको कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगमा ध्यान पुर्याउन सकिएन भने हाम्रो समग्र कृषि उत्पादन एवं खाद्य प्रणाली नै जोखिममा पर्न सक्ने देखिएकोले सो विषयलाई सम्बोधन गर्ने क्रममा संघीय सशर्त बित्तिय हस्तान्तरण मार्फत प्रदेशहरु र तोकिएका स्थानीय तहहरुबाट कार्यान्वयन हुने गरी कृषि जैविक विविधता संरक्षण कार्यक्रम कार्यान्वयन हुनेछ ।

(२) उद्देश्यः

- कृषि जैविक विविधता संरक्षण एवं दिगो उपयोगको लागि स्थानीय स्तरमा संस्थागत विकास गर्ने ।
- कृषि जैविक विविधता संरक्षणका असल अभ्यासहरुको पहिचान एवं परिचालन गर्ने ।
- कृषि जैविक विविधताको स्वस्थानीय, घर, गोठ तथा खेतिस्थलिय र परस्थानीय संरक्षण गर्न स्थानीय समुदायको क्षमता विकास गर्ने ।

(३) लक्षित समुहः सामुदायिक बीउ बैंक, कृषक समूह, कृषि सहकारी, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु ।



सचिव

(४) प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापहरुको विस्तृत विवरण (स्थानीय तह)

(क) कृषि जैविक विविधता सचेतना

कृषि जैविक विविधता संरक्षणको महत्व बारे सर्वसाधारण जनता एवं अन्य सरोकारवालाहरुलाई सचेत एवं जागरुक बनाउन सहयोग पुग्ने गरि सचेतनाको गतिविधिहरु सञ्चालन गर्न सकिने छ । यस्ता कृयाकलापहरुमा गाउँ स्तरिय भेला, गोष्ठी, सडक नाटक, रेडियो कार्यक्रम, विद्यालय स्तरिय प्रतियोगितात्मक र अन्य कार्यक्रमहरु, साँस्कृतिक पर्व आदिमा प्रचार प्रसारका गतिविधि आदि सञ्चालन गर्न सकिने छ ।

(ख) कृषि जैविक विविधता संरक्षणमा स्थानीय विद्यालयसंग सहकार्य

(१) **रैथाने बालीको स्थानीय पाठ्यक्रम लागू गर्नेः** स्थानीय तहले रैथाने बाली एवं स्थानीय कृषि जैविक विविधताको महत्व र संरक्षण बारे विद्यालय स्तरको निम्न माध्यमिक/माध्यमिक शिक्षाको स्थानीय पाठ्यक्रम तथा कोर्स बुक तयार गरि लागू गर्न सक्ने छन् ।

(२) **रैथाने खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रम लागू गर्नेः** रैथाने बालीको महत्व र परिकारबारे विद्यार्थीहरुलाई जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउनको लागि विद्यालय छनौट एवं मोडालिटी तयार गरि सम्झौता गरि आर्थिक तथा प्राविधिक सहयोग गर्ने गरी क्रियाकलाप संचालन गर्न सकिनेछ।

(३) **विद्यालय फिल्ड जिन बैंक स्थापनाः** रैथाने बाली र अन्य आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधता संरक्षण एवं विद्यार्थीको सिकाई प्रक्रियालाई मद्दत पुर्याउन विद्यालय परिसरमा फिल्ड जिन बैंक स्थापना गर्न सकिने छ ।

(ग) स्थानीय कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धन

(१) कृषि जैविक विविधता मेला

कृषि जैविक विविधता मेला स्थानीय बाली विविधता र परम्परागत ज्ञानको महत्व उजागर गर्न उपयोग गरिने एक सशक्त माध्यम हो । यस्तो मेला रैथाने बाली एवं जात र परम्परागत ज्ञानको संरक्षण र तिनको नयाँ पुस्तामा हस्तान्तरणको लागि निकै महत्वपूर्ण हुने गर्छन ।साथै मेलाले कृषि जैविक विविधता र परम्परागत ज्ञानको अवस्था बारे पनि जानकारी दिन्छ । मेलामा मूलतः स्थानीय कृषकहरुले आफूसंग रहेको वा संरक्षण गरि राखिएको रैथाने जातहरुको प्रदर्शन गरिन्छ ।

सम्वन्धित स्थानीय तहले स्थानीय सामुदायिक बीउ बैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न संस्थासंगको सहकार्यमा कृषि जैविक विविधता मेला आयोजना गर्न सक्ने छ । यसको लागि मेलामा प्रदर्शन गरिने विषयहरु, दर्ता प्रक्रिया, पुरस्कारको व्यवस्था, प्रदर्शनी स्थलको व्यवस्था आदि विषयमा पूर्व तयारी गर्नु पर्छ । मेला बारे स्थानीय सञ्चार माध्यम र अन्य माध्यमबाट व्यापक प्रचार प्रसार गर्नु पर्दछ । स्थानीय साँस्कृतिक एवं धार्मिक मेला पर्वको अवसर पारि यस्तो मेला आयोजना गर्नु उपयुक्त हुन्छ । साथै कृषि मेला प्रदर्शनी र अन्य कृषि सम्वन्धि कार्यक्रमसंग मिलाएर पनि मेला आयोजना गर्न सकिन्छ । स्थानीय स्तरमा रैथाने जातको बारेमा बढि जानकार संरक्षक कृषकलाई मेलामा आमन्त्रण गरि सम्मान गर्न पनि सकिने छ साथै त्यस्ता व्यक्तित्वहरुबाट प्रदर्शनमा राखिएका रैथाने जातहरुको विशेषताको बारेमा प्रकाश पारिदिन अनुरोध गर्न सकिन्छ । मेलाको अवसरमा खाद्य परिकारको प्रदर्शनी र बिक्रि वितरण, दोहरी गित, कविता तथा नाटक प्रदर्शन गर्ने व्यवस्था पनि गर्न सकिने छ ।मेलामा रैथाने जातका बीउ विजन तथा विरुवा साटासाट, किनबेच र निशुल्क वितरणको व्यवस्था गर्नु उपयुक्त हुन्छ । त्यसै गरि स्थानीय विद्यालय तथा कलेजका विद्यार्थीहरुले अवलोकन गर्ने र जानकारी लिने व्यवस्था गर्न सकिन्छ । मेलामा प्रदर्शित रैथाने जातहरुको विवरण सामुदायिक कृषि जैविक विविधता दर्ता किताबमा



सचिव

उतार गर्नु पर्छ । मेलामा प्रदर्शित स्थानीय एवं रैथाने जातहरु मध्ये आर्थिक महत्वको तथा संरक्षण गर्नु पर्ने जातको पहिचान गरि जैविक विविधता प्रदर्शनी स्थलमा परिक्षण गरि हेर्नको लागि छुट्याउनु पर्छ । त्यसै गरि परस्थानीय संरक्षणको लागि समेत रैथाने जातको पहिचान गरि करिव २०० ग्राम बीउ संकलन गरि बाली, जात, पहिचानको मूख्य गुण, संकलन गरिएको स्थान र उचाई, कृषकको नाम, विशेष गुण आदि विवरण सहित पासपोर्ट डाटा भरि राष्ट्रिय जिन बैंकमा पठाउने व्यवस्था समेत गर्नु पर्दछ ।

### (२) जैविक विविधता प्रदर्शनी स्थलको स्थापना

लोपोन्मुख एवं विशेष गुण भएका रैथाने जातहरु एकै थलोमा लगाइ तिनका गुणहरु बारे अध्ययन गर्न जैविक विविधता प्रदर्शनी स्थलको स्थापना गरिन्छ । खास गरि सामुदायिक बीउ बैंकमा संरक्षित जातहरु एवं जैविक विविधता मेलाबाट संकलित रैथाने जातका बीउहरु प्रदर्शनी स्थलमा लगाइन्छ । यस्तो स्थलमा कति जातको प्रदर्शनी गरिने भन्ने उपलव्ध जातको संख्यामा निर्भर गर्छ ।एउटा बालीको स्थानीय स्तरमा उपलव्ध जातहरुको एउटै व्लक बनाउनु उपयुक्त हुन्छ । सामान्यतयाः एउटा जातलाई ३ मि. x३ मि. को प्लटमा लगाउन सकिन्छ । यस्तो प्रदर्शनी स्थल धेरै मान्छेको आवत जावत हुने र सबैले सजिलै देख्न सकिने स्थानमा हुनु पर्दछ । यस्तो प्रदर्शनी स्थलले रैथाने जातको संरक्षणको बारेमा जनचेतना जगाउन, लोपोन्मुख तथा महत्वपूर्ण जातको बीउको आदान प्रदान गर्न र जातहरुको पुनरोत्पादन गर्न मद्दत गर्दछ ।

जैविक विविधता प्रदर्शनी स्थलको स्थापना र व्यवस्थापन गर्ने कृषकलाई स्थानीय तहले वा सामुदायिक बीउ बैंकले सहमतिमा निश्चित रकम वा सुविधा दिन सक्ने छन् । यस्तो प्रदर्शनी स्थलमा बाली, जात, बाली लगाएको मिति, मलखाद, सिँचाईको विवरण लगायतका जानकारी दिने होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । बाली कटानीको लागि तयार भए पछि स्थानीय कृषक, अनुसन्धानकर्मी तथा प्रसार कार्यकर्ता, विद्यार्थी र जनप्रतिनिधिहरु समेतको भ्रमण गराइ प्रदर्शनी स्थल स्थापनाको उद्देश्य र उपलव्धीहरु बारे बताउनु पर्ने छ । सहभागितामूलक मूल्याङ्कनको आधारमा जैविक विविधता प्रदर्शनी स्थलमा प्रदर्शन गरिएका अव्वल देखिएका जातहरुको सामुदायिक बीउ बैंक मार्फत समुदाय स्तरमा फैलाउन बीउ वितरण गर्नु वा कृषक स्तरमा बीज वृद्धि गर्नु पर्छ । यसरी बीउ प्राप्त गर्ने कृषकले अर्को सिजनमा कम्तिमा पाँच जना कृषकलाई बीउ उपलव्ध गराउनु पर्ने व्यवस्था गर्न सकिन्छ ।साथै यस्ता जातहरु राष्ट्रिय बीउ विजन समितिमा दर्ता गर्ने प्रक्रियामा लैजानु पर्छ ।

### (३) विविधतायुक्त बीउ पोको वितरण

विविधतायुक्त बीउ पोको कृषकलाई वितरण गरिने रैथाने जातहरुको सानो परिमाणको बीउ हो । यस्तो बीउ जैविक विविधता प्रदर्शनी स्थलबाट बाली कटानी गरि लिइएको वा सामुदायिक बीउ बैंकमा संरक्षित बीउ हुन सक्छन् । सामान्यतयाः एक सेटमा तिन जातका बीउ समावेश गर्न सकिन्छ । एउटा जातको बीउ सामान्यतयाः एक पाउ देखि २ के.जि. सम्म हुन सक्छ । बाली लगाउने समय ठिक अघि खेति गर्ने सामान्य तरिका बारेको जानकारी पत्र सहित सामुदियक बीउ बैंकका सदस्य र अन्य कृषकलाई किट वितरण गर्न सकिन्छ । बीउ वितरणको रेकर्ड सामुदायिक बीउ बैंकमा सुरक्षित राखि पछि बाली कटानी भए पछि उत्पादन विवरण लगायत कृषकको प्रतिकृया लिनु पर्छ । सो को आधारमा थप क्षेत्र विस्तारमा जाने, राष्ट्रिय बीउ विजन समितिमा दर्ता गर्न प्रकृया शुरु गर्ने वा पास पोर्ट डाटा भरि राष्ट्रिय जिन बैंकमा पठाउने बारेमा निर्णय गर्न सकिन्छ । यसरी वितरण गरिएका बीउको विवरण वा पासपोर्ट डाटा भरि सामुदायिक बीउ बैंकमा सुरक्षित राख्नु पर्छ ।

(४) संरक्षक कृषक/समुदाय/संस्थालाई सम्मान गर्ने

स्थानीय स्तरमा यथास्थान एवं घर गोठ तथा खेतिस्थलिय कृषि जैविक विविधता संरक्षण र व्यवस्थापनमा निरन्तर क्रियाशिल स्थानीय संरक्षक कृषक, कृषक अगुवा वा अभियान्ता र कृषि जैविक विविधता संरक्षणमा उल्लेखनिय योगदान पुर्याउने कृषक समूह तथा सहकारी, स्थानीय समुदाय वा सो कार्यमा संलग्न स्थानीय संस्थाहरुलाई नगद पुरस्कार सहित सार्वजनिक सम्मान गर्ने । यसको साथै संरक्षण कार्यको भिडियो डकुमेन्ट्री तयार गरि प्रसारण पनि गर्न सकिने छ ।

(घ) सामुदायिक बीउ बैंक स्थापना एवं सुदृढिकरण

रैथाने बाली तथा जातहरूको यथास्थानीय संरक्षण तथा उपयोग प्रबर्धनका लागि स्थानीय स्तरमा सामुदायिक बीउ बैंक स्थापना गर्नु आवश्यक हुन्छ । सामुदायिक बीउ बैंक स्थापना गर्दा स्थानीय बाली र जातहरुको विविधता धेरै भएको स्थान तथा समुदायलाई पहिलो प्राथमिकता दिएर छनोट गर्नु पर्दछ ।
सामुदायिक बीउ बैंक स्थापनाका लागि छनोट गरिएको समुदायमा कार्यरत कृषक समूह, सहकारी, संघसंस्था तथा अन्य सरोकारवाला निकाय बीच सामुदायिक बीउ बैंकको आवश्यकता तथा महत्व र सान्दर्भिकताको बारेमा छलफल र सहमति गर्नु पर्दछ । यसको स्थापना तथा संचालनका लागि निश्चित मापदण्डको आधारमा स्थानीय स्तरमा कृयाशिल कृषि सहकारी संस्था चयन गर्नु पर्दछ । कृषि ज्ञान केन्द्र वा जिल्लास्थित कृषि कार्यालयले सम्वन्धित स्थानीय तहको अनुरोधको आधारमा सामुदायिक बीउ बैंकले सञ्चालन गर्ने रैथाने बाली एवं जातको संरक्षण र उपयोग एवं बीउ उत्पादन सम्वन्धि कृयाकलापहरुको बिस्तृत कार्य योजना निर्माण तथा कार्यान्वयनमा सघाउनुको अलावा बीउ भण्डारण तथा प्रशोधन कार्यको लागि मेशिनरी उपकरण तथा पूँजिगत अनुदान उपलव्ध गराउने छन् । त्यसै गरि पहिले देखि नै कृयाशिल सामुदायिक बीउ बैंकहरुलाई पनि सुदृढिकरण कार्ययोजनाको आधारमा कूल लागतको ५० प्रतिशत नबढ्ने गरि पूर्वाधार निर्माण/सुधार तथा मेशिनरी उपकरणमा सहयोग गर्न सकिने छ ।
सामुदायिक बीउ बैंकले रैथाने बाली एवं जातको संकलन गरि उपयुक्त भण्डारण संरचनामा जोगाएर राखे, त्यस्ता बीउहरुको प्रयोग गरि जैविक विविधता प्रदर्शनी स्थल सञ्चालन गर्ने, त्यस्ता बाली एवं जातको संरक्षणको लागि सदस्यहरुलाई प्रेरित गरि बीउ उपलव्ध गराउने, बीउ साटासाटको प्रवन्ध गर्ने, कृषकले रुचाएका जातहरुको बीउ उत्पादन गरि सदस्य र अन्य गैर सदस्यहरुलाई वितरण गर्ने, लोपोन्मुख एवं विशेष गुण भएका रैथाने बाली एवं जातहरुको परस्थानीय संरक्षणको लागि बीउलाई राष्ट्रिय जिन बैंकमा पठाउने लगायतका कृयाकलापहरु सञ्चालन गर्न सक्छन्। यसको अलावा लोपोन्मुख वा विशेष गुण भएका जातहरु तथा स्थानीय कृषि आनुवंशिक स्रोतहरुको सामुदायिक कृषि जैविक विविधता दर्ता किताव (Community Agro-Biodiversity Register (CABR)) खडा गरि विस्तृत विवरण उल्लेख गरि सुरक्षित राखे कार्यमा पनि सामुदायिक बीउ बैक संलग्न हुनु पर्छ ।
कृषि जैविक विविधता संरक्षणका विविध गतिविधिहरु कार्यान्वयन गर्न, बीउ साटासाट एवं खरिद गर्न, सदस्यहरुको अत्यावश्यक आवश्यकता पुरा गर्नको ऋण प्रवाह गर्न आदि कार्यको लागि कोष खडा गर्न सामुदायिक बिउ बैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक समूह तथा सहकारीलाई बीउ पूँजि उपलव्ध गराउन सकिने छ । यस्तो कोष खडा गर्न चाहने सामुदायिक बीउ बैंक वा माथि उल्लेखित अन्य निकायहरुले बैंकमा जम्मा गरेको रकम बराबर हुने गरि अधिकतम् रु एक लाख बीउ पूँजि उपलव्ध गराउन सकिने छ ।



सचिव

(ङ) **कन्दमूल एवं जंगली प्रजातिको संरक्षण र उपयोग**

स्थानीय स्तरमा सदियौं देखि उपयोगमा रहेको कन्दमूल बालीहरु खाद्यसुरक्षाको दृष्टिले महत्वपूर्ण भएको कारण र जलवायु परिवर्तन अनुकूलित पनि भएका कारण प्रवर्द्धन गर्नु अपरिहार्य भएकोले स्थानीय स्तरमा उपलब्ध कन्दमूल बालीहरुको संरक्षण गर्ने कृयाकलाप सञ्चालन गर्न सकिने छ । यसको साथै खानयोग्य जंगली बनस्पति तथा घरपालुवा बाली एवं बनस्पतिको जंगली प्रजातिको पनि संरक्षण र उपयोग गर्ने कृयाकलाप सञ्चालन गर्न सकिने छ । यस क्रममा कृषक तालिम, जग्गा सुधार सहयोग, बार बन्देज, बीउ तथा बेर्ना खरिद वा तयारी सहयोग, मूल्य अभिवृद्धि तथा बजारिकरण सहयोग आदि गर्न सकिने छ

(च) **स्थानीय आवश्यकतामा आधारित कार्यक्रमहरु**

यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा कृषि जैविक विविधता संरक्षणका लागि आवश्यक ठानिएका क्रियाकलापहरु कृषक र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर स्थानीय तहबाट सोझै संचालन गर्न सकिनेछ ।

(छ) **कार्यक्रम व्यवस्थापन**

यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, प्रगति प्रतिवेदन, प्रचार-प्रसार र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

**(५) प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापहरुको विस्तृत विवरण (प्रदेश तह)**

(क)**कृषि जैविक विविधता सचेतना**

- यस अन्तरगत जिल्लास्थित कृषि इकाई (यस पछि निकाय भनिने) कृषि जैविक विविधता संरक्षणको महत्व बारे सर्वसाधारण जनता एवं अन्य सरोकारवालाहरुलाई सचेत एवं जागरुक बनाउन सहयोग पुग्ने गरि सचेतनाको गतिविधिहरु सञ्चालन गर्न सकिने छ । यस्ता कृयाकलापहरुमा जिल्लास्तरिय स्तरिय भेला, गोष्ठी, सडक नाटक, रेडियो कार्यक्रम, विद्यालय स्तरिय प्रतियोगितात्मक र अन्य कार्यक्रमहरु, साँस्कृतिक पर्व आदिमा प्रचार प्रसारका गतिविधि आदि सञ्चालन गर्न सकिने छ ।

(ख) **कृषि जैविक विविधता संरक्षणमा स्थानीय विद्यालयसंग सहकार्य**

(१) रैथाने बालीको स्थानीय पाठ्यक्रम लागू गर्नेः निकायले रैथाने बाली एवं स्थानीय कृषि जैविक विविधताको महत्व र संरक्षण बारे जिल्ला भरमा विद्यालय स्तरको निम्न माध्यमिक/माध्यमिक शिक्षाको स्थानीय पाठ्यक्रम तथा कोर्स बुक तयार गरि लागू गर्न सहजिकरण गर्न सक्ने छ ।

(२) रैथाने खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रम लागू गर्नेः रैथाने बालीको महत्व र परिकारबारे विद्यार्थीहरुलाई जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउनको लागि विद्यालय छनौट एवं मोडालिटी तयार गरि सम्झौता गरि आर्थिक तथा प्राविधिक सहयोग गर्ने गरी क्रियाकलाप संचालन गर्न सकिनेछ।

(३) विद्यालय फिल्ड जिन बैंक स्थापनाः रैथाने बाली र अन्य आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधता संरक्षण एवं विद्यार्थीको सिकाई प्रक्रियालाई मद्दत पुर्याउन विद्यालय परिसरमा फिल्ड जिन बैंक स्थापना गर्न सकिने छ ।

(४) **कृषि जैविक विविधता मेला**

निकायले स्थानीय सामुदायिक बीउ बैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न संस्थासंगको सहकार्यमा जिल्ला सदरमुकाम वा अन्य उपयुक्त स्थापनमा कृषि जैविक विविधता मेला आयोजना गर्न

सक्ने छ । यसको लागि मेलामा प्रदर्शन गरिने विषयहरु, दर्ता प्रक्रिया, पुरस्कारको व्यवस्था, प्रदर्शनी स्थलको व्यवस्था आदि विषयमा पूर्व तयारी गर्नु पर्छ । मेला बारे स्थानीय सञ्चार माध्यम र अन्य माध्यमबाट व्यापक प्रचार प्रसार गर्नु पर्दछ । स्थानीय साँस्कृतिक एवं धार्मिक मेला पर्वको अवसर पारि यस्तो मेला आयोजना गर्नु उपयुक्त हुन्छ । साथै कृषि मेला प्रदर्शनी र अन्य कृषि सम्वन्धि कार्यक्रमसंग मिलाएर पनि मेला आयोजना गर्न सकिन्छ ।

### (ग) सामुदायिक बीउ बैंकको क्षमता विकास एवं सुदृढिकरण

यस अन्तरगत जिल्लास्थित कृषि इकाई (यस पछि निकाय भनिने) कृषि जैविक विविधता संरक्षण कार्यक्रम लागू भएका स्थानीय तहहरुमा स्थापना गरिने सामुदायिक बीउ बैंकको क्षमता विकास र पहिले देखि नै कृयाशिल सामुदायिक बीउ बैंकको सुदृढिकरणको लागि सामुदायिक बीउ बैंक सञ्चालन, व्यवस्थापन, कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगका विविध क्षेत्रहरुमा तालिम र अन्य क्षमता विकासका गतिविधिहरु सञ्चालन गर्न सकिने छ। केहि यस्ता सम्भावित क्षमता विकासका विषयहरुमा फोर सेल विश्लेषण, सामुदायिक कृषि जैविक विविधता दर्ता किताव खडा एवं व्यवस्थित गर्ने, जैविक विविधता मेला आयोजना गर्ने, जैविक विविधता प्रदर्शनी स्थल व्यवस्थापन, सामुदायिक जैविक विविधता कोष स्थापना र परिचालन, सामाजिक पूँजि निर्माण, जातिय दर्ता, बीउ उत्पादन एवं व्यवसायिक कारोबार सञ्चालन आदि हुन सक्छन ।

कृषि जैविक विविधता संरक्षणका विविध गतिविधिहरु कार्यान्वयन गर्न, बीउ साटासाट एवं खरिद गर्न, सदस्यहरुको अत्यावश्यक आवश्यकता पुरा गर्नको ऋण प्रवाह गर्न आदि कार्यको लागि कोष खडा गर्न सामुदायिक बिउ बैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक समूह तथा सहकारीलाई बीउ पूँजि उपलव्ध गराउन सकिने छ । यस्तो कोष खडा गर्न चाहने सामुदायिक बीउ बैंक वा माथि उल्लेखित अन्य निकायहरुले बैंकमा जम्मा गरेको रकम बराबर हुने गरि अधिकतम् रु.एक लाख बीउ पूँजि उपलव्ध गराउन सकिने छ ।

### (घ) सामग्री एवं अन्य पूँजिगत सहयोग

सामुदायिक बीउ बैंकहरुले गर्ने रैथाने एवं उन्नत जातको बीउ उत्पादन, साटासाट र बिक्रि वितरणलाई व्यवस्थित र सहज बनाउन बीउ सुकाउने खलो निर्माण/मर्मत, भण्डारण गर्ने पूर्वाधार एवं सामग्री निर्माण एवं खरिद, तौलने मेशिन, प्याकेजिङ्ग मेशिन आदिमा ५० प्रतिसत अनुदान सहयोग उपलव्ध गराउन सकिने छ ।

### (ङ) सरोकारवाला छलफल, अन्तरकृया एवं गोष्ठी

जिल्लामा कृषि जैविक विविधता, यसको संरक्षण एवं उपयोगको अवस्था, तिनमा रहेका समस्या एवं सरोकारवालाहरुको भूमिका बारे छलफल गर्न कृषि जैविक विविधता संरक्षणमा संलग्न संघ संस्था एवं अन्य सरोकारवालाहरु सम्मिलित एक दिने गोष्ठि आयोजना गर्न सकिने छ। यस्तो गोष्ठिमा सहभागीहरुबाट आ आफ्नो क्षेत्रमा गोष्ठिको निष्कर्ष कार्यान्वयन गर्ने प्रतिवद्धता लिनु पर्दछ ।

### (च) डाटावेश व्यवस्थापन

यस अन्तर्गत जिल्लाभर उपलव्ध खास गरि बाली, किट र शुक्ष्म जीव जन्य कृषि जैविक विविधताको प्रोफाइल तयारी, लोपोन्मुख र विशेष गुण भएका रैथाने बाली एवं जातको सचित्र विवरण संकलन र प्रकाशन गर्न सकिन्छ । यसै गरि कन्दमूल र खान योग्य जंगली वनस्पति एवं घरेलु वनस्पतिको जंगली प्रजातिहरुको पनि विवरण संकलन र प्रकाशन गर्न सकिने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(छ) स्थानीय आवश्यकतामा आधारित अन्य कार्यक्रम

यी बाहेक कृषि जैविक विविधता संरक्षण लक्षित जिल्ला तथा स्थानीय स्तरमा आवश्यक देखिएका अन्य केहि सिमित कृयाकलापहरु आवश्यकता बमोजिम सञ्चालन गर्न सकिने छ ।

(ज) कार्यक्रम व्यवस्थापन

यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, प्रगति प्रतिवेदन, प्रचार-प्रसार र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

(६) अपेक्षित उपलब्धिहरु:

- कृषि जैविक विविधता संरक्षणमा स्थानीय समुदायको सकृयता र अपनत्व बढ्ने ।
- कृषि जैविक विविधता संरक्षणका प्रमुख असल अभ्यासको स्थानीय समुदायले अनुसरण गरेको हुने ।
- स्थानीय लोपोन्मुख र विशेष गुण भएका कृषि जैविक विविधताको पहिचान, अभिलेखिकरण, संरक्षण र उपयोगको अवस्थामा उल्लेख्य सुधार भएको हुने।

(७) कार्यक्रम संचालन विधि/क्रियाकलापहरु/न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:

- प्रदेश तहबाट सञ्चालन गरिने कृयाकलापको हकमा प्रदेशस्थित कृषि मन्त्रालयले उक्त प्रदेश स्थित कृषि जैविक विविधता संरक्षण कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि सम्वन्धित जिल्लाको कृषिको निकायमा सशर्त अनुदान बजेट पठाउनु पर्ने छ ।
- निकायले कृषि जैविक विविधता संरक्षण कार्यक्रम लागू भएका स्थानीय तहसंग समन्वय गरि स्थानीय तहले सञ्चालन गर्ने कृयाकलापलाई सहयोग पुग्ने गरि सञ्चालन गर्नु पर्ने छ।
- जिल्लास्थित कुनै पनि स्थानीय तहमा कृषि जैविक विविधता संरक्षण कार्यक्रम लागू भएको अवस्था नभएमा आवश्यकता र औचित्यतताको आधारमा यस कार्यविधिमा उल्लेख भएका गतिविधिहरु सञ्चालन गर्न सकिने छ ।
- जिल्लास्थित कृषि इकाईहरुले सहयोग र अन्य अनुदान कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय तह बाट संचालित कार्यक्रमसँग दोहोरो नपर्ने गरि संचालन गर्नु पर्ने छ ।
- यस कार्यक्रममा उल्लेखित कृयाकलापहरु सञ्चालन गर्दा लाग्ने खर्च प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि आवश्यकता अनुसार लागत अनुमान स्विकृत गरि गर्नु पर्ने छ ।
- यस कार्यविधिमा कुनै कृयाकलाप सञ्चालन गर्दा खर्च गर्न सकिने बजेट र अनुदानको सीमा लगायतका विषय उल्लेख नभएको अवस्थामा बजेटको उपलव्धता र आवश्यकताको आधारमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि लागत अनुमान तयारी तथा बजेट बाँडफाँड गरि कृयाकलाप सञ्चालन गर्न सकिने छ ।

३७.कार्यक्रमको नाम : नीजि क्षेत्रसंगको सहकार्यमा धान मिल मोडल कार्यान्वयन

(१) परिचय: मसिनो चामल प्रति उपभोक्ताको बढ्दो आकर्षण र स्वदेशमा उत्पादित मसिना चामलले माग धान्न नसकेको कारण वर्षेनी ठूलो परिमाणमा मसिनो चामलको आयात बढिरहेको र नेपाली धान चामल मिलले बजारको माग पुरा गर्न स्वदेशी धान प्रयाप्त नभए पछि मूलतः छिमेकी मुलुक भारतबाट धान आयात गरिरहेको सन्दर्भमा देशमा खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न र धान चामल आयात प्रतिस्थापन मार्फत व्यापार घाटा न्यूनिकरणमा योगदान पुर्याउन नीजि क्षेत्रको सहभागितामा मसिनो धानको उत्पादन र



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

व्यवसाय एवं बजार प्रवर्द्धन गर्न तिनै तहको सरकारहरुको सहकार्य र समन्वयमा धान मिल मोडल (Rice Mill Model) कार्यक्रम कार्यान्वयनमा गरिने छ।यो कार्यक्रम प्रादेशिक कृषि मन्त्रालय अन्तर्गतको जिल्लास्थित कृषि कार्यालयबाट कार्यान्वयन गरिने छ ।

**(२) उद्देश्य:**

- मसिना धान उत्पादनमा कृषकलाई आकर्षित र अभिप्रेरित गर्ने
- उत्पादित मसिना धानलाई धान मिलले खरिद गर्ने व्यवस्था गर्ने
- कृषक र मिल सञ्चालकले लागत कम र नाफा बढि आर्जन गर्न सहयोग गर्ने

**(३) लक्षित समुह:** यस कार्यक्रमको मूख्य लक्षित वर्ग धान मिल सञ्चालक (निजी व्यवसायी, सहकारी संस्था तथा अन्य व्यवसायिक फर्म तथा कम्पनी) र मसिना धान उत्पादक किसान, किसान समूह, उपभोक्ता समिति आदि हुन्।यसको अलावा धान उत्पादन र बजारीकरणसँग सम्वन्धित उद्यमी, व्यवसायी र अन्य सरोकारवालाहरु पनि यस कार्यक्रम बाट लाभान्वित हुने वर्गमा पर्छन ।

**(४) प्रमुख क्रियाकलापका क्षेत्रहरु, र क्रियाकलापहरुको विस्तृत विवरण:**

**(क) मिलको स्तरोन्नती सहयोग र कृषि जेटिए परिचालन**

यस कार्यक्रम अन्तर्गत सहकार्यको लागि छनौट भएको मिललाई सम्झौता अनुसार देहाय बमोजिमका पूँजिगत र अन्य सुविधाहरु उपलव्ध गराइने छ।

१. मिलको स्तरोन्नतिको लागि मेशिन तथा थप पार्टपूर्जा (अधिकतम् ५० प्रतिशत अनुदान)
२. अल्पकालिन धान भण्डारण गर्न सेड निर्माण/मर्मत (अधिकतम् ५० प्रतिशत अनुदान)
३. धान सुकाउने खलो निर्माण/ मर्मत (अधिकतम् ५० प्रतिशत अनुदान)
४. एक जना कृषि प्राविधिक (जेटिए) को आधारभूत तलव (अधिकतम् १०० प्रतिशत अनुदान)

**(ख) प्रविधि परिक्षण एवं प्रदर्शन, बीजवृद्धि तथा तालिम र प्राविधिक सेवा टेवा**

**(अ) प्रविधि परिक्षण एवं प्रदर्शन:** कृषकहरुसंगको छलफलबाट निर्धारित मसिना जातको धान लगाइने व्लकलाई लक्षित गरि व्लकमा आवद्ध कृषकहरुको लागि बीउ छनौट र नर्सरी व्याड तयारी देखि बाली कटानी सम्मका कृयाकलापहरुको उन्नत तरिकाले व्यवस्थापन गर्न कृषकलाई बाली लगाउनु पूर्व र बालीको अवस्था अनुसार एक देखि दुई घण्टाको स्थलगत र व्यवहारिक तालिम सञ्चालन गरिने छ । साथै हालसालै उन्मोचित मसिना जातको धानको बृहत उत्पादन प्रदर्शन (large plot demonstration) तथा नव उन्मोचित वा उन्मोचनको क्रममा रहेको मसिना जातको धानको मिनिकिट प्रदर्शन सञ्चालन गर्न सकिने छ । त्यस्तै गरि सम्भाव्यताको आधारमा छरुवा खेती प्रविधि (धान)/रासायनिक मलको समुचित प्रयोग/Alternate Wetting and Drying (AWD)/Site Specific Nutrient management/माटो सुधार तथा सुक्ष्म तत्व व्यवस्थापन/सघन धान खेती प्रविधी (SRI)/जलवायु अनुकुलित धानको खेती /रोग कीराको जैविक विधिद्वारा व्यवस्थापन तथा Bio Control Agent लाई लक्षित गरी एकीकृत रोग तथा कीरा व्यवस्थापन (IDPM) जस्ता नविनतम् र समसामयिक प्रविधिहरुको प्रदर्शन तथा स्थलगत तालिम संचालन गरिनेछ । प्रदर्शन कार्यक्रम संचालनका लागि क्षेत्रफल कम्तिमा २ कठ्ठा हुनु पर्नेछ।साथै पोष्ट हार्भेष्ट क्षती न्यूनीकरणका लागि ड्रायर प्रदर्शन कार्यक्रम संचालन गरिनेछ ।



सचिव

(आ) **बीजवृद्धि:** छनौट गरिएको धान उत्पादन क्षेत्रमा कार्यक्रममा सहभागी हुने कृषकहरुको सहभागितामा मसिनो प्रकृतिका धानको बिज बृद्धि कार्यक्रम संचालन गरिनेछ । मसिना जातको धानको श्रोत तथा उन्नत बीउ उत्पादन गर्न इच्छुक कृषक समूह, सहकारीलाई **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ। तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८** बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रक्रिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । बीउ उत्पादनमा संलग्न कृषक समूह, कम्पनी, सहकारी तथा सामुदायिक बीउ बैंकलाई बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका बीउ उत्पादन र प्रसोधन तथा बजारिकरणमा प्रयोग हुने सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।

(इ) **प्रविधि परिक्षण एवं प्रदर्शन:** यसको अलावा कृषकलाई उचित तरिकाले बाली व्यवस्थापनको लागि सक्षम बनाउन नियमित रुपमा प्राविधिकले कृषकहरुको धान खेतको अनुगमन गरि आवश्यक सल्लाह सुझाव दिने छन् । त्यसैगरि स्थानीय कृषकको माग र आवश्यकता बमोजिम स्थानीय स्तरमा नै मसिना धानको उन्नत बीउ उत्पादन गर्न स्रोत बीउको व्यवस्था लगायत अन्य सहयोग पनि उपलब्ध गराइने छ । साथै, कृषकहरुलाई बाली बीमाबारे जानकारी दिन तथा बाली बीमा प्रति आकर्षित गर्न निकायको अगुवाईमा अभिमुखिकरण लगायत प्रचारप्रसारका क्रियाकलापहरु संचालन गरिनेछ ।

(ई) **संयुक्त अनुगमन भ्रमण तथा सिकाई आदान प्रदान भ्रमण:** धान मिल मोडल लागू भएको क्षेत्रमा सम्वन्धित सरकारी निकायहरु, जनप्रतिनिधिहरु, कृषक, मिल सञ्चालक, प्राविधिक आदि सरोकारवालाहरुको संयुक्त अनुगमन भ्रमण आयोजना गरिने छ । त्यसै गरि स्थानीय तह र प्रदेशमा कार्यरत प्राविधिकहरुको लागि धान मोडल कार्यान्वयन बारे सिकाई आदान प्रदान भ्रमण समेत आयोजना गर्न सकिने छ ।

(ग) साना सिँचाई तथा कृषि यान्त्रिकरण सहयोग

कार्यक्रम अन्तर्गत मिलसंग सहकार्य गर्ने कृषक समूहहरुलाई स्विकृत बजेटको परिधि भित्र रहि निकायले प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च गर्ने गरि देहाय बमोजिमका साना सिँचाई तथा कृषि यान्त्रिकरण सहयोग उपलब्ध गराउन सक्ने छ ।

(अ) **साना सिँचाई सहयोग:** यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण तथा मर्मतमा ८५ प्रतिशत अनुदान र अन्य व्यक्तिगत वा सामुहिक स्यालो ट्युववेल र, पानी तान्ने मोटर पम्प, डेलिभरी पाइप, र सोलार पम्प जडान जस्ता क्रियाकलाप एवं सुविधाहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछन् । कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना बढीमा रु. ७५,०००/-- र अन्यको

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

हकमा सम्म प्रति आयोजना बढीमा रु. ५०,०००/- अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा एक वटा आयोजना को लागि मात्र बढिमा रु.१,५०,०००/-सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

**(आ) साना मेशिनरी औजार उपकरण वितरण:** यस कार्यक्रममा सहभागी हुने कृषक समूहलाई सामुहिक प्रयोजनको लागि धान उत्पादन, बली कटानी तथा प्रशोधनमा प्रयोग हुने साना तथा मझौला मेशिनरीहरु (सिड ड्रिल, विडर, फर्टिलाइजर स्प्रेडर, रिपर, थ्रेसर, विनोअर आदि) ५० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ ।

**(ई) कष्टम हायरिङ्ग सेवा केन्द्रको स्थापना एवं सुदृढिकरण:** कार्यक्रममा सहभागी हुने कृषक समूह मार्फत वा अन्य कृषक समूह तथा सहकारी एवं सामुदायिक संस्थाहरु मार्फत कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापना एवं सुदृढिकरण गर्न मेशिनरी खरिदमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ । यथा सम्भव पहिले नै स्थापना गरिएको सेवा केन्द्रलाई थप मेशिन र अन्य सहयोग गरि सुदृढिकरण गरिने छ। कष्टम हायरिङ्ग सेवा केन्द्र नभएको स्थानमा मात्र नयाँ स्थापना गरिने छ । कष्टम हायरिङ्गका लागि उपलब्ध हुने मेशिनरीहरु स्थानीय माग र आवश्यकता एवं सम्भाव्यताको आधारमा सम्भव भए सम्म अनुसूची-१४ मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

**(घ) मसिनो जातको धान खरिद तथा विक्रिमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान उपलव्ध गराउने**

यस कार्यक्रम अन्तर्गत मसिना धानको विक्रि गर्ने कृषक र खरिद गर्ने धान मिललाई प्रोत्साहन स्वरुप खरिद वा विक्रि परिमाणको आधारमा अनुदान उपलव्ध गराइने छ ।छनौट गरिएको मिललाई मसिना जातका धान उत्पादन गरी विक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी बढिमा रु.५ (पाँच) का दरले नगद प्रोत्साहन

कार्यक्रमको पहिलो वर्ष आ. व. २०७९/८० को हकमा सम्भाव्यताको आधारमा निकायको अग्रसरतामा उत्पादन पकेटका कृषक र मसिना धान खरिद गर्न इच्छुक धान मिलहरु विच धान कटानी गर्नु कम्तिमा एक महिना अघि छलफल कार्यक्रम आयोजना गरि खरिद गरिने धानको परिमाण, धानको गुणस्तर, ढुवानीको माध्यम, रकम भुक्तानी विधि आदि बारे विस्तृत छलफल गरि कृषक समुदाय र मिल सञ्चालक विच सहमति पत्रमा हस्ताक्षर गराई मसिना धान खरिद एवं विक्रि गर्न सकिने छ ।

धान रोपाईं र बाली कटानी दुई आर्थिक वर्षमा विभाजित हुने भएकोले यस कार्यक्रम अन्तर्गत कृषक र मिल सञ्चालक विच धान खरिद बारे आपसी सहमति यसै कार्यविधि बमोजिम धान रोप्नु अघि नै गर्ने र आगामी आ. व. मा बजेट व्यवस्था भएमा बाली कटानी भइ सके पछि सहमति बमोजिम खरिद विक्रि परिमाणको आधारमा प्रतिफलमा आधारित अनुदान उपलव्ध गराइने छ ।

**(ङ) बजारिकरण सहयोग**

यस कार्यक्रम अन्तर्गत धान मिलले उत्पादन गर्ने मसिना चामलको आफ्नै ब्राण्ड बनाइ बजारिकरण गर्न सक्ने छ । यस्तो ब्राण्डिङ्ग तथा बजारिकरण गर्न निकायले सहयोग उपलव्ध गराउने छ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(च) **कार्यक्रम व्यवस्थापनः** यस अन्तर्गत सुचना प्रकाशन, कार्यक्रम बारे अभिमुखिकरण, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन र बैठक लगायतका क्रियाकलापहरु आवश्यकताका आधारमा नियमानुसार संचालन गर्न सकिनेछन् ।

## ५. राइस मिल मोडल कार्यान्वयनका प्रमुख चरणहरु

### क.कार्यक्रमको लागि धानको जात र खरिद परिमाण तोक्ने तथा धान मिल सूचिकृत गर्ने

कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि कार्यालय कार्यक्रम कार्यान्वयन गर्ने मूख्य निकाय (यस पछि निकाय भनिने) हुनेछ । निकायले आगामी सिजनको कार्यक्रममा समावेश गरिने स्थानीय तह वा उत्पादन क्षेत्र, मसिना धानको जात, खरिद बिक्रि गरिने अनुमानित परिमाण अर्थात प्रतिफलमा आधारित अनुदान उपलव्ध गराइने परिमाण र प्रति इकाई अनुदान रकम फागुन मसान्त भित्र यस कार्यक्रममा सहभागी हुन चाहने धान मिलहरुलाई सूचिकृत हुन धान सिजन शुरु हुनु अगावै चैत्र मसान्त भित्र सार्वजनिक सूचना मार्फत आव्हान गर्ने छ । धान मिलहरुले अनुसूची-१५ बमोजिमको ढाँचामा सूचिकृत हुनको लागि निवेदन दिनु पर्ने छ । निकायले सूचिकृत हुन प्राप्त भएका निबेदनहरुको आवश्यक जाँचबुझ गरि कार्यक्रममा सहभागी हुन योग्य मिलहरुको सूचि सार्वजनिक गर्नु पर्ने छ ।

### ख.अभिमुखिकरण एवं क्षमता विकास

निकायले सूचिकृत धान मिलहरुलाई कार्यक्रममा सहभागी हुन प्रेरित गर्ने उद्देश्यले अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने छ । अभिमुखिकरण कार्यक्रममा धान मिल मोडेल र यसको कार्यान्वयन बारे जानकारी दिइने छ । साथै मिलहरुको सञ्चालनमा रहेका समस्याहरुको समाधान एवं तिनिहरुको स्तरोन्नति एवं क्षमता र दक्षता अभिवृद्धि गर्नको लागि गर्नु पर्ने कार्यहरुको पहिचान गरिने छ ।

### ग.कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान गर्ने

निकायले स्विकृत बजेटको सीमा भित्र रहि स्थानीय तह वा उत्पादन क्षेत्र (पकेट) तोकि कार्यक्रममा समावेश गरिने जात र परिमाण र सूचिकृत धान मिलहरुले खरिद गर्न सक्ने मसिना धानको न्यूनतम र अधिकतम् परिमाण तोकि कार्यक्रममा सहभागी हुनको लागि सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नु पर्ने छ । सूचिकृत मिलले आफूलाई पायक पर्ने उत्पादन क्षेत्रका कृषक समूह तथा सहकारीमा आवद्ध कृषकहरु वा सर्वसाधरण कृषकहरुबाट खरिद गर्न सक्ने धानको मोटामोटी परिमाण खुलाइ अनुसूची-१६ बमोजिमको ढाँचामा निकायमा प्रस्ताव पेश गर्नु पर्ने छ ।

### घ.धान मिल छनौट र सम्झौता गर्ने

निकायले मिलको छनौटको लागि सिफारिश गर्न एक आन्तरिक समिति बनाउन सक्ने छ । प्राप्त प्रस्तावहरुको अध्ययन गरि तोकिएको योग्यता नपुगेका प्रस्तावहरु हटाइ त्यस्तो समितिले संक्षिप्त सूचि तयार पार्ने छ । यस्तो सूचि निकायले आफ्नो वेवपेज र सूचनापाटीमा प्रकाशन गर्नु पर्ने छ ।संक्षिप्त सूचिमा परेका प्रस्तावक मिलका सञ्चालकसंग निकायले नेगोसियसन र थप छलफलको लागि अन्तरवार्ता गर्ने छ । अन्तर्वार्तामा सहभागी मिलसंग कार्यक्रमलाई सफल बनाउने आधारहरुबारे मूल रुपमा बुझ्ने प्रयास गरिने छ ।निकायले सूचिकृत मिलहरुवाट प्राप्त प्रस्ताव, अन्तरवार्ता लगायत अनुसूची-१७ बमोजिमको मूल्याङ्कनका आधारहरुमा मिलको छनौट



सचिव

गर्ने छ ।यस्तो मिलको संख्या उपलब्ध बजेट, मिलको संख्यात्मक उपस्थिति, खरिद गरिने धानको परिमाण, मसिना जातको धानको उत्पादनको अवस्था लगायतको आधारमा एक वा सो भन्दा बढि हुन सक्ने छ । यसरी छनौट भएका मिलहरुसंग सकभर उत्पादन पकेट वा स्थानीय तहमा उत्पादन हुने धानको परिमाण र मिलको क्षमता समेतको आधारमा मिलहरुबाट खरिद हुने धानको परिमाण तोकि सम्झौता गरिने छ ।सम्झौतामा अन्य कुराको अलावा यस कार्यक्रम अन्तर्गत मिलले पुरा गर्नु पर्ने शर्तहरु र सो बापत् मिलले पाउने सुविधाहरु बारे प्रष्ट उल्लेख गरिनु पर्ने छ । प्रचलित आर्थिक ऐन नियम बमोजिम सम्झौताको ढाँचा निकायले तयार गर्ने छ ।

**ङ.धान उत्पादन क्षेत्र छनौट तथा ब्लक निर्माणः** छनौट भएका मिलहरुले प्रस्तावमा उल्लेख गरे बमोजिमका उत्पादन क्षेत्रमा उत्पादन देखि भण्डारण सम्मका कार्यहरुमा कृषि यन्त्रहरुको प्रयोग समेत गर्न सकिने गरी निकायसंग समन्वय गरि ब्लक निर्माण गरिनेछ । यसरी निर्धारण गरिएका ब्लकहरुमा बर्षे धान र उपयुक्तताको आधारमा चैते धान प्रवर्द्धनका क्रियाकलापहरु संचालन गरिनेछ । मिलको तर्फबाट प्राविधिकले कार्यक्रम बारे कृषकहरुसंग छलफल गरि ब्लकमा आवद्ध हुने कृषकको नाम नामेसी र जग्गाको क्षेत्रफल एकिन गर्नु पर्ने छ ।

**च.कृषक समूह गठन/पुनर्गठन**

मिल सञ्चालकले निर्धारण भएको उत्पादन क्षेत्रमा मसिना धानको निश्चित जात ब्लकमा खेती गरी धान मिललाई बिक्रि गर्न इच्छुक किसानहरुको पहिचान तथा छनौट गर्ने छ । यसको लागि कृषि प्राविधिक (जेटिए) को परिचालन गरि मिल सञ्चालकले निकायमा पेश गरेको प्रस्ताव अनुरुप कार्यक्रमको परिधि भित्र रहि मसिना जातको धान उत्पादन र बजारिकरण कार्यमा संलग्न हुन इच्छुक कृषकहरुलाई समूहमा आवद्ध गराउनु पर्ने छ । पहिले देखिनै कृयाशिल रहेका समूहको हकमा आवश्यकता अनुसार पुनर्गठन गरि परिचालन गर्न सकिने छ । यस कार्यमा आवश्यकता अनुसार सम्वन्धित स्थानीय तहसंग समन्वय गर्न सकिने छ ।

**छ.बीउ मलखाद र अन्य उत्पादन सामग्री व्यवस्थापन**

ब्लकमा उत्पादन सामाग्रीको उपलब्धता सुनिश्चतता गर्नुको साथै लिजमा जग्गा लिन र दिन तथा सुलभ कृषि ऋणका लागि सहजीकरणको लागि निकाय र सम्वन्धित मिलले सहजिकरण गरिदिनु पर्ने छ ।ब्लकमा आवद्ध कृषकहरुको लागि आवश्यक मसिना धानको उन्नत बीउ, मलखाद, बिषादि, मेशिनरी तथा उपकरण र अन्य सामग्री आपूर्तिमा मिलले कृषि प्राविधिक परिचालन समेत गरि आवश्यक सहयोग र सहजिकरण गर्नु पर्ने छ । मिलले मसिना जातको धानको गुणस्तरिय बीउ र रासायनिक मलखादको उपलब्धता सुनिश्चित गर्नको लागि बीउ विजन कम्पनी तथा बीउ उत्पादक समूह तथा सहकारी र कृषि सामग्री कम्पनी संग समन्वय गर्नको लागि निकाय र सम्वन्धित स्थानीय तहसंग अनुरोध गरे बमोजिम ति निकायहरुले आवश्यक सहयोग र सहजिकरण गर्ने छन् ।

**ज.प्राविधिक सेवा टेवा**

मिलले नियुक्त गर्ने कृषि प्राविधिक (जेटिए) को परिचालन गरि तोकिएका उत्पादन क्षेत्रका मिलसंग आवद्ध कृषक समूहमा मसिनो जातको धानको क्षेत्र विस्तार र बाली व्यवस्थापनको विभिन्न विषयमा प्राविधिक सर



सचिव

सल्लाह र सेवा टेवा उपलव्ध गराइने छ । जेटिएले प्रदर्शन, स्थलगत तालिम, कृषक पाठशाला लगायतका गतिविधि सञ्चालनमा निकायलाई सहयोग गर्नु पर्ने छ । साथै सरकारी निकायहरुबाट उपलव्ध हुने अनुदान र सहुलियतपूर्ण कृषि कर्जा तथा बाली विमामा व्लकमा आवद्ध कृषकहरुको पहुँच बढाउन मिल सञ्चालक तथा जेटिएले आवश्यक सहयोग र सहजिकरण गर्नु पर्ने छ ।

**झ.बाली कटानी, मूल्य निर्धारण तथा धान मिलबाट मसिना जातको धान खरिद**

धान बाली कटानी गर्ने उपयुक्त समय भए पछि प्राविधिकले व्लकमा आवद्ध कृषकहरुबाट के कति परिमाणमा धान खरिद हुन सक्ने हो एकिन गरि धान कटानी योजना समेत तयार गरि सोहि बमोजिम कृषकलाई धान कटानी गर्न सहजिकरण गर्ने छन् । धान मिलबाट निकायमा पेश गरेको प्रस्ताव अनुरुप नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा व्लकमा आवद्ध कृषकहरुबाट धान खरिद गरिने छ । यसको लागि मिलको तर्फबाट खटिएका प्राविधिकले आवश्यक भएमा प्रचार प्रसार समेत गरि कृषकले आफूले उब्जाएको धान मिल सम्म ल्याउने व्यवस्थामा आवश्यक सहयोग र सहजिकरण गर्नु पर्ने छ । मिल स्वयंले यथासम्भव उत्पादन व्लकबाटनै कृषकको धान उठाउने व्यवस्था गर्नु पर्ने छ ।

(६) अपेक्षित उपलब्धिहरु:

- मसिना जातको धानको क्षेत्र विस्तार हुने ।
- स्वदेशी धान मिलले स्वदेशमा नै मिलको लागि कच्चा पदार्थ प्राप्त गर्ने ।
- धान बालीको लागत खर्चमा कमी आउने, उत्पादन क्रमश बढ्ने र धान आयात कम भइ ब्यापार घाटा कम गर्नमा सहयोग पुग्ने ।

**(७) कार्यक्रम संचालन विधि/क्रियाकलापहरु/न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:**

१. यो कार्यक्रम कार्यान्वयनको लागि प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालय बाट मिलको उपस्थिति रहेको र मसिना धानको क्षेत्र विस्तारको सम्भावनाको आधारमा जिल्ला छनौट गरि धान मिल मोडल कार्यान्वयनको लागि कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि कार्यालयमा कार्यक्रम र बजेट पठाइने छ ।

२. प्रादेशिक कृषि मन्त्रालय वा कृषि विकास निर्देशनालयले अत्यावश्यक भएको अवस्थामा अनुगमन लगायतको प्रयोजनको लागि न्यूनतम बजेट राखि बाँकि छनौट गरिएका कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि कार्यालयलाई पठाइदिनु पर्ने छ ।

३. कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि कार्यालयले बजेटको परिधि र मिलको उपस्थिति, धानको उत्पादन लगायतको आधारमा एक वा सो भन्दा बढि मिल छनौट र सम्झौता गर्नु पर्ने छ ।

४. साना मेशिनरी औजार उपकरण वितरण, कष्टम हायरिङ्ग सेवा केन्द्रको स्थापना जस्ता सहयोग र सुविधाहरु प्रतिस्पर्धात्मक अनुदानमा सार्वजनिक सूचना मार्फत् माग आह्वान गरिने छ । प्रस्तावको ढाँचा, मेशिनरी तथा तिनको स्पेशिफिकेसन, मूल्याङ्कनका आधारहरु तथा लाभग्राही छनौट निकायले तोके बमोजिम हुनेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

## परिच्छेद ४
## विविध

३८. <u>सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्ने</u>: (१) कार्यक्रमको विषयमा पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने सम्वन्धित कार्यालयले अनुदान सम्वन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा बुलेटिन मार्फत) नियमितरूपमा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।

(३) सम्बन्धित कार्यालयले अनुदानको अभिलेख राखी सोको विवरण अद्यावधिक समेत गर्नुपर्नेछ ।

(४) सञ्चालन भएको कार्यक्रमको वारेमा अनुदानग्राहीले अनुसूची ४ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड कार्यक्रम स्थालमा राखुपर्नेछ ।

३९.<u>बीमा गर्नु पर्ने</u>: (१) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सम्भव भए सम्म कृषि बीमा गर्नु पर्नेछ ।

(२) यो कार्यविधि अनुसारव्यवसायिक कार्यका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीले फर्म/भौतिक पूर्वाधारको समेत बीमा गर्न सक्नेछ ।

(३) अनुदानग्राहीले कृषि सम्बन्धीबीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ ।

४०.<u>पुरस्कार, असुल उपर र कारवाही (सजाय)को व्यवस्था</u>: (१)तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरीय कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गर्न सकिनेछ ।

(२) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(३) सम्झौता बमोजिम सम्पन भएको कार्यहरु मध्ये कुनै सम्पन्न कार्यहरु विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, स्थानीय तहको सिफारिस/प्रहरी प्रतिवेदन कागजात/ प्रमाण) विवरण सहित एक महिनाभित्र अनुदान प्राप्त गरेको निकायमा लिखित जानकारी गराउनु पर्नेछ ।यस्तो अवस्थामा सम्वन्धित समितिको निर्णयानुसार हुनेछ ।

४१.<u>अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नु पर्ने</u>:यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ ।



सचिव

४२.<u>दोहोरो सुविधा लिन नपाउने:</u> अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । साथै विगतमा अनुदान प्राप्त गरेको अनुदानग्राही ५ वर्ष सम्म एकै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्न योग्य हुने छैनन् । अनुदान प्रवाह गर्दा विगतमा अनुदानप्राप्त नगरेकाहरूलाई प्राथमिकता दिनुपर्नेछ। तर वहुवर्षिय प्रकृतिका आयोजना तथा एकै कृषक/फर्म/समुह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरि अनुदान प्राप्त गर्न बाधा पर्ने छैन ।

४३.<u>जिम्मेवार हुने:</u>(१) ससर्त अनुदान उपयोग गर्दा वित्तिय अनुशासन कायम गर्नुपर्ने एवं वित्तिय उत्तरदायित्व वहन गर्नु पर्ने छ ।

(२) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(३) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति वाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

४४.<u>सम्झौता बमोजिम हुने:</u> (१) यस कार्यविधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालनन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन ।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ ।

४५. <u>कार्यक्रमको दोहोरोपना:</u> कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित वनाउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरुसंग दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम सञ्चालनन गर्नु पर्नेछ ।

४६.<u>गुनासो व्यवस्थापन:</u> (१)अनुदानग्राहीको अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा सो सम्बन्धमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहसँगको गुनासो भएमा स्थानीय तह र जिल्ला स्थित कार्यालयसँगको गुनासो भएमा तत् तत् निकाय र प्रदेश मन्त्रालयबाट गुनासो व्यवस्थापन गर्नुपर्नेछ ।

४७.<u>विविध:</u> (१) अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार सेवा, विशेष कृषि कार्यक्रम एवं कृषकलाई प्रोत्साहन सम्वन्धी कार्यक्रमहरुको खर्चको सीमा स्थानीय तहले तोके बमोजिम हुनेछ ।



सचिव

(२) स्वीकृत अनुदान रकममा कार्यक्रम सञ्चालनन गर्दा कर सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) हरेक आगामी आर्थिक बर्षको लागि आवश्यक पर्ने सशर्त कार्यक्रम प्रदेश मन्त्रालय र स्थानीय तहले बजेट अनुमान गरी फाल्गुन मसान्त भित्र संघीय मन्त्रालयमा पठाउन सक्नेछ ।

(४)

४८.<u>व्याख्या र बाधा अडकाउ फुकाउ:</u>(१) यस कार्यबिधिको आवश्यक व्याख्या मन्त्रालयले गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा बाधा अडकाउ परेमा कार्यविधिको उद्देश्य विपरित नहुने गरी निर्देशक समितिको सिफारिसमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए पनि आर्थिक पक्षमा प्रभाव पर्ने बिषयमा अर्थ मन्त्रालयको सहमति बमोजिम मन्त्रालयले कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची – १

## (परिच्छेद २ को दफा ८(१) सँग सम्बन्धित)

## ............................कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना (नमूना)

सूचना ।सूचना । ।सूचना । । ।

यस...........................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार....... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ स्थानीय तहका कृषि व्यबसाय एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएकोछ ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले...........दिनभित्र.................कार्यालयमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि वेबसाईट.................................. वा फोन नं. ..................................मा सम्पर्क गर्न सकिनेछ ।

<u>आवश्यक कागजात:</u>

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यबसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (ब्यवसायिक उत्पादनको हकमा
३. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित स्थानीय तहको प्रमाण
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
६. प्रतिवद्धता पत्र
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु

नोटः- सूचनामा ब्यवसायिक वा लक्षित वर्ग बिशेष कार्यक्रम छुटयाई प्रकाशन गर्न सकिने छ ।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौं

अनुसूची -२

(परिच्छेद २ को दफा ८(२) सँग सम्बन्धित)

**अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)**

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

श्रीमान् ........................... ज्यू

................कार्यालय

................ स्थानीय तह/ प्रदेश

महोदय

तहाँ कार्यालयबाट मिति...........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको .............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

**तपसिलः**

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तह/ प्रदेशः

वडा नः

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – ३

### (परिच्छेद २ को दफा १०(३) सँग सम्बन्धित)

### सम्झौताको ढाँचा (नमूना)

यो सम्झौता पत्र............प्रादेशिक निकाय/ स्थानीय तह (यस पछि पहिलो पक्ष भनिएको) र ................ कृषि फार्म /उद्यमी कृषक.......................गा.पा/नपा....................वडानं......टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिने छ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालनन गरि मितिः........साल........महिना.....गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१. यस सम्झौता बमोजिमको .............................. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आँफैले गर्नु पर्नेछ । दोस्रो पक्ष आंफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

२. सम्झौता बमोजिमको कार्यसञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी................) रदोस्रो पक्षको लागत सहभागिता रु...........(अक्षरेपी) व्यहोरिनेछ ।

३. .दोस्रो पक्षले सम्झौता बमोजिमको..................... कार्यक्रम अन्तरगत..............................व्यबसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले ....................कार्यक्रम अन्तर्गत.......................व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम ......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

९. सम्झौता बमोजिमको कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१०. कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू

११. कार्यक्रमसंग प्रासङ्गिक अन्य विषयहरू (आवश्यक भएमा)



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

१२. कार्यक्रमको विस्तृत ल.इ.डिजाइन संलग्न बमोजिम हुनेछ (आवश्यक भएमा) ।

१३. भुक्तानी हुने खाता नम्वरः

नामः

खाता नम्वरः

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसव मोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **पहिलोपक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यलयकोछाप | संस्थाकोछाप |

**रोहवर**

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

मितिः २०७.. ।....महिना ।....गते

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ४

(परिच्छेद ५ को दफा ३२ को उपदफा (४) सँग सम्बन्धित)

### होर्डिङ्ग बोर्ड (नमूना)

(साइजः ३ फिट x २ फिट)

**......प्रादेशिक निकाय/स्थानीय तहको नाम**

१.आयोजनाको नामः

२.आयोजना सञ्चालनगर्ने व्यक्ति/फर्म/ सहकारी/संस्थाको नामः

३.ठेगानाः

४.आयोजनाको कूल लागतः रू

५.अनुदान रकमः रू

६.अनुदानग्राहीको योगदान रू

७.अन्य साझेदार निकायको सहभागिताः रू

८.आयोजनाको अवधीः२०७९ ।... ।.... देखि २० ।.... ।....

९.लाभग्राहीहरूको संख्याः.........महिला..........पुरूष ........अन्य

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची –५

(परिच्छेद २ को दफा १२ को उपदफा (२)(क) सँग सम्बन्धित)

**त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा**

**क) परिचयात्मक विवरण**

१. आर्थिक बर्ष: २०७९ ।८०

२. प्रदेश/ स्थानीय तह: ...............

३. कार्यालयको नामः ................

४. प्रगति प्रतिवेदनको अवधीः................

**ख) प्रगति विवरण**

१.वित्तिय प्रगति

| क.सं. | कार्यक्रम/ क्रियाकलाप | बार्षिक विनियोजित बजेट (रु हजारमा) | ......त्रैमासिक विनियोजित बजेट (रु हजारमा) | हाल सम्मको खर्च (रु हजारमा) | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

२.भौतिक प्रगति, प्रतिफल तथा प्रगति नपुगका कारणहरु

| क.सं. | कार्यक्रम/ क्रियाकलाप | एकाई | बार्षिक लक्ष्य | ......... त्रैमासिक लक्ष्य | ......... त्रैमासिक प्रगति | हालसम्मकोप्रगति | मुख्य मुख्य प्रतिफलहरुको विवरण | प्रगति नपुगका कारणहरु |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

३.लाभान्वित कृषक/ अनुदानग्राहिहरुको विवरणः

| क.सं. | अनुदानग्राहिको नाम (व्यक्ति/ फर्म/ कम्पनी) | ठेगाना | सम्पर्क नं. | अनुदानको विवरण (के का लागि कति) |
|---|---|---|---|---|
| १ | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |

ग) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानका उपायहरुः

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | कार्यक्रम कार्यान्वयनका प्रमुख समस्याहरु | समाधानार्थ अपनाइएका उपायहरु | प्रभावकारी कार्यान्वयनका लागि सुझावहरु |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

तयार गर्ने

नामः

पदः

दस्तखतः

**प्रमाणित गर्ने**

**नामः**

**पदः**

**दस्तखतः**

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची ६ (क)

### (परिच्छेद ३ र ४ को प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित)

### प्राङ्गारिक उत्पादन गर्ने कृषक पहिचान चिन्ह यो हेर्नु होला

Group Logo

| GP | KA | PM | W20 | FID13 | PC01 |
|---|---|---|---|---|---|

GP = Province Name (Gandaki Province)

KA =District Name (Kaski District)

PM = Municipality name (Pokhara Metro)

W20 = Ward No. (20)

FID13 = Farmers Identity No (13)

PC = Product Cateory (01= Organic Certified Product; 02= Organic In-conversion Product; 03= Production Without Use of Chemical Pesticides; 04= Traditionally Grown Product)

*(नोटः उल्लेखित विवरणहरु उदाहरणको लागि दिईएको)*

सचिव

## अनुसूची ६ (ख)

(परिच्छेद ३ र ४ को प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित)

प्राङ्गारिक उत्पादन गर्ने कृषकले अभिलेख राख्नु पर्ने विवरणहरु

१. उत्पादन योजना,
२. उत्पादन सामाग्री जस्तै वीउ, मल, विषादी आदीको श्रोत, किसिम र परिमाण,
३. प्रयोग गरीएको समय र पटक,
४. उत्पादन गरीएको बाली तथा जात,
५. उत्पादन लागत
६. उत्पादन र बिक्रि परिमाण,
७. बिक्री गरीएको स्थान लगायतका अन्य उत्पादन क्रियाकलापहरु
८. बिक्री मूल्य

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ६ (ग)

(परिच्छेद ३ को प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित)

नमूना प्रदर्शन कार्यक्रममा प्राङ्गारिक उत्पादनका लागि प्राविधिक स्पेशिफिकेशन विवरण (६० रोपनीको जमिनमा खेतीका लागी)

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि.*१ मि.को २ वटा, ३.५ मि.*३ मि. को छाना, कम्तिमा १.५ फिट उचाई र ३००० गडचौला) | १२ |
| २ | कम्पोष्ट मल,वा गहुत संकलनर भकारो सुधार गर्न | भकारोको आकार ७फिट x १५ फिट, गहुँत संकलन ट्याँक १x१x०.५घनमिटर, छाना आदि | १२ |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम २०० लि. को २ वटा | २४ |
| ४ | जैविक विषादी,मित्रजिव खरिद,पालन,प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ |
| ५ | नर्सरी स्थापना वा विउविरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ |
| ६ | सिंचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षाको पानी संकलन पोखरी | १ |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ गुणा ३ वर्ग मि को बोर्ड, अड्याउने टेका सहित | २ |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | १ |
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | १२ |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदि | १ |
| ११ | उत्पादन संकलन तथा ढुवानी | लेवलिङ्ग सहितको क्रेट, ब्यालेन्स आदि | १ |
| १२ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेखिकरण राखे, | १ |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ६ (घ)

### (परिच्छेद ३ को प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित)

नयाँ संरचना निर्माण गरी प्राङ्गारिक उत्पादन कार्यक्रम (१५०० वर्ग मिटर प्लाष्टिक घरमा खेतीको लागि)

| क.सं | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्ला जमिनमा" प्राङ्गारिक उत्पादन "उत्पादक खर्च अनुदानको बुदाँ १ देखि ११ सम्म | १ |
| २ | बाँसको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर | स्पेसिफिकेशन तल तालिकामा दिइएको छ जुन बढिमा व.मि. ३६० हुनेछ | १ |
| ३ | बजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ६ (ङ)

(परिच्छेद ३ को प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित)

**बासको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर निर्माणको स्पेसिफिकेशन**

| क स | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक,इन्सेक्ट नेटर मल्चिङ प्लाष्टिक | ९० GSM वा सो भन्दा बढी को सिल्पोलिन वा २०० माइक्रोनको UV प्लास्टिक Plastic thickness भौगोलिक अनुकुलता बमोजिम तोक्न सकिने |
| | | इन्सेक्ट नेट अनिवार्य लगाउनु पर्ने |
| | | मल्चिङ प्लास्टिक अनिवार्य लगाउनु पर्ने |
| २ | बाँस | खामाका लागि प्रयोग हुने बास नफोडिएको र बाङगोटिङ्गो नभइ सोझो हुनु पर्नेछ |
| | | धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएको हुन सक्नेछ |
| ३ | उचाइ तथा चौडाइ | धुरी खामोको उचाइ ४ मिटर जसमध्ये ६० से.मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | छेउको खामोको उचाइ ३ मिटर जसमध्ये ६० से. मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | चौडाइ आवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसार हुनु पर्ने तर ७ देखी १० मिटर भन्दा बढि हुनु नहुने । |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची ६ (च)

(परिच्छेद ३ को प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित)

पुराना संरचनामा सुधार गरी प्राङ्गारिक खेती कार्यक्रम (१५०० व.मि. टनेलमा खेतीको लागि)

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्लाजमिनमा" प्राङ्गारिक उत्पादन "उत्पादक खर्च अनुदानको बुदाँ १ देखि ११सम्म | १ |
| २ | Insect net लगाउने | टनेललाइ ढाक्ने गरि ४० Meshको UV Protected Insect Net | १ |
| ३ | बजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन बिक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | ३ |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची ६ (छ)

(परिच्छेद ३ को प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रमसँग सम्वन्धित)

**खुल्ला जमिनमा प्राङ्गारिक उत्पादनका लागि प्राविधिक स्पेशिफिकेशन विवरण (पाँच रोपनी खुल्ला जमिनमा खेतीको लागि)**

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि. *१ मि. को २ वटा, ३.५ मि. *३ मि. को छाना, कम्तिमा १.५ फिट उचाई र ३००० गड्यौला) | १ |
| २ | कम्पोष्ट मल,वा गहुत सकलनर भकारो सुधार गर्न | भकारोको आकार ७फिट x १५ फिट,गहुत संकलन ट्यॉक १x१x०.५घनमिटर,छान आदि | १ |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम २०० लि.कोर२वटा | २ |
| ४ | जैविक विषादी,मित्रजिव खरिद,पालन,प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ |
| ५ | नर्सरि स्थापना वा विउ/विरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ |
| ६ | सिंचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षा पानी संकलन पोखरी | १ |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ मी. x ३ व.मि को वोर्ड, अड्याउने टेका सहित | १ |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | |
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | २ |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदी | १ |
| ११ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापको प्रतिवेदन वनाउन र पेश गर्न | १ |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – ७

### (परिच्छेद ३ को फलफूल विकास कार्यक्रमसँग सम्बन्धित)

**नयाँ नर्सरी स्थापना कार्यक्रम सञ्चालनका लागि आवश्यक योग्यता तथा शर्तहरुर नर्सरी धनीले पालना गर्नुपर्ने शर्तहरु**

(क) नर्सरी धनीले मापदण्ड बमोजिमको बालीहरुको जात, बीउ, रुटस्टक, सायनस्टक आदि मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) विभिन्न फलफूल बालीको बीउ, बिरुवाहरु, सायन, रुटस्टक तथा माउबोटको गुणस्तर उल्लेखित तालिकाबमोजिम कायम गरेको हुनु पर्नेछ । माउ बोटको ब्यवस्थापन आफ्नै जग्गामा गरिनु पर्दछ ।

(ग) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम अनुदान प्राप्त गर्ने नर्सरी धनीले अनिवार्य रुपमा बिरुवाबिक्री वितरणको अनुमति पत्र लिई उत्पादित बिरुवा बिक्री वितरण गर्नु पर्नेछ ।

(घ) नर्सरीमा गरिने प्रमुख क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ ।

(ङ) नयाँ स्थापित नर्सरीलाई सम्बन्धित स्थानीय तहमा दर्ता गराउनु पर्नेछ ।

(च) बार्षिक रुपमा नर्सरी धनीले नर्सरी निरीक्षकबाट नर्सरीको निरीक्षण गराई सो को प्रतिवेदन राख्नु पर्नेछ ।

(छ) उत्पादित तथा बिक्री बितरण भएका बिरुवाको अभिलेख राख्नु पर्नेछ र बार्षिक रुपमा राष्ट्रिय फलफूल विकास केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची – ८

(परिच्छेद ३ को फलफूल विकास कार्यक्रमसँग सम्बन्धित)

**बिजु बिरुवा र सायनका लागि प्रयोग गरिने माउबोटको गुणस्तर**

क) नर्सरी धनीले मापदण्ड बमोजिमको बालीहरुको जात, बीउ, रुटस्टक, सायनस्टक आदि मात्र प्रयोग गर्नु पर्नेछ ।

ख) माउबोटहरु शुद्ध जातीय गुण ( Genetically true to type) भएको हुनुपर्ने छ ।

ग) माउबोटको स्रोत र पुस्तेनी विवरण (Pedigree record ) हुनुपर्ने छ ।

घ) रोग कीरा नलागेको हुनुपर्ने छ ।

ङ) जात छुट्याएर ट्यागिङ गरिएको हुनुपर्ने छ ।

च) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको बिरुवा हुनुपर्ने छ ।

छ) सुन्तलाजात फलफूलको हकमा हरेक दुई बर्षमा सायन लिनु अघि पि. सि. आर. परिक्षण वा इन्डेक्सिङ गरि सिट्रस ग्रिनिङ्ग (HLB)र इलाइजा (ELISA)टेस्ट गरि सिट्रस ट्रिष्टिजा भाइरस (CTV)मुक्त छ भने मात्र सायन लिनुपर्ने छ ।

ज) नर्सरीहरुसँग सायन र रुटस्टकको स्वस्थ र गुणस्तरीय श्रोतको व्यवस्था हुनुपर्ने छ ।

झ) सायन लिँदा कम्तीमा २ बर्षदेखि नियमित रुपमा फल फलेको बोटबाट मात्र सायन लिनुपर्दछ र फल नलागेका बोटबाट सायन लिन मिल्नेछैन ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – ९
### (परिच्छेद ३ को फलफूल विकास कार्यक्रमसँग सम्बन्धित)

रुटस्टकका लागि प्रयोग गरिने माउबोटको गुणस्तर

क) माउबोटहरु शुद्ध जातीय गुण ( Genetically true to type) भएको हुनु पर्नेछ ।

ख) माउबोटको स्रोत र पुस्तेनी विवरण (Pedigree record ) हुनुपर्ने ।

ग) रोग कीरा नलागेको र रोग/किरा सहन/अवरोध गर्न सक्ने क्षमता भएको हुनु पर्नेछ ।

घ) जात छुट्याएर ट्यागिङ गरिएको हुनु पर्नेछ ।

ङ) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको बिरुवा हुनु पर्नेछ ।

च) व्यवसायिक रुपमा खेती गरिने जातहरुसँग कलमी गर्न उपयुक्त ( Compatible) हुनुपर्नेछ ।

छ) सुख्खा सहने र माटोजनित रोग सहने क्षमता भएको हुनुपर्नेछ ।

ज) फलमा प्रशस्त मात्रामा बीउ भएको हुनुपर्नेछ ।

सचिव

## अनुसूची -१०

### (परिच्छेद ३ को फलफूल विकास कार्यक्रमसँग सम्बन्धित)

**क) नर्सरीबाट बिक्री गरिने फलफूल पुष्प तथा तरकारी बिरुवाको गुणस्तर मापदण्डः**

(१) काउली समूहका तरकारीबालीका बेर्नाको हकमा नर्सरी क्षेत्र गाँठे रोग (Club Root), प्याजमा बैजनी धब्बा (Purple Blotch), गोलभेंडा तथा अन्य बालीमा जराको जुका (Root Knot Nematode) आदि संक्रामक रोगहरु मुक्त भएको हुनुपर्ने ।

(२) उन्नत जातको विरुवालाई प्राथमिकता दिनुपर्ने र जातीय शुद्धता भएको विरुवा हुनु पर्नेछ ।

(३) कलमी प्रविधि उपयुक्त हुने फलफूलतथा पुष्पवालीको सन्दर्भमा कलमी गरिएको विरुवालाई मात्र प्राथमिकता दिनुपर्ने ।

(४) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ् र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको विरुवा हुनु पर्ने छ भने अन्य फलफूलको हकमा समेत संक्रामक रोग/किरा मुक्त छ भन्ने प्रमाणित भएको विरुवा हुनुपर्ने ।

(५) सुन्तलाजात फलफूलको हकमा नियन्त्रित जालीघर भित्र उत्पादित विरुवालाई प्राथमिकता दिने ।

(६) स्याउको बिरुवाको हकमा काउन गल रोग तथा सानजोस स्केल नभएको हुनुपर्ने ।

(७) अन्य सबै फलफूल,पुष्प तथा तरकारीको हकमा समेत रोग/किराको प्रकोप नभएको स्वस्थ बिरुवा हुनुपर्ने ।

(८) फलफूल, पुष्प तथा तरकारीको माउबोटको गुणस्तर

- माउबोटको स्रोत खुलेको हुनुपर्ने ।
- रोग कीरा नलागेको ।
- जात छुट्याएर ट्यागिङ्ग गरिएको ।

(९) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ् र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको हुनु पर्ने ।

(१०) सुन्तलाजात फलफूलको हकमा हरेक दुई वर्षमा सायन लिनु अघि पि.सि.आर. परिक्षण वा ईन्डेक्सिङ्ग गरि सिट्रस ग्रिनिङ् र सिट्रस ट्रिष्टिजा भाइरसमुक्त छ भने मात्र सायन लिनु पर्ने ।अन्य फलफूलहरुमा समेत रोग/किरा रहित स्वस्थ र उच्च गुणस्तरको माउबोटबाट मात्र सायन लिनुपर्ने ।

**ख) बिभिन्न फलफूलका कलमी बिरुवाहरुको न्यूनतम मापदण्डः**

विरुवाको उमेर र न्यूनतम उचाइ निम्न बमोजिम हुनुपर्नेः-

| क्र.सं. | फलफूलको नाम | कलमी गरेपछिको उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | ओखर (दाँते), पिकानट (चुच्चे ओखर), कागजी बदाम, कटुस, मेकाडेमिया नट, किवी | १–२ | १.५–२ |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क.सं. | फलफूलको नाम | कलमी गरेपछिको उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| २. | स्याउ, नास्पाती, आरु, आरुबखडा, लप्सी | १–२ | २–३ |
| ३. | चेरी, हलुवबेद | १–२ | १.५–३ |
| ४. | सुन्तला, जुनार, किन्नो, खुर्पानी | १–२ | १.५–२.५ |
| ५. | कागती, मुन्तला | १–२ | १-१.५ |
| ६. | निबुवा, भोगटे, चाक्सी, बिमिरो, लौकाट | १–२ | १–२ |
| ७. | आँप, एभोकाडो, रुखकटहर | १–२ | १.५–३ |
| ८. | सपोटा | १–२ | १.५–२ |
| ९. | अंगर, जैतुन | १–२ | १.५–३ |

ग) बिभिन्न फलफूलको बिजु बिरुवाको न्यूनतम मापदण्डः

| क.सं. | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | ओखर (दाँते), | १–३ | १–२ |
| २. | कागजी बदाम, पिकानट (चुच्चे ओखर), निबुवा, रुखकटहर, नरिवल, मेकाडेमिया नट, एभोकाडो, सुपारी, अमला, सरीफा, अम्बा, बयर, बेल, जैतुन, लोक्वाट | १–२ | १–२ |
| ३. | कटुस | २ | १-२ |
| ४. | सुन्तला, काजु | १-२ | १.५-२.५ |
| ५. | कागती, चाक्सी | १–२ | १–१.५ |
| ६. | मेवा (पोलिब्याग) | ४५ दिन | १–१.५ |
| ७. | कफी (पोलिब्याग) | १-१.५ | १-१.५ |

घ) बिभिन्न फलफूलको कटिङ्ग (जरावाल बिरुवा)मापदण्डः

| क.सं. | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | अनार, अंगुर, अंजिर, हेजलनट | १-२ | १.५–२.५ |
| २. | जैतुन | १–२ | १–२ |
| ३. | भुई ऐसेलु (स्ट्रबेरी) | ३–६ महिना | १-१.५ |
| ४. | ड्रागन फ्रुट | ६–१२ महिना | १–१.५ |

ङ) कटिंग र कलमी बाहेक अन्य वानस्पतिक तरिकाबाट उत्पादन गरिएका फलफूलका बिरुवाको मापदण्डः

| क.सं. | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | लिची | १–२ | १–२ |
| २. | अम्बा | १–२ | १.५–२.५ |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| ३. | भुइकटहर | ६ महिना | १ |
| ४. | केरा (सकर्स) | १– ३ महिना | १–२ |
| ५. | केरा (टिस्युकल्चर) | १-१.५ महिना | ०.५–१ |

च) स्क्रिनघर भित्र उत्पादित प्रमाणिकरण गरेको सुन्तलाजात फलफूलको कलमी बिरुवाको मापदण्डः

| क्र.सं. | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | सुन्तला, जुनार | १–२ | १.५–२.५ |
| २. | कागती | १–२ | १–१.५ |

छ) फलफूलको रुटस्टक बिरुवाको मापदण्डः

| क्र.सं. | फलफूलको नाम | उमेर (बर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | स्याउ, लप्सी | १–२ | १.५–२.५ |
| २. | इडी मयल, हाडे ओखर, हलुवावेद, क्रेब एप्पल, तिनपाते सुन्तला, सिट्रेन्ज, ज्यामिर, आरु (स्थानीय), किवी, जैतुन, कागजी बदाम, स्थानिय खुर्पानी | १–२ | १–२ |
| ३. | आँप | ८-१० महिना | १–२ |
| ४. | चेरी | १–२ | १.५–३ |

ज) विभिन्न फलफूलका कलमी विरुवा उत्पादनको लागि प्रयोग गरिने हाँगा (सायनस्टीक) कोमापदण्डः

| क्र.सं. | फलफूलको नाम | सायनलिने हाँगाको उमेर (महिना) |
|---|---|---|
| १ | स्याउ, नासपाती, आरु, आरुबखडा, किवीफ्रुट, ओखर, चुच्चेओखर, लप्सी, हलुवावेद, कागजी बदाम, चेरी | ८-१२ |
| २ | सुन्तला, जुनार, कागती, भोगटे, मुन्तला, एभोकाडो, जैतुन, आँप, अनार, अंगुर | ६-१२ |

झ) बिभिन्न सिजनल फूलको न्यूनतम मापदण्डः हिँउदे

| क्र.सं. | सिजनल फूलको नाम | उमेर (दिन) | पोलि साईज (ईन्च) | |
|---|---|---|---|---|
| | | | सानो | ठूलो |
| १ | पिटुनिया सिंगल, एन्टरिनियम (भ्यागुते फूल) पिटुनियाडबल, डायन्थस, भर्बेना, कार्नेसन | ३५ | ३/४ | ७ |
| २ | गजानिया, एक्युलेजीया, रठवेकिया, रेनन्कुलस, क्याल्सेरिया, प्रिमुला, एक्य, डयाफोडिल | ६० | " | " |
| ३ | क्यालेन्डुला, प्यान्जी (पुतली फूल) | २१ | " | " |
| ४ | सिनेरिया, डेजि | ५० | " | " |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | सिजनल फूलको नाम | उमेर (दिन) | पोलि साईज (ईन्च) | |
|---|---|---|---|---|
| | | | सानो | ठूलो |
| ५ | स्टक | २१ | " | " |
| ६ | फ्क्स, मिसीमब्रान्थेमम्, एलिसम, पपी, लुपिन | २८ | " | " |
| ७ | मिमुलस, निकोटिना | ४५ | " | " |
| ८ | फ्रिजिया, स्वीट विलियम | ३० | " | " |
| ९ | स्वीट पि (केराउ फूल) | २० | " | " |
| १० | कोचिया | २५ | " | " |

ञ) बिभिन्न सिजनल फूलको न्यूनतम मापदण्डः बर्षे

| क्र.सं. | सिजनल फूलको नाम | उमेर (दिन) | पोलि साईज (ईन्च) | |
|---|---|---|---|---|
| | | | सानो | ठूलो |
| १ | सयपत्री, जिनीया, गोदावरी, पोर्चुलाका, मखमली, आस्टर, पेन्टिनिथम, भिन्का, कसमस, सेलोसिया | ३० | ३/४" | ७ |
| २ | डालिया (लाहुरे फूल), सनफ्लावर, आईरिस, नस्टासियम, ग्ल्याडुलस, बालसम, सुर्यमुखी | २५ | " | " |
| ३ | सालभिया, सेलोसिया, इम्पेशन | ३५ | " | " |
| ४ | बिगुनिया, क्याना | ४५ | " | " |
| ५ | पेपरमुन | ४० | " | " |

ट) बिभिन्न सदाबहार आलंकारिक (फूल फूल्ने) बिरुवाहरुको न्यूनतम मापडण्ड

| क्र.सं. | बिरुवाको नाम | उमेर (महिना/बर्ष) | गमलाको साईज (ईन्च) |
|---|---|---|---|
| १ | अर्किड | २ बर्ष | ८ |
| २ | गुलाफ, टुपिडेन्थस, एन्थोरियम | ४ महिना | ८ |
| ३ | गोदावरी, पारिजात, जाई जुही, बेगुनिया | ३ महिना | ८ |
| ४ | इन्द्रकमल, निर्जाई, एजेलिया | ६ महिना | ८ |
| ५ | क्यामेलिया, बगनबेली | ९ महिना | ८ |
| ६ | कल्कि, साईक्लामीन, लिली, मुसुण्डा | २ महिना | ८ |
| ७ | क्लिबिया | ३५ दिन | ८ |
| ८ | हीबिसकस | ४५ दिन | ८ |
| ९ | लालुपाते | ३० दिन | ८ |



सचिव

ठ) बिभिन्न सदाबहार आलंकारिक (फूल नफूल्ने) बिरुवाहरुको न्यूनतम मापदण्डः

| क्र.सं. | बिरुवाको नाम | उमेर (महिना/बर्ष) | गमलाको साईज (ईन्च) |
|---|---|---|---|
| १ | धुपी, साइकस, क्यालाडियम | ३ महिना | ८ |
| २ | समी, ड्रेसिना, म्यापल, आरकेरिया | २ महिना | ८ |
| ३ | पाम, एरिका, ड्रेसिना, फोनेक्स | ४ महिना | ८ |
| ४ | चामाडोरा, सिपोटिया | ५ महिना | ८ |
| ५ | स्याम्पेन पाम, रेक्सुना | ६ महिना | ८ |
| ६ | कपुर | ८ महिना | ८ |
| ७ | फेलोडेनड्रोन | ९ महिना | ८ |
| ८ | पिपल | ३० दिन | ८ |
| ९ | क्याक्टस | २ बर्ष | ८ |

ड) बिभिन्न आलंकारिक (Indoor) बिरुवाहरुको न्यूनतम मापदण्डः

| क्र.सं. | आलंकारिक ईनडोर बिरुवाको नाम | उमेर (दिन) | उचाई (से.मी.) |
|---|---|---|---|
| १ | स्नेक प्लान्ट | ४५ | २० |
| २ | सिफोटिया, एलोभेरा, सेलाम | ४५ | ३० |
| ३ | फिलोडेन्ड्रन, पिसलीली, क्यालाथिया | ४५ | २५ |
| ४ | कुट सिमल/सेफेलिया | ४५ | १५ |
| ५ | सिउँदी | ४५ | ५ |
| ६ | च्यामाडोरा | ६० | ३० |

ढ) बिभिन्न आलंकारिक (Outdoor) बिरुवाहरुको न्यूनतम मापदण्डः

| क्र.सं. | बिरुवाको नाम | उमेर बर्ष | उचाई (से.मी.) |
|---|---|---|---|
| १ | बगम बेली, रक्त पुष्पी/घन्टी फूल | ६० | ३० |
| २ | धुपी, फिस्तेल पाम, क्यान्टिया पाम | ७५ | ३० |
| ३ | जाइ, टेकोमा | ६० | ४५ |
| ४ | पारिजात | ४५ | ३० |
| ५ | करवीर, फ्लावरीङ्ग पीच | ४५ | ४५ |

ण) बिभिन्न तरकारी बालीका बेर्नाको गुणस्तर मापदण्ड

| क्र.सं. | बाली समुह | बेर्नाको उमेर (उम्रेपछि-दिन)/अवस्था |
|---|---|---|
| १ | काउली समुह | २१-२८ दिन/४-५ पाते |
| २ | सागबाली समूह | २१-२८ दिन/४-५ पाते |



सचिव

| क्र.सं. | बाली समुह | बेर्नाको उमेर (उम्रेपछि-दिन)/अवस्था |
|---|---|---|
| ३ | लहरे तरकारी समूह | २८-३५ दिन/४-५ पाते |
| ४ | प्याज | ४०-५० दिन |
| ५ | फल तरकारी समूह, खुर्सानी | २१-२८ दिन/४-५ पाते |
| ६ | कुरिलो | ६०-८० दिन |

त) अलैंची बिरुवाको गुणस्तर मापदण्डः

| क्र.सं. | बालीको नाम | उमेर | उचाई (फिट) |
|---|---|---|---|
| १ | अलैंची बिरुवा/बेर्ना (दोस्रो नर्सरी पछि) | ३३-३५ महिना | १.५-२ |
| २ | अलैंची बिरुवा (Sucker) | १ बर्ष | |
| ३ | अलैंची बिरुवा (Tissue Culture) | १बर्ष (प्रयोगशालाबाट निकाले पछि) | |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची -११

### (परिच्छेद ३ को कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सँग सम्बन्धित)

**विभिन्न कृषि उपज बजारहरुको निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारहरु**

| क्र.सं | बजारस्थलको प्रकार | न्यूनतम आवश्यक क्षेत्रफल | | प्राथमिकता प्राप्त पूर्वाधारहरु |
|---|---|---|---|---|
| | | तराइ | पहाड | |
| १. | थोक बजार | १.५ विगाहा | १ विगाहा | कम्पाउण्ड वाल, सटरहरु, एप्रोच रोड, शौचालय, स्थानीय तह, सूचना केन्द्र, स्टोर/गोदाम, खानेपानी |
| २. | खुद्रा बजार | २ कट्ठा | १.५ कट्ठा | स्टल, स्टोर, खानेपानी, शौचालय |
| ३. | संकलन केन्द्र | ३ कट्ठा | १.५ कट्ठा | सेड, तौलिने सुविधा, स्टल, स्टोर,सूचना संचार सुविधा |
| ४. | हाट बजार (संकलन केन्द्र सहितको) | १० कट्ठा | ४.५ कट्ठा | सेड, शौचालय, खानेपानी, सूचना संचार सुविधा |
| ५. | हाट बजार (संकलन केन्द्र बाहेकको) | ७ कट्ठा | ४ कट्ठा | सेड, शौचालय, खानेपानी |

**ठूला कृषि उपज बजार निर्माणका लागि न्यूनतम आवश्यक जग्गा सम्बन्धी विवरण**

(१) काठमाडौं उपत्यका वाहिर एकीकृत कृषि बजार पूर्वाधार विकासका लागि तराईमा कम्तिमा ३ हेक्टर र पहाडमा कम्तिमा १ हेक्टर जग्गा उपलब्ध हुनुपर्नेछ । साना बजारहरुको हकमा कम्तीमा १ हेक्टर जग्गा हुनु पर्नेछ । तर काठमाण्डौ उपत्यकामा निर्माण गरिने कृषि उपज बजार स्थलको लागि केन्द्रसँगको समन्वयमा प्रस्तावित वजार निर्माणका लागि छनौट गरेको जग्गाको क्षेत्रफल प्राविधिक रुपले उपयुक्त रहेमा बजार संरचना निर्माण गर्न सकिनेछ ।स्थानिय तहबाट निर्माण गर्ने बजारको IEE तथा नक्शा पास समेत ताहाबाटै गर्ने ।

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

## अनुसूची-१२

(परिच्छेद ३ को निजीस्तरमा च्याउ बीउ उत्पादन केन्द्र स्थापना कार्यक्रमसँग सम्बन्धित)

### निजीस्तरमा च्याउ बीउ उत्पादन केन्द्र स्थापना कार्यक्रमका लागि न्यूनतम प्राविधिक स्पेशिफिकेशन

| क्र.सं. | विवरण | न्यूनतम स्पेसिफिकेशन | न्यूनतम परिमाण |
|---|---|---|---|
| १ | च्याउ उत्पादन गर्ने प्रयोगशाला भवन निर्माण | भुँइको क्षेत्रफल ६०० वर्ग फिट (Preparation room 1, Autoclave room 1, Inculation room 1, AC room 1) | १ |
| २ | मेशीनरी औजार उपकरण | | |
| २.१ | Autoclave | ५० केजी गहुँको दाना अटाउन सक्ने | १ |
| २.२ | Laminar flow | ४ फिट लम्वाई २ फिट चौडाइ भएको | १ |
| २.३ | Incubator | २ फिट लम्वाई २ फिट चौडाइ भएको | १ |
| २.४ | Refrigerator | 200 lit Capacity, double door system | १ |
| २.५ | Weighing balance | 200 Kg weighing capacity | १ |
| २.६ | Electric weigh balance | 1 digit (0.1 mg) Capacity | १ |
| २.७ | Hot plate with magnetic stirer | | १ |
| २.८ | Hot air oven | | १ |
| २.९ | Inoculation needle | | २ |
| २.१० | Surgical blade set | | २ |
| ३ | Chemicals | | |
| ३.१ | PDA | Kg | १ |
| ३.२ | Agar | Kg | १ |
| ३.३ | Dextrose | Kg | १ |
| ३.४ | Malt Extract Powder | Kg | १ |
| ३.५ | Calcium Carbonate | Kg | २५० |
| ३.७ | Calcium Sulphate | Kg | ५०० |
| ३.८ | Formalin | Lit | १० |
| ३.९ | Spirit | Lit | २० |
| ४ | Glasswares | | |
| ४.१ | Plastic Petridish | 10 cm diameter | १००० |
| ४.२ | Conical flask | 500 ml | १० |
| ४.३ | Test tube | 50 ml | १०० |
| ४.४ | Measuring cylinder | 500 ml | २ |
| ४.५ | Beaker | 100 ml- 2, 200 ml- 2 500 ml- 2 | ६ |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची -१३

### (परिच्छेद ३ को निजीस्तरमा मौरी श्रोत केन्द्र स्थापना कार्यक्रमसँग सम्बन्धित)

### निजीस्तरमा मौरी श्रोत केन्द्र स्थापना कार्यक्रमका लागि न्यूनतम प्राविधिक स्पेशिफिकेशन

| क्र.सं. | विवरण | न्यूनतम स्पेसिफिकेशन | न्यूनतम परिमाण |
|---|---|---|---|
| १ | घार निर्माण गर्ने कारखाना सेड निर्माण | ५० वर्ग मिटर | १ |
| २ | घार निर्माण गर्ने औजार उपकरण | | |
| २.१ | Table circular saw | | १ |
| २.२ | साइजर मेशिन | 12 inch size | १ |
| २.३ | Table plainer or hand plainer (रन्दा मेशिन) | | १ |
| २.४ | Hand driller machine | | १ |
| ३ | आधार चाका बनाउने कोठा, तथा अन्य सामाग्री भण्डारण गर्ने सेड | ५० वर्ग मिटर | १ |
| ४ | आधार चाका निर्माण गर्ने उपकरण | | |
| ४.१ | मेलीफेराको आधार चाका निर्माण गर्ने रोलर मेशीन | | १ |
| ४.२ | सेरेनाको आधार चाका निर्माण गर्ने रोलर मेशीन | | १ |
| ४.३ | मैन पगाल्ने इलेक्ट्रीक भाँडा | | १ |
| ४.४ | मैन पाता बनाउने उपकरण | काठ वा सिसाको | १ |
| ५ | रानु उत्पादन गर्ने उपकरण | | |
| ५.१ | Dipping rod | ९-१० mm गोलाई, ५-६mm डुबाउने भाग भएको काठको रड | ५ |
| ५.२ | Grafting needle | प्लाष्टिक वा चाँदीको | ५ |
| ५.३ | Magnifier set | 1.2X, 1.8X, 2.5X, 3.5X चारवटा लेन्सहरु भएको | १ |
| ५.४ | Queen Rearing set | | ५ |
| ५.५ | Grafting frame | | |
| ५.५.१ | मेलिफेरा मौरीको लागि | चौडाई २२ mm, मोटाई १०mm भएको काठको लम्वाई ४८०mm र उचाई २३०mm भएको । | १० |
| ५.५.२ | सेरेना मौरीको लागि | चौडाई १९ mm, मोटाई १०mm भएको काठको लम्वाई ३४५mm र उचाई १८०mm भएको । | १० |
| ५.६ | Queen cup | Packet | ५ |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

| क.सं. | विवरण | न्यूनतम स्पेसिफिकेशन | न्यूनतम परिमाण |
|---|---|---|---|
| ५.७ | Mating hives | | १०० |
| ५.८ | Nucleus hives | ५ फ्रेम अटाउने घार | २० |
| ५.९ | Queen cell protector | | ५ |
| ५.१० | Queen cages | | १०० |
| ५.११ | क्वीन गेट निर्माण गर्ने डाइ | | १ |
| ५.१२ | पञ्जा घुम्टी सिलाउने मेशिन | | १ |

सचिव

### अनुसूची-१४

### कष्टम हायरिङ्ग सेन्टरमा उपलब्ध गराइने कृषि यन्त्रहरुको विवरण

| क स | कृषि यन्त्रहरु | कैफियत |
|---|---|---|
| १ | ट्रयाक्टर | स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार |
| २ | ल्याण्ड लेभलर | |
| ३ | धान रोप्ने मेशिन | |
| ४ | झार गोड्ने मेशिन | |
| ५ | सिड ड्रिल | |
| ६ | स्क्रिन हाउस | |
| ७ | पडलर | |
| ८ | ड्रम सिडर | |
| ९ | नर्सरी ट्रे | |
| १० | पावर विडर | |
| ११ | नर्सरी सिड मेशिन | |
| १२ | ट्रयाक्टरमा जडित पावर स्प्रेयर | |
| १३ | ह्याप्पी सिडर | |
| १४ | Attachments सहितका पावर टिलर | |
| १५ | माग र आवश्यकताका आधारमा अन्य कृषि यन्त्रहरु | |

सचिव

## अनुसूची-१५

## धान मिल मोडल कार्यक्रमको लागि सूचिकृत हुन दिनु पर्ने निवेदनको ढाँचा

श्री ..................                                                                 **मितिः** ..............................

...........................

विषयः सूचिकृत गरि दिने बारे ।

उपरोक्त सम्वन्धमा त्यस कार्यालयको मिति..............................................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम ......................................................................गाउँ पालिका/नगरपालिका क्षेत्रमा धान मिल मोडल कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले सो कार्यक्रम कार्यान्वयनको लागि सूचिकृत हुन पाउँ भनि तपसिलका कागजात सहित यो निवेदन पेश गरेको छु ।

<u>निवेदक</u>

निवेदकको नामः...............................

दस्तखतः...............................

मिलको

नामः...............................

ठेगानाः...............................

तपसीलः

१. मिल दर्ता प्रमाण पत्रको प्रतिलिपी

२. धान खरिद गरिने उत्पादन क्षेत्रः ..............................गाउँपालिका/नगरपालिका, वडा नं.............

३. मिलको क्षमताः

४. गत आ.व.को कारोबार परिमाण (क्विन्टल):

क) धान खरिदः                    ख) चामल विक्रि परिमाणः

५. गोदाम/भण्डारण क्षमताः

६. खरिद गर्न इच्छुक धानको परिमाणः जातः......................................परिमाणः...........क्विन्टल

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूची-१६

## सूचिकृत मिलले धान मिल मोडल कार्यक्रममा सहभागी हुन पेश गर्नु पर्ने आवेदनको ढाँचा

श्री ..................  मितिः

........................................

..........................

**विषयः धान मिल मोडल कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे ।**

उपरोक्त सम्वन्धमा धान मिल मोडल कार्यक्रममा सहभागी हुन इच्छुक भइ सूचिकृत समेत भएकोले त्यस कार्यालयको मिति...............................................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम सो कार्यक्रममा सहभागी हुन पाउँ भनि तपसिलका कागजात एवं विवरण सहित यो निवेदन पेश गरेको छु ।

निवेदक

निवेदकको नामः..................................

दस्तखतः..................................

मिलको

नामः..................................

ठेगानाः..................................

तपसीलः

१. मिल दर्ता प्रमाण पत्रको प्रतिलिपी

२. भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी

३. गत आ.व. को कर चुक्ता प्रमाण पत्र

४. खरिद गरिने धान सम्वन्धि विवरण

| क्र.स. | खरिद गरिने धानको जात | धान खरिद गर्ने उत्पादन क्षेत्र | खरिद गर्ने परिमाण | | खरिद मूल्य प्रति क्विन्टल | |
|---|---|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम् | न्यूनतम | अधिकतम् |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

५. लागत साझेदारी/सहलगानी सम्वन्धि विवरण

| क. स. | लगानीका क्षेत्रहरु | प्रस्तावित क्रियाकलापहरु | निकायले वेहोर्ने प्रस्तावित रकम | प्रस्तावक धान मिलले व्यहोर्ने प्रस्तावित रकम |
|---|---|---|---|---|
| १ | मिलको स्तरोन्नती | | | |
| | | | | |
| | | | | |
| २ | कृषि प्राविधिक परिचालन | | | |
| | | | | |
| | | | | |
| ३ | कृषि प्रविधि प्रसार र कृषक तालिम | | | |
| | | | | |
| | | | | |
| ४ | मसिना धान खरिद तथा विक्रिको लागि प्रोत्साहन अनुदान | | | |
| | | | | |
| | | | | |
| ५ | अन्य (खुलाउने) | | | |
| | | | | |
| | | | | |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूची-१७

**कार्यक्रममा सहभागी हुने धान मिल छनौटको लागि मूल्याङ्कनका आधारहरु**

| क. स. | मूल्याङ्कनको क्षेत्र | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | प्रस्तावको मूल्याङ्कन (कार्यक्रमको उद्धेश्य बमोजिम लागत साझेदारी/सहलगानीको प्रस्ताव, धान खरिद गर्ने जात, परिमाण, मिलको क्षमता र प्रस्तावित प्रति इकाई मूल्य, मिल र धान खरिद गरिने उत्पादन क्षेत्रको अवस्थिति वा पायक पर्ने/नपर्ने) | ४० | |
| २ | मिलको विगतको कारोबार र गुडविल | १५ | |
| ३ | कार्यक्रमको दिगोपनाको सम्भावना | १० | |
| ४ | मिलको लगानी र व्यवस्थापन क्षमताको वर्तमान अवस्था | १५ | |
| ५ | सञ्चालक वा प्रस्तावक संगको अन्तरबार्ता | १० | |
| ६ | मिलको इन्नोभेटिभनेस् र डाइनामिजम् को अवस्था र सम्भावना | १० | |
| | **जम्मा** | १०० | |

सचिव

श्री तथा गरुड्ची विकास मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाण्डौ

## अनुसूची-१८

### आगामी आर्थिक बर्षको लागि आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा

### (स्थानीय तहको प्रयोजनको लागि)

१. आयोजना/कार्यक्रमको परिचय

(क) आयोजना/कार्यक्रमको नाम:

(ख) लक्ष्य

(ग) उद्देश्य

(घ) कार्यान्वयन अवधि:

शुरु (आ.व.)                समाप्ति (आ.व.)

(ङ) कार्यान्वयन हुने स्थान

जिल्ला: ................ स्थानीय तहको नाम: ............... टोल:.................... वडा नं:.........

२. आयोजना/कार्यक्रमको कुल लागत

(क) विकास तथा निर्माण लागत रु.:

(ख) कृषि उत्पादन सामाग्रीसहयोग लागत रु.

(ग) प्रविधि तथा प्राविधिक सहयोग लागत रु.

(घ) आयोजना/कार्यक्रम सञ्चालनन लागत रु.

३. लागत साझेदारीको वित्तीय स्रोत

(क) संघीय सरकार

(ख) प्रदेश सरकार

(ग) स्थानीय तह

४. अपेक्षित प्रतिफल

५. आयोजना/कार्यक्रमको प्रमुख क्रियाकलापहरु

६. आयोजना/कार्यक्रमको वित्तीय तथा आर्थिक विश्लेषण

७. आयोजना/कार्यक्रम कार्यान्वयन तथा खर्च योजना

८. आयोजना/कार्यक्रम कार्यान्वयनमा आवश्यक जनशक्ति

९. आयोजना/कार्यक्रम सञ्चालनन प्रस्ताव

१०. सञ्चालनन प्रबन्ध

(क) लागत खर्च अनुमान

(ख) सम्भावित आय आर्जन

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची-१९

## आयोजना प्रस्ताव (Project Proposal) को सूची पठाउने फारमको ढाँचा

## (प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रयोजनको लागि)

| क सं | प्रदेश | जिल्ला | स्थानीय तह | कार्यक्रमको नाम | प्रमुख क्रियाकलापहरु | अपेक्षित प्रतिफल | कार्यक्रम सञ्चालनन हुने अवधि | अनुमानि लागत | लागत साझेदारी श्रोत | | | सशर्त अनुदान कार्यक्रम माग गर्नुको जायज कारणहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | संघीय मन्त्रालय | प्रदेश मन्त्रालय | स्थानीय तह | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयार गर्नेको दस्तखत

सिफारिस गर्नेको दस्तखत

सचिव